जेठ - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क ४ | २०८१ जेठ १६-३२ | पूर्णाङ्क ७६६



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत - अध्यक्ष**
**मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत - सदस्य**
**नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, महान्यायाधिवक्ताको कार्यालय - सदस्य**
**रजिस्ट्रार श्री विमल पौडेल, सर्वोच्च अदालत - सदस्य**
**अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन - सदस्य**
**वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय - सदस्य**
**सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री कृष्णबहादुर तामाङ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १ |
| इजलास नं. २ | ८ |
| इजलास नं. ३ | २१ |
| इजलास नं. ४ | २ |
| **जम्मा** | **३२** |

| | |
|---|---|
| इजलास नं. ६ | ५ |
| इजलास नं. ७ | १ |
| इजलास नं. ८ | ३ |
| इजलास नं. | |
| इजलास नं. | |
| **जम्मा** | **९** |

**कूल जम्मा ३२ + ९ = ४१**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, जेठ – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.१५०** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - १** |
| १. | अपहरण तथा शरीर बन्धक लिई जबरजस्ती करणी | अनवर सदा मियाँ वि. नेपाल सरकार | १ |
| **इजलास नं. २** | | | **१ - १०** |
| २. | नापी निर्णय टिप्पणी आदेश बदर | सुन्तला खड्कासमेत वि. मोहनकाजी धौगोदा, मोहनकाजी धौगोदा वि. सुन्तला खड्कासमेत | १ |
| ३. | बन्दी प्रत्यक्षीकरण | गोविन्दलाल श्रेष्ठ वि. श्री काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंसमेत | ३ |
| ४. | कुटपिट अङ्गभङ्ग | बलराम यादवसमेत वि. नेपाल सरकार | ४ |
| ५. | अदालतको अपहेलना | जगतमाया श्रेष्ठसमेत वि. काठमाडौं महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंसमेत | ६ |
| ६. | बन्दी प्रत्यक्षीकरण | विष्णुबहादुर थापा क्षेत्री वि. श्री उच्च अदालत जनकपुर,वीरगन्ज इजलाससमेत | ७ |
| ७. | टिप्पणी आदेश बदर दर्ता बदरसमेत | विनय यादवसमेत वि. जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वार्ड नं. १ स्थित नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड केन्द्रीय कार्यालयसमेत | ८ |
| ८. | जग्गा खिचोला | नथुनी टरैत वि. तेजनारायण गुरमैता यादवसमेत | ९ |
| ९. | उत्प्रेषणयुक्त परमादेश | सुरेश सिलवाल वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | १० |
| **इजलास नं. ३** | | | **१० - ३६** |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. किरण भन्ने शुक्रबहादुर राई | १० |
| ११. | लगत हक कायम दर्ता लगत कायम | हरिकिसुन साह वि. विरवलप्रसाद इसर | १२ |
| १२. | उत्प्रेषण | साबित्रीदेवी माडवारीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १३ |

| | | | |
|---|---|---|---|
| १३. | अंश चलन | लालबहादुर कार्की वि. झम्कबहादुर कार्की | १४ |
| १४. | उत्प्रेषण | शवनम शिवाकोटी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | १५ |
| १५. | उत्प्रेषण / परमादेशसमेत | दिल्ली पब्लिक स्कुलसमेत वि. श्रम अदालत, अनामनगर, काठमाडौंसमेत | १५ |
| १६. | उत्प्रेषणसमेत | प्रकाश पोखरेलसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नक्साल काठमाडौंसमेत | १७ |
| १७. | जबरजस्ती करणी | गोकर्ण सिंजाली मगर वि. नेपाल सरकार | १९ |
| १८. | सवारी ज्यान र सवारी अङ्गभङ्ग | नेपाल सरकार वि. विष्णु कार्की | २० |
| १९. | उत्प्रेषणसमेत | गणशेखर श्रेष्ठ वि. प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालय, कानून शाखाका वरिष्ठ प्रहरी उपरीक्षकसमेत | २१ |
| २०. | उत्प्रेषण | नितिस कुमार सिंह वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | २२ |
| २१. | ठगी | नेपाल सरकार वि. अजयकुमार सत्यालसमेत | २४ |
| २२. | किर्ते | सुरेन्द्र पुन वि. युनाइटेड बचत तथा ऋण सहकारी संस्था लि.समेत | २६ |
| २३. | सरकारी छाप र दस्तखत किर्ते | प्रेमबहादुर योञ्जन वि. नेपाल सरकार | २७ |
| २४. | जबरजस्ती करणी | असफाक अन्सारी वि. नेपाल सरकार | २८ |
| २५. | उत्प्रेषणसमेत | हरिबहादुर शाह वि. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ३० |
| २६. | जबरजस्ती करणी | रामबहादुर अधिकारी वि. नेपाल सरकार, निरप्रसाद दुलाल वि. नेपाल सरकार, रामकृष्ण दुवाडी वि. नेपाल सरकार | ३१ |

| | | | |
|---|---|---|---|
| २७. | अदालतको अवहेलना | मेघराज साह तेली वि. मालपोत कार्यालय पर्सा वीरगन्जका प्रमुख मालपोत अधिकृत | ३३ |
| २८. | कुटपिट | लक्ष्मी राय यादव वि. रामनारायण राय यादव | ३४ |
| २९. | नागरिकता बदर | भगवानदिन यादव (अहिर) वि. काशीराम अहिरसमेत | ३५ |
| ३०. | जबरजस्ती करणी | श्रवण यादव वि. नेपाल सरकार | ३६ |
| **इजलास नं. ४** | | | **३७ – ३९** |
| ३१. | उत्प्रेषणयुक्त परमादेश | मखमली सापकोटा वि. भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजार काठमाडौंसमेत | ३७ |
| ३२. | लेनदेन | रामेश्वरप्रसाद कोइराला वि. सर्मिला सुनार | ३८ |
| **इजलास नं. ६** | | | **३९ – ४६** |
| ३३. | अंश चलन | रत्नकुमारी मानन्धरसमेत वि. प्रमिला मानन्धर | ३९ |
| ३४. | उत्प्रेषणसमेत | अश्विन भट्टराई वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ४१ |
| ३५. | निर्णय बदर हक कायमसमेत | बलराम महर्जन वि. जयराम महर्जन | ४२ |
| ३६. | लेनदेन | वकीलप्रसाद यादव वि. विनोदकुमार | ४३ |
| ३७. | कर्तव्य ज्यान | लालसरी बुढामगर वि. नेपाल सरकार | ४४ |
| **इजलास नं. ७** | | | **४६ – ४८** |
| ३८. | अंश चलन | केशरकुमारी श्रेष्ठ (थापा) वि. कालुमाया के.सी. (श्रेष्ठ) समेत, कालुमाया के.सी. (श्रेष्ठ) समेत वि. केशरकुमारी श्रेष्ठ (थापा) | ४६ |
| **इजलास नं. ८** | | | **४८ – ५२** |
| ३९. | उत्प्रेषण / परमादेश | इन्द्रिदेवी पुन मगर वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ४८ |
| ४०. | हक सफा | गोरखबहादुर बुढाथोकीसमेत वि. कृष्णबहादुर सिं राठोर | ४९ |
| ४१. | ज्यान मार्ने उद्योग तथा कुटपिट अङ्गभङ्ग | बासुराम खत्रीसमेत वि. नेपाल सरकार, विकास के.सी. वि. नेपाल सरकार | ५१ |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री नहकुल सुवेदी**, *०७६-CR-०९११, अपहरण तथा शरीर बन्धक लिई जबरजस्ती करणी, अनवर सदा मियाँ वि. नेपाल सरकार*

पीडितले सुरू अदालतमा बकपत्र गर्दा "अनवर भन्ने अङ्कलले मेरा लगाएका कपडा खोलिदिई आफूले पनि खोली ममाथि चढी मेरो ओठमा आफ्नो जिब्रो लगाई मेरो छातीको बुबु समाती छातीमाथि टोकी मेरो सुसुमा आफ्नो सुसु गर्ने छिराउनु भएको हो । यी प्रतिवादी अङ्कलले मलाई राम्रोसँग पढाउँछु भनी फकाएर ल्याई जबरजस्ती करणी गर्नुभएको हो" भनी जाहेरी बेहोरालाई समर्थन हुने गरी बकपत्र गरेको पाइन्छ । जबरजस्ती करणीको कसुरमा पीडितको शरीर नै वारदातस्थल हो । पीडितले बकपत्र गर्दा अभिव्यक्त कथन शारीरिक परीक्षण प्रतिवेदन र मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भएको अवस्थामा पीडितको बकपत्रलाई प्राथमिक प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने ।

पीडितले जाहेरी बेहोरालाई समर्थन गरी अदालतमा गरेको बकपत्र, पीडितको बुवा टेकबहादुर वि.क. लगायत घटना विवरण कागज गर्ने व्यक्तिहरूले मौकामा गरेको कागजलाई समर्थन गरी अदालतमा गरेको बकपत्र, स्वास्थ्य परीक्षण प्रतिवेदन तथा स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले अदालतसमक्ष गरेको बकपत्रसमेतबाट यी प्रतिवादी अनुवार मिया, अनवर सदा मियाँ भन्ने शाहले पीडित परिवर्तित नामथर अर्घाखाँची ४८(P) लाई अपहरण गरी शरीर बन्धक लिई जबरजस्ती करणी गरेको पुष्टि हुने ।

प्रतिवादी अनुवार मिया, अनवर सदा मिया भन्ने शाह जाहले पीडित परिवर्तित नामथर अर्घाखाँची ४८(P) लाई अपहरण गरी शरीर बन्धक लिई जबरजस्ती करणी गरेको पुष्टि भएबाट पुनरावेदक निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम वर्ष ८(आठ) कैद र रू.१,००,०००।– (एक लाख) जरिवाना, ऐ.९ नं. ले थप २ वर्ष कैद र ऐ.१२ नं. ले पीडितलाई प्रतिवादीबाट रू.१,०००।– (एक हजार) भराइदिने तथा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम १० (दश) वर्ष कैद हुने र सोही महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई रू.१,००,०००/- (एक लाख) क्षतिपूर्तिसमेत भराइदिने गरी सुरू अर्घाखाँची जिल्ला अदालतबाट मिति २०७४।१२।२७ मा भएको फैसला सदर हुने गरी भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७६।१।३ मा भएको फैसला मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९नं. बमोजिम हुने थप दुई वर्ष कैद सजायमा थप गर्न नमिल्ने भई सो हदसम्म थप सजाय कार्यान्वयन नहुने गरी अरूमा मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : राजकुमार दाहाल, सदिक्षा नेपाल
कम्प्युटर : चन्दनकुमार मण्डल
इति संवत् २०८० वैशाख १० गते रोज १ शुभम् ।

## इजलास नं.२

**२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७२-CI-०१२१, ०७३-CI-१६८५, नापी निर्णय टिप्पणी आदेश बदर, सुन्तला खड्कासमेत वि. मोहनकाजी धौगोदा, मोहनकाजी धौगोदा वि. सुन्तला खड्कासमेत*

वादीको नाममा साबिक कि.नं. ११०८ र प्रतिवादीहरूको नाममा साबिक कि.नं. ९७७ रहेको कुरामा वादी र प्रतिवादीहरूबिच विवाद देखिँदैन । वादीको नाममा रहेको साबिक कि.नं. ११०८ मा ०-३-०-० जग्गा र प्रतिवादीको नाममा रहेको साबिक कि.नं. ९७७ मा ०-२-०-० जग्गा रहेको तथ्य मिसिल संलग्न दर्ता स्रेस्ताको प्रतिलिपिबाट देखिन्छ । रेकर्ड मिसिल संलग्न नापी कार्यालय चावहिलको च.नं. १७७, मिति २०७०।४।१५ को पत्रमा साबिक गा.वि.स. कपन वडा नं.१घ को कि.नं. ११०८ हाल कपन १ सिट नं. १०२-०९८८-२२ को कि.नं. २३२, २३३ र २३४ मध्ये भिड्ने, साथै साबिक कि.नं. ९७७ को जग्गा हाल कि.नं. २३५ मध्ये भिड्ने देखिएको भनी बेहारा खुलेको देखिने।

पुनरावेदन अदालत पाटनबाट मिति २०७१।७।२१ मा भएको नक्साको न.नं. ४ साबिक सर्भे नक्सा अनुसार कि.नं. ११०८ को पुनरावेदक वादी मोहनकाजी धौगोदाको हाल फिल्डमा गोरेटो बाटो भएको ०-०-०-१ जग्गा, न.नं. ६ साबिक सर्भे नक्सा अनुसार खोला हाल नयाँ नापीको नक्सा अनुसार कि.नं. २३३ को प्रत्यर्थी कृष्णप्रसाद नेपालको भोगमा रहेको ०-०-१-२ जग्गा, न.नं. ९ साबिक सर्भे नक्सा अनुसार कि.नं. ११०८ को पुनरावेदक मोहनकाजी धौगोडाको जग्गा हाल नयाँ नापीको नक्सा अनुसार कि.नं. २३३ को प्रत्यर्थी कृष्णप्रसाद नेपालको भोगमा रहेको विवादित २१/२ तले पक्की घर, न.नं. १७ साबिक कि.नं. ११०७ हाल कि.नं. २३२ को भोगमा रहेको कच्ची टहरा भएको ०-०-२-३ जग्गा, न.नं. १८ साबिक कि.नं. ८३२ हाल कि.नं. २३२ को भोगमा रहेको कच्ची घर भएको ०-०-१-१ जग्गा, न.नं. १९ साबिक कि.नं. १०१९ हाल कि.नं. २३२ को भोगमा रहेको कच्ची टहरा भएको ०-०-०-३ जग्गा, न.नं. २० साबिक कि.नं. ११०८ को पुनरावेदक वादी मोहनकाजी धौगोदाको हाल कि.नं. २३२ को भोगमा रहेको कच्ची टहरा भएको ०-०-१-२१/२ जग्गा र न.नं. २१ साबिक कि.नं. ११०८ को जग्गा हाल कि.नं. २३२ को भोगमा रहेको ४१/२ तले पक्की घर भएको ०-०-०-२ जग्गा रहेको देखिन्छ। त्यसैगरी न.नं. २२ साबिक कि.नं. ११०८ को जग्गा हाल कि.नं. २३४ को प्रतिवादी चन्द्रबहादुर कार्की र सुन्तला खड्काको भोगमा रहेको ३१/२ तले पक्की घर भएको विवादित ०-०-३-२३/४ जग्गा, न.नं. २३ साबिक कि.नं. १०१९ हाल कि.नं. २३४ को भोगमा रहेको ३१/२ तले पक्की घर भएको विवादित ०-०-०-११/२ जग्गा, न.नं. २४ साबिक कि.नं. ९७४ हाल कि.नं. २३४ को भोगमा रहेको ३१/२ तले पक्की घर भएको विवादित ०-०-१-१ जग्गा, न.नं. २५ साबिक कि.नं. ११०८ हाल कि.नं. २३४ को भोगमा रहेको विवादित ०-०-०-३१/२ जग्गा, न.नं. २६ साबिक कि.नं. ९७४ को हाल कि.नं. २३४ को भोगमा रहेको विवादित ०-०-०-३ जग्गा, न.नं. २७ साबिक कि.नं. ९७४ हाल कि.नं. २३५ को भोगमा रहेको पक्की घर भएको ०-१-११/२ जग्गा, न.नं. २८ साबिक कि.नं. ९७७ हाल कि.नं. २३५ को भोगमा रहेको पक्की घर भएको ०-१-२-१ जग्गा र न.नं. २९ साबिक कि.नं. ९७७ हाल कि.नं. २३७ को भोगमा रहेको ०-०-२१/२ जग्गा रहेको नक्साबाट देखिने।

पुनरावेदक प्रतिवादी सुन्तला खड्कासमेतको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, न.नं. २५ साबिक कि.नं. ११०८ हाल नयाँ नापीको कि.नं. २३४ को भोगमा रहेको विवादित ०-०-०-३१/२ को खाली जग्गा र न.नं. २६ साबिक कि.नं. ९७४ को हाल नयाँ नापीको कि.नं. २३४ को भोगमा रहेको विवादित ०-०-०-३ को खाली जग्गा भनी नक्सामा

उल्लेख भएको देखिन्छ। त्यस्तै नक्साको न.नं. २७ र २८ मा हालको कि.नं. २३५ को भोग रहेको देखिन्छ। नापी कार्यालय काठमाडौंको मिति २०७०।४।१५ को पत्रबाट साबिक कि.नं. ९७७ को जग्गा हालको कि.नं. २३५ सँग भिड्ने भनी लेखिआएको देखिन्छ। प्रतिवादीहरूको साबिक कि.नं. ९७७ हालको कि.नं. २३५ कायम भई नक्साको न.नं. २८ समेतमा रहेको सन्दर्भमा विवादित न.नं. २५ र २६ को जग्गामा समेत प्रतिवादीहरूको हक रहे भएको अवस्था देखिँदैन। उपर्युक्त तथ्यहरूबाट विवादको न.नं. २५ र २६ को जग्गा वादीको कि.नं. २३४ भित्रको भई साबिक कि.नं. ११०८ भित्रको भएको नक्साबाट स्पष्ट देखिएको सन्दर्भमा नापी कार्यालयको निर्णय बदर गर्न मुलुकी ऐन, जग्गा पजनीको १ नं. र १७ नं. तथा जग्गा मिच्नेको १, १४ र १८ नं. को कानूनी व्यवस्था आकर्षित हुँदैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। यसरी, विवादको न.नं. २५ र २६ को जग्गा कि.नं. २३४ भित्रको भई साबिक कि.नं. ११०८ भित्रको भएको देखिएको हुँदा विवादित न.नं. २५ र २६ को जग्गामा वादीको हक कायम हुने ठहरी भएको उच्च अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

मिति २०७१/७/२१ को नक्साको न.नं २५ र २६ को जग्गा कि.नं २३४ भित्रको भई सो जग्गामा वादीको हक रहेको देखिँदा वादीको पूरै दाबी नपुग्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६९/५/२७ को फैसला केही उल्टी गरी कि.नं. २३४ भित्रको विवादित न.नं. २५ र २६ को जग्गासम्म वादीको कायम नगर्ने गरी भएको नापी कार्यालय काठमाडौंको मिति २०६७/६/५ को निर्णय बदर हुने र सो हदसम्म जग्गा वादीको नाममा दर्ता कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७१।१०।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०८० साल जेष्ठ १ गते रोज २ शुभम्।

- यसै लगाउका ०७२-CI-०१२२, ०७२-CI-१६८६, निर्णय बदर, खिचोला मेटाई हक कायम चलनसमेत, कृष्णप्रसाद नेपाल वि. मोहनकाजी धौगोदा, मोहनकाजी धौगोदा वि. कृष्णप्रसाद नेपाल मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७९-WH-०१३८, बन्दीप्रत्यक्षीकरण, गोविन्दलाल श्रेष्ठ वि. श्री काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंसमेत*

विकास कार्कीको जाहेरीले वादी नेपाल सरकार तथा प्रतिवादी यी रिट निवेदक गोविन्दलाल श्रेष्ठ भएको ०७०-CB-१५३९ को बैङ्किङ्ग कसुर मुद्दामा उच्च अदालत पाटनको मिति २०७९।३।३ को फैसलाले प्रतिवादी यी रिट निवेदक गोविन्दलाल श्रेष्ठलाई ५ (पाँच) दिन कैद, रू.१८,७०,०००।- (अठार लाख सत्तरी हजार रूपियाँ जरिवाना र रू.७४,८००।- (चौहत्तर हजार आठ सय रूपियाँ) क्षतिपूर्ति तिर्नुपर्ने ठहरी फैसला भएको देखियो। उक्त मुद्दामा यी रिट निवेदक प्रतिवादीको नाउँमा उच्च अदालत पाटनबाट जारी भएको २१ (एक्काइस) दिने समाहवान मिति २०७८।७।९ मा म्यादवाला व्यक्तिको घर/डेरा फेला नपरेको भन्ने कारण जनाई ३४ नं. वडा कार्यालयमा बेपत्ते तामेल भएको देखिन्छ। वडा नं. ३४ को म्याद तामेल गर्दा वडा नं. ३१ का साक्षी राखेको देखियो । यसपछि निवेदक प्रतिवादीको नामको उक्त समाह्वान मिति २०७८।१०।१७ र २०७८।१२।१४ मा गोरखापत्र राष्ट्रिय दैनिकमा

प्रकाशित गरिएको भन्ने आधारमा एकतर्फी फैसला भएको देखियो। निवेदक गोविन्दलाल श्रेष्ठको नाउँको मिति २०७८।७।९ को उक्त तामेली म्याद (समाह्वान) तामेल गर्दा वडा नं. ३४ को निजको ठेगानामा तामेल गर्नुपर्ने र वडा नं. ३४ को वडा सदस्य र साक्षीहरू रोहबरमा राख्नुपर्नेमा वडा नं. ३१ को वडा सदस्य र साक्षीहरू रोहबरमा राखी तामेल गरेको देखियो । निवेदक प्रतिवादीको नाउँको समाह्वान मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६३ (४) बमोजिमको प्रक्रिया रीतपूर्वक पूरा गरिसकेपछि पनि म्याद तामेल नभएमा मात्र पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने।

निवेदक प्रतिवादीको नाउँमा बेरीतपूर्वक तामेल भएको र सुनुवाइको मौका नै प्रदान नगरी उक्त समाह्वान र सोको आधारमा उच्च अदालत पाटनबाट मिति २०७९।३।३ मा भएको फैसला कानूनसम्मत नदेखिएकोले उत्प्रेषणको आदेशले बदर गरिएको छ। अब, निज निवेदक प्रतिवादी गोविन्दलाल श्रेष्ठलाई सम्बन्धित कारागारबाट झिकाई उक्त बैङ्किङ्ग कसुर मुद्दामा निजको बयान लिने, थुनछेक आदेश गर्ने, प्रमाण बुझ्नेलगायत जे जो आवश्यक कानूनी प्रक्रियाहरू सम्पन्न गर्नुपर्ने हो, सो गरी निजको हकमा पुनः इन्साफ गर्नु भनी प्रत्यर्थी उच्च अदालत पाटनसमेतको नाममा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेशसमेत जारी हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल फागुन ८ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७४-CR-०५४५, कुटपिट अङ्गभङ्ग, बलराम यादवसमेत वि. नेपाल सरकार*

पीडितउपर कुटपिट वा चोट रहे भएको देखिन्छ । उक्त चोटपटकको हालको अवस्था सम्बन्धमा जाहेरवाला विनोदकुमार मेहताको बायाँ काँधको अवस्था के कुन अवस्थामा छ भनी वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा पत्राचार भएकोमा प्रतिष्ठानबाट मिति २०६९।०१।२१ भएको पछिल्लो जाँच प्रतिवेदनमा निजले ACTIVITIES OF DAILY LIVING का कामहरू गर्न सक्छन् भन्ने उल्लेख भएको देखिन्छ भने सो घाउ चोट परीक्षण गर्ने डा. शिवराज पनेरूले पुनरावेदन अदालतमा २०७१ भाद्र २९ मा उपस्थित भई गरेको बकपत्रको जिरह स.ज. ९ मा "हड्डी जोडिइसकेपछि बिरामी पुनः करिब करिब पूर्व अवस्थामा पुग्न सक्ने भएको हुनाले अङ्ग बेकम्मा हुने अवस्था होइन" भनी खुलाइदिएकोसमेत देखिने।

वारदातको मिति र समयमा प्रतिवादीहरू वारदातस्थलमा उपस्थित रही पीडित/जाहेरवालालाई घरेलु हातहतियारले कुटपिट गरी बायाँ काँधको हड्डी भाँचिदिएको भन्ने वस्तुस्थिति मुचुल्का, पीडित/जाहेरवालाको मौकाको घाउ जाँच गरिपाउँ भन्ने निवेदन, किटानी जाहेरी दरखास्त, सुरू अदालतसमक्षको पीडित/जाहेरवालाको बकपत्र, वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट भएको पीडितको मिति २०६६/७/४ को घाउ जाँच प्रतिवेदन विनोदकुमार मेहता र शिवनारायण मेहताको मिति २०६६/७/४ को घाउ जाँच रिपोर्ट साथै पुनः विनोद कुमार मेहताको वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट भएको मिति २०६६/७/२० को स्वास्थ्य परीक्षण प्रतिवेदनमा CLOSED FRACTURE LATERAL END OF LT. CLAVICLE भनी उल्लेख रहेकोसमेत बाट पीडित/जाहेरवाला विनोद कुमार मेहताको जाहेरी बेहोरा र सोउपर अनुसन्धान भई यिनै पुनरावेदक प्रतिवादीहरू बलराम यादव र सुरेन्द्र यादवले पीडित/

जाहेरवाला विनोदकुमार मेहतालाई कुटपिट गरेको कारणबाट निजको बायाँ काँधको हड्डी भाँच्चिएको भन्नेसमेतको अवस्था देखिन्छ । तत्कालीन मुलुकी ऐन, कुटपिटको महलको २ नं.मा अङ्गभङ्ग कुटपिट सम्बन्धमा भएको कानूनी व्यवस्था अनुसार कुटपिट गर्दा आँखाको हेर्ने शक्ति हीन गरी वा आँखा फोरी अन्धो गरिदिएमा, नाकको सुँङ्घ्ने शक्ति हरण गरिदिएमा, कानको सुन्ने शक्ति हरण गरी बहिरो गरिदिएमा, जिब्रोको बोल्ने शक्ति हरण गरिदिएमा, स्वास्नीमानिसको दुध काटी बेकम्मा गरिदिएमा, नल फलको पुरूषत्व शक्ति हीन गरी नपुङ्सक गरिदिएमा, मेरूदण्ड डँडाल्नु, हात, खुट्टा वा यिनैको जोर्नी भाँची फोरी फुकाली बेकम्मा पारिदिएमा अङ्गभङ्गको खत ठहर्ने व्यवस्था छ। साथै ऐ.को ७ नं.मा अङ्गभङ्गको खत हुनेबाहेक अरू अङ्ग फोर्ने छिनाल्ने फुकाल्नेलाई सो अङ्ग निको भई काम लाग्ने भएमा दुई हजार रूपियाँ जरिवाना र छ महिना कैद र निको भइकन पनि काम नलाग्ने भएमा वा निकै नहुने भएमा पाँच हजार रूपियाँ जरिवाना र एक वर्ष कैद गर्नुपर्ने।

जाहेरवालाउपर भएको चोटको स्थितिमा देब्रे कुमको हड्डी पुरानो भाँचिएको (OLD FRACTURE LATERAL END OF LEFT CLAVICLE) भन्ने देखिन आउँछ । तत्कालीन मुलुकी ऐन, २०२० को कुटपिटको महलको २ नं. बमोजिम अङ्गभङ्ग हुन मेरूदण्ड, डँडाल्नु, हात, खुट्टा वा यिनैको जोर्नी भाँची फोडी फुकाली बेकम्मा बनाइदिएको अवस्था हुनुपर्ने हुन्छ । अन्यथा सोही महलको ७ नं. को अवस्था "अंङ्गभङ्गको खत हुनेबाहेक अरू अङ्ग फोर्ने छिनाल्ने, फुकाल्नेलाई" हुने सजाय हुने प्रकृतिको कसुर मान्नुपर्ने हुन आउँछ । निज जाहेरवालाउपर भएको कुटपिटको वारदात कुटपिटको महलको २ नं. को वर्णित व्यवस्थाबमोजिम नदेखिएको र सो अवस्थालाई जाहेरवालाको शारीरिक परीक्षण गर्ने चिकित्सकको बकपत्रसमेतबाट स्थापित हुन आएको पाइने।

प्रस्तुत मुद्दा दायर गर्नुपूर्व निज जाहेरवाला विनोदकुमार मेहता वि. बलराम यादवसमेत प्रतिवादी भएको मिति २०६६/६/२७ गतेको वारदातमा मिति २०६६/०८/०१ मा कुटपिट र लुटपिट मुद्दामा फिरादपत्र दायर भई दु.फौ.नं. ०१९४६ को मुद्दा चलेको र सोही वारदातमा २०६६/८/३ मा कुटपिट र अङ्गभङ्गसमेत मुद्दाको जाहेरी दिएको देखियो । सुनसरी जिल्ला अदालतबाट मिति २०६९।३।२८ मा उक्त मुद्दामा फिराद दाबी नपुग्ने फैसलासमेत भएको देखिन आयो । यसरी प्रस्तुत मुद्दामा यी वादीले सोही वारदातको विषय उल्लेख गरी कुटपिट लुटपिटको मुद्दा दायर गरेकोसमेतको सन्दर्भबाट पनि प्रस्तुत वारदात अङ्गभङ्ग प्रकृतिको देखिने।

पुनरावेदक प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम तत्कालीन मुलुकी ऐन, कुटपिटको महलको १ र २ नं. को कसुरमा ऐ. को ६ नं.बमोजिम अङ्गभङ्गको कसुरमा कसुरदार ठहर गरी सजाय गर्ने गरेको सुरू सुनसरी जिल्ला अदालतको मिति २०६९/३/२८ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०७१/७/१६ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रस्तुत मुद्दा सरकारवादी फौजदारी मुद्दाबाट तत्कालीन सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ तथा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ बमोजिम दुनियाँवादी फौजदारी मुद्दाको रूपमा परिणत हुने ठहर्छ । तसर्थ प्रस्तुत मुद्दाका पीडित/जाहेरवाला विनोदकुमार मेहताले मुद्दा सकार गर्न आए निजलाई वादी कायम गरी कानूनबमोजिम कारबाही र किनारा गर्नका लागि प्रस्तुत मुद्दाको मिसिल सुरू सुनसरी जिल्ला अदालतमा पठाइदिने र

हाजिर रहेका पक्षहरूलाई सुनसरी जिल्ला अदालतमा हाजिर हुने तारेख तोकी पठाइदिने ।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल फागुन ११ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७१-CR-१५०१, अदालतको अपहेलना, जगतमाया श्रेष्ठसमेत वि. काठमाडौं महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंसमेत*

पुनरावेदन अदालत पाटनबाट मिति २०६८/३/२९ मा जारी भएको परमादेशबमोजिम निवेदक इन्द्रबहादुर श्रेष्ठसमेतले दिएको किर्तेसम्बन्धी कसुरको जाहेरी दरखास्तबमोजिमको अनुसन्धान छानबिन गर्ने कार्य अहिले करिब ११ वर्ष व्यतीत हुँदासम्म पनि सम्पन्न गरिएको देखिएन । प्रस्तुत मुद्दामा गरिएको सुनुवाइका सन्दर्भमा अदालतबाट भएका आदेश अनुसार प्राप्त जवाफबाट जाहेरीमा उल्लिखित प्रतिवादीहरूलाई पक्राउको लागि लेखापढी भइरहेको तथा इन्द्रराज्यलक्ष्मीदेवी प्रसूति गृह, थापाथलीबाट विवरण झिकाई मिसिल संलग्न रहेको भन्नेसम्मको कार्य गरिएको कुरा महानगरीय प्रहरी परिसर, काठमाडौंबाट जानकारी पठाइएको देखिन्छ । यसलाई नै ११ वर्षसम्म पनि अनुसन्धानको कार्य सम्पन्न हुन नसक्ने उचित वा पर्याप्त कारण मान्न मिल्ने देखिदैन । सरकारवादी हुने भनी पेस गरिएको जाहेरी दर्खास्त अनुसारको अनुसन्धान छानबिनसम्बन्धी काम कारबाही उचित वा मनासिब समयभित्र नै तदारूकताका साथ सम्पन्न गर्नु सम्बन्धित प्रहरी कर्मचारीको कानूनी कर्तव्य हुने कुरा सरकारी मुद्दासम्बन्धी ऐनले तोकेको देखिन्छ । यसका अतिरिक्त, समयमा अनुसन्धान छानबिनको कार्य नभएको भनी साधिकार अदालतबाट परमादेशको रिट आदेश जारी भएको ११ वर्षसम्म पनि अनुसन्धान, छानबिनको कार्य सम्पन्न नहुनुको कुनै मनासिब कारण वा औचित्य खुल्न आएको देखिँदैन । निवेदक इन्द्रबहादुरसमेतले दिएको जाहेरी दरखास्तको बेहोराबाट यो कुनै जटिल र ११ वर्षसम्म पनि अनुसन्धान छानबिनको कारबाही टुङ्गो लाग्न नसक्ने प्रकृतिको जटिल विषय भन्ने पनि देखिँदैन । समग्र परिस्थितितर्फ दृष्टिगत गर्दा सम्बन्धित प्रहरी अधिकृतको केवल अकर्मण्यता वा उदासीनताको कारणबाट उल्लिखित विषयमा अनुसन्धान छानबिनको कार्य सम्पन्न नगरिएको भन्ने देखियो । अदालतबाट भएका आदेश तथा फैसलाको हरहालतमा कार्यान्वयन गरिनु नै पर्दछ । फैसलाको पालना गर्ने कुरामा कुनै प्रकारको बहानाबाजी गरिनु अनुचित कार्य हुन जान्छ । प्रस्तुत विवादको सन्दर्भमा हेर्दा साधिकार अदालतबाट भएको आदेशको वाञ्छित समयावधिभित्र कार्यान्वयन नगरिएको कुरा प्रमाणित भएको देखिन्छ । यस अवस्थामा अदालतको आदेशको पालना नगरी अटेर गरेर अपहेलना गरेको भनी ठहर गर्नु नै सर्वथा मनासिब हुने ।

प्रत्यर्थीहरू तत्कालीन प्र.ना.उ. (हाल प्र.उ.) रमेशकुमार बस्नेत तथा महानगरीय प्रहरी परिसर, हनुमानढोका काठमाडौंका वर्तमान कार्यालय प्रमुख (आज मिति २०७९/११/११ का दिन कायम रहेका कार्यालय प्रमुख) समेतले पुनरावेदन अदालत पाटनबाट मिति २०६८/३/२९ मा जारी भएको परमादेशको रिट आदेश कार्यान्वयन नगरी अटेर गरेको कसुरमा निजहरूलाई सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७ सपठित न्याय प्रशासन ऐन, २०७३ को दफा १७(४) समेत बमोजिम जनही १५(पन्ध्र) दिन कैद र रू. ५,०००।- जरिवाना हुने ।

तथापि, निवेदकले उल्लेख गरेको विवादको

विषय, प्रकृति र अन्य समग्र परिस्थितितर्फ दृष्टिगत गर्दा प्रत्यर्थीहरूलाई काम कारबाहीमा सुधार गर्ने एक अवसर प्रदान गर्नु मनासिब देखिएकाले यो फैसलाको जानकारी पाएको मितिले बढीमा ३ (तीन) महिनाभित्र पुनरावेदन अदालत पाटनबाट मिति २०६८/३/२९ मा जारी भएको परमादेशको युक्तियुक्त रूपमा पूर्ण कार्यान्वयन गरी सो कुराको पुष्ट्याईँ हुने प्रमाण कागजसहित सजाय माफीका लागि क्षमा याचना गरी निवेदनसहित यस अदालतमा हाजिर हुन आएमा प्रत्यर्थीहरूलाई हुने ठहर गरिएको उपर्युक्त अनुसारको सजाय कार्यान्वयन नगर्ने गरी सोहीबखत विचार गर्नेसमेत ठहर्ने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल फागुन ११ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७९-WH-०००५, बन्दीप्रत्यक्षीकरण, विष्णुबहादुर थापा क्षेत्री वि. श्री उच्च अदालत जनकपुर,वीरगन्ज इजलाससमेत*

सीता दाहालको जाहेरीले वादी नेपाल सरकार तथा प्रतिवादी यी रिट निवेदक विष्णुबहादुर थापासमेत भएको २०५१ सालको फौ.पु.नं. ९९ को जिउ मास्ने बेच्ने मुद्दामा पर्सा जिल्ला अदालतको मिति २०६१।१२।१४ को फैसलाले विष्णुबहादुर थापालाई १०(दश) वर्ष कैद र रू.२५,६००।- (पच्चिस हजार छ सय रूपियाँ जरिवाना हुने ठहरी फैसला भई अन्तिम भएको देखियो। उक्त मुद्दामा यी रिट निवेदक प्रतिवादी आफू नभएको भन्नेसमेतको जिकिर भएको देखिन्छ । प्रतिवादी विष्णुबहादुर थापाको नाउँमा पर्सा जिल्ला अदालतबाट जारी भएको ७० (सत्तरी) दिने म्यादी पुर्जी मिति २०५१।५।१७ मा निजलाई गाउँघरमा खोजतलास गर्दा फेला नपरेकोले निजको नाममा आएको म्यादी पुर्जी निजकै घर दैलामा टाँस गरेको ठिक साँचो हो भन्ने बेहोरा जनाई तामेल भएको देखिन्छ । प्रतिवादीको ठेगाना ठोरी गा.पा. वडा नं. ९ को म्याद तामेल गर्दा वडा नं. ७ का साक्षी राखेको देखियो। सोही म्यादी पुर्जी तामेलीको आधारमा प्रतिवादीउपर कसुर ठहर गरी फैसला भएको देखियो । निवेदक प्रतिवादीको नाउँको म्यादी पुर्जी मुलुकी ऐन अदालती बन्दोबस्तको ११० नं. बमोजिमको प्रक्रिया पूरा नगरी तामेल गरेको देखिँदा यसलाई कानूनी रीतपूर्वक तामेल भएको मान्न मिलेन । रीतपूर्वक सुनुवाइको अवसर पाउनु प्रतिवादीको स्वच्छ सुनुवाइसम्बन्धी हक हो। सुनुवाइ/प्रतिवादको उचित अवसर नै प्रदान नगरी कसै विरूद्ध पनि निर्णय गर्न मिल्दैन । आफू विरूद्ध लगाइएको आरोपको प्रतिरक्षा गर्न पाउने संविधान र कानूनद्वारा प्रदत्त हकको उपभोग गर्नबाट अभियुक्तलाईवबन्चित गर्न मिल्दैन । सुनुवाइको मनासिब मौका नदिई सजाय हुने ठहर गर्दा स्वच्छ सुनुवाइसम्बन्धी हकमा आघात पर्न जान्छ । साथै मिति २०६१/१२/१४ मा भएको फैसलाबमोजिमको व्यक्ति नै आफू नभएको भनी रिट निवेदकले जिकिर लिएको र प्रतिवादी विष्णुबहादुर थापाका नाममा जारी भएको म्याद स्वयम् पनि मुलुकी ऐन, २०२० को अदालती बन्दोबस्तको महलको ११० नं. को प्रक्रिया पूरा नगरी म्याद तामेल भएको स्थितिमा जिउ मास्ने बेच्ने जस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा कसुरदार भनी पक्राउ गरी कैद गर्दा स्वच्छ सुनुवाइको मौका निजले प्राप्त गरेको भन्ने अवस्था नदेखिने।

निवेदक प्रतिवादीको नाउँमा तामेल भएको उक्त म्यादी पुर्जी र सोको आधारमा पर्सा जिल्ला अदालतबाट मिति २०६१।१२।१४ मा भएको फैसलासमेत नेपालको संविधानको धारा १३३(२) र

(३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिएको छ। अब निवेदक प्रतिवादी विष्णुबहादुर थापा क्षेत्रीलाई सम्बन्धित कारागारबाट झिकाई उक्त जिउ मास्ने बेच्ने मुद्दामा निजको बयान लिने, थुनछेक आदेश गर्ने, प्रमाण बुझ्नेलगायत जे जो आवश्यक कानूनी प्रक्रियाहरू सम्पन्न गर्नुपर्ने हो । सो गरी निजको हकमा पुनः फैसला गर्नु भनी प्रत्यर्थी पर्सा जिल्ला अदालतसमेतको नाममा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेशसमेत जारी हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल फागुन ११ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७२-CI-००७६, टिप्पणी आदेश बदर दर्ता बदरसमेत, विनय यादवसमेत वि. जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वार्ड नं. १ स्थित नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड केन्द्रीय कार्यालयसमेत*

प्रत्यर्थी / प्रतिवादी राजेन्द्रकुमार अग्रवालले पुनरावेदक वादी नेपाल इन्भेस्टमेन्ट बैङ्कबाट ओभरड्राफ्ट कर्जा, आयात प्रतीतपत्र र ट्रस्ट रिसिप्ट गरी रू. २,००,००,०००।- ऋण लिएको र आफ्नो नाउँमा रहेको कि.नं. ७२ र ८४ समेतको जग्गा सो बैङ्कमा कर्जा बापतको सुरक्षणमा राखी मिति २०५६।१।२९ मा दृष्टिबन्धक पारित गरिदिएको मिसिल संलग्न जग्गाधनी दर्ता प्रमाण पुर्जा र बैङ्कलाई पारित गरी दिएको उक्त दृष्टिबन्धक लिखतको प्रतिलिपिबाट देखियो । ऋणीले कर्जा नतिरेको हुँदा बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ को उपदफा (६) र (७) बमोजिम लिलाम सकार गरी दाखिल खारेजको लागि मालपोत कार्यालयमा निवेदन गरेकोमा सो जग्गाहरू प्रतिवादी विनय यादवका नाउँमा दाखेल खारेज हुने निर्णय भएको भन्ने जानकारी मालपोत कार्यालयबाट पाएको हुँदा सो दाखिल खारेज निर्णय बदर गरिपाउँ भनी वादीले फिराद दायर गरेको देखिन्छ । बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ को उपदफा (६) र (७) को कानूनी प्रावधान हेर्दा, क्रमशः उपदफा (६) मा "यस दफा बमोजिम इजाजतप्राप्त संस्थाले धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा त्यस्तो सम्पत्ति त्यस्तो संस्थाले तोकिएबमोजिम आफ्नो स्वामित्वमा लिने छ" भन्ने र उपदफा (७) मा "उपदफा (६) बमोजिम इजाजतप्राप्त संस्थाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति आफ्नो नाउँमा रजिस्ट्रेसन वा दाखिल खारेज गरिदिनको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनुपर्ने छ। यसरी लेखी आएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कार्यालयले त्यस्तो इजाजतप्राप्त संस्थाको नाममा त्यस्तो सम्पत्ति रजिस्ट्रेसन वा दाखिल खारेज गरिदिनु पर्ने छ" भन्ने उल्लेख भएको पाइन्छ । कर्जा सुरक्षणबापत प्रतिवादी राजेन्द्रकुमार अग्रवालका नाउँका विवादित जग्गाहरू प्रत्यर्थी बैङ्कको नाममा धितो राखिएकोमा बैंकले उक्त जग्गा लिलाम सकार गरी आफ्नो नाममा नामसारी दाखिल खारेज गरिदिन सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाएकोमा सोही जग्गा प्रतिवादी विनय यादवका नाउँमा नामसारी दाखेल खारेज भई गैसकेको देखिएबाट विवाद उत्पन्न भएको देखिन्छ । सुरू जिल्ला अदालतले यसरी मालपोत कार्यालयबाट भएको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने भनी सो विषयमा जिल्ला अदालतलाई क्षेत्राधिकार नभएको भनी फिराद

खारेज गरेको अवस्था छ । वस्तुत: प्रतिवादी विनय यादवको नाउँमा भएको नामसारी दाखेला खारेजको निर्णय मालपोत ऐन, २०३४ को दफा ८ बमोजिम हुने वा भएको निर्णय देखिँदैन । बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ को उपदफा (६) र (७) को कानूनी प्रावधान अनुसार बैङ्कले आफ्नो स्वामित्वमा लिएको जग्गा आफ्नो नाउँमा दाखिल खारेज गर्ने प्रक्रियामा विवाद उत्पन्न भएको अवस्थामा उक्त निर्णय बदर गराउन चाहने पक्षले तत्काल कायम रहेको न्याय प्रशासन ऐन,२०४८ को दफा ७ बमोजिम सम्बन्धित जिल्ला अदालतमा प्रवेश गर्नुपर्ने देखिन्छ। प्रस्तुत विषयमा मालपोत ऐन, २०३४ को दफा ३१ बमोजिम पुनरावेदन गर्ने विषय नदेखिँदा सुरूले जिल्ला अदालतको अधिकार क्षेत्र नभएको भनी फिराद खारेज गर्ने गरेको निर्णय बदर गरी मुद्दामा प्रमाण बुझी पुनः फैसला गर्न सुरू जिल्ला अदालतमा पठाएको पुनरावेदन अदालत हेटौंडाको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

क्षेत्राधिकारको अभाव देखाई मुद्दा खारेज गर्ने ठहर गरेको सुरू पर्सा जिल्ला अदालतको फैसला बदर गरी पुनः फैसला गर्नु भनी मिसिल पर्सा जिल्ला अदालतमा पठाइदिने ठहराएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२/२/२५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : शैलेन्द्र खड्का

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल कार्तिक २० गते रोज १ शुभम्।

- यसै लगाउका ०७२-CI-००७७, लिखत दर्ता बदर, विनय यादवसमेत वि. जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वार्ड नं. १ स्थित नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड केन्द्रीय कार्यालयसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## ८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७२-CI-१४५६, जग्गा खिचोला, नथुनी टरैत वि. तेजनारायण गुरमैता यादवसमेत*

२००४ सालको नापीको विवादित सा. कि.नं. १२९६ को २०२८ सालको नापीमा गाउँ ब्लकमा लगत कायम भएको ०-२-९ जग्गामध्ये मिति २०६८।५।१० मा विपक्षीहरूले दक्षिणतर्फबाट ०-०-९ जग्गा खिचोला गरी घर निर्माण गरेकाले खिचोला मेटाइपाउँ भन्ने वादी दाबी र वादी दाबीको जग्गा हजुरबुबाको पालादेखि भोग गरी घर बनाई बसोबास गरी आएका छौं, खिचोला गरेका होइनौं भन्ने प्रतिउत्तर जिकिर देखिन्छ । सो सम्बन्धमा हेर्दा, वादी दाबीको यसै जग्गामा हक नपुग्ने यी वादी नथुनी टरैतले आफ्नो नाउँमा गाउँ ब्लकको लगत कायम गरेकोले मालपोत कार्यालय सप्तरीको उक्त निर्णय बदर गरी हाम्रो नाउँमा कायम गरिपाउँ भनी यस मुद्दाका प्रत्यर्थी प्रतिवादी तेजनारायण गुरमैता यादवसमेत वादी भई यी पुनरावेदक वादी नथुनी टरैतउपर मुद्दा दायर गरेकोमा सुरूले वादी दाबी पुग्न नसक्ने ठहर गरेको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला सदर हुने ठहरी आज यसै इजलासबाट लगाउको ०७२-CI-१४५७ को निर्णय बदर दर्ता बदर दर्ता मुद्दामा फैसला भएकाले सो मुद्दाको फैसलाबाट प्रतिवादीहरूले खिचोला गरेको भनी वादीले दाबी लिएको जग्गामा वादीको लगत नै कायम हुने अवस्था नरहेको र सुरू जिल्ला अदालतबाट भएका आदेशानुसार भइआएको स्थलगत नापनक्सा मुचुल्का हेर्दासमेत प्रत्यर्थी प्रतिवादीहरू शिवनारायण गुरमैता यादव, तेजनारायण गुरमैता यादव र हरिनारायण गुरमैता यादवसमेतले बनाएको न. नं. ६, ७, ८, ९, १०, ११. १२, १३, १४,१५,१६,१७ समेतको घर

तत्काल बनाएको भन्ने देखिन नआई निजहरूको पहिलेदेखिको बसोबासको घर भन्ने देखिन आएकाले प्रतिवादीहरूले आफ्ना हजुरबुवाको पालादेखि नै घर बनाई भोग बसोबास गर्दैआएको भनी लिएको जिकिर स्थापित हुन आएको तथा लगाउका मुद्दामा लिएका आधार, प्रमाणसमेतबाट प्रस्तुत मुद्दामा वादी दाबीको जग्गामा प्रत्यर्थी प्रतिवादीहरूले घरबास खिचोला गरेको भन्ने वादी दाबी पुष्टि हुन सकेको देखिएन। तसर्थ, वादी दाबी पुग्न नसक्ने ठहरेको सुरू सप्तरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७२।२।६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : शैलेन्द्र खड्का

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल असोज २४ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-WO-००७१, उत्प्रेषणयुक्त परमादेश, सुरेश सिलवाल वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

वादी नेपाल सरकार तथा प्रत्यर्थी/प्रतिवादी यिनै निवेदक प्र.स.नि. सुरेश सिलवाल भएको फौ.पु.नं. ०६५-CR-०५११ को घुस रिसवत लिई भ्रष्टाचार गरेको भन्ने मुद्दा यस अदालतबाट मिति २०६९/७/२१ मा नै फैसला भएको देखिन्छ। सो फैसलाको पूर्ण पाठको प्रतिलिपिसहितको सुरू सक्कल मिसिल यस अदालतबाट च.नं. ७०२२ (मुद्दा-१६) मिति २०६९/१२/२१ को पत्रसाथ विशेष अदालतमा पठाइएको र विशेष अदालतले मिति २०६९/१२/२३ मा उक्त सुरू मिसिल फिर्ता बुझिलिएको भन्ने सम्बन्धित मिसिलबाट देखिन्छ। यसबाट उक्त मुद्दामा भएको फैसलाको पूर्ण पाठ तयार भएको लगभग दुई वर्षसम्म पनि निवेदक आफ्नो पदमा हाजिर हुन गएको पाइएन। प्रहरी नियमावली, २०७१ को नियम ११३ (१) को (क) र (च) मा "आफ्नो पदीय जिम्मेवारी लापरबाही गरी पूरा नगरेमा" र "बिदा स्वीकृति नगराई लगातार पैँतालिस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा" प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने व्यवस्था रहेको देखिन्छ। पदीय जिम्मेवारी पूरा गर्नु, पदीय अनुशासन पालन गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुन्छ। जिम्मेवारी पूरा नगर्ने वा पदीय अनुशासन पालन नगर्ने प्रहरी कर्मचारीलाई पदमा कायम रहन दिइनु हुँदैन। यही कानूनी प्रावधानका आधारमा निर्धारीत कानूनी कार्यविधि पूरा गरी प्रत्यर्थीहरूबाट रिट निवेदक सुरेश सिलवाललाई सेवाबाट हटाइएको देखियो। यसरी भएको काम कारबाही र निर्णयलाई अनुचित मान्न नमिल्ने।

रिट निवेदक सुरेश सिलवाललाई कानूनबमोजिमको प्रक्रिया पूरा गरी उचित आधार र कारण विद्यमान रहेको कुरालाई मूल्याङ्कन गरी अधिकारप्राप्त पदाधिकारीबाट भएको निर्णयको परिणामस्वरूप सेवाबाट हटाइएको देखिएको हुँदा निवेदकको मागबमोजिम कुनै प्रकारको रिट आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : प्रदीपकुमार उपाध्याय

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल पुस १४ गते रोज ५ शुभम्।

## इजलास नं.३

१०

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७८-RC-००५१, कर्तव्य ज्यान, नेपाल सरकार वि. किरण*

*भन्ने शुक्रबहादुर राई*

मिसिल संलग्न मिति २०६४/१०/०८ को बरामदी मुचुल्का हेर्दा किरण भन्ने शुक्रबहादुर राईले लगाएको THE NEXT BIG THING लेखेको सेतो टिसर्ट तथा कालोमा सेतो धर्के हाफ पाइन्टको विभिन्न ठाउँमा रगतजस्तो रातो पदार्थ लागेको अवस्थामा बरामद गरेको भनी उल्लेख भएको देखिन्छ । मिति २०६४/१०/०८ को घटनास्थल लास जाँच प्रकृति मुचुल्कामा शव घोप्टो अवस्थामा रहेको, मृतकको दुवै हात फैलिएको, दाहिनेतर्फको पुठ्ठाको माथिल्लो भागमा १ से.मि. गोलाई भएको खोस्रिएकोजस्तो घाउ रहेको, मलद्वार र योनिको भागमा रगतजस्तो रातो पदार्थ लागेको अवस्थामा रहेको, टाउकोको भागदेखि दक्षिणतर्फ ६ फुट ९ इन्चको दुरीमा मृतकको कालो ट्राउजर रहेको, योनिको भाग केही सुन्निएकोजस्तो देखिएको, मुख, नाक र दाहिने कानमा रगत लागेको, मृतकको टाउकोदेखि दक्षिणतर्फ ५ फिट ८ इन्च दुरीमा घाँसमा रगतजस्तो पदार्थ रहेको, उक्त स्थानमा घाँस मडारिएको अवस्था रहेको, मृतकको शरीरमा पिठ्युको माथिको भागसम्म फ्रक हटाइएको भन्नेसमेत उल्लेख भएको देखिन्छ। मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा मृत्युको कारण SMOTHERING AND MANUAL STRANGULATION AFTER FORCEFUL SEXUAL INTERCOURSE भनी उल्लेख भएको देखिन्छ। बरामदी मुचुल्का, घटनास्थल लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, मिसिल संलग्न मृतकका फोटोहरूसमेत आधार प्रमाणहरूबाट जाहेरवालाको छोरी शिला वि.क.को मृत्यु जबरजस्ती करणी गरी कर्तव्यबाट भएको भन्ने तथ्यमा विवाद नदेखिने।

प्रतिवादीको कर्तव्यबाट जाहेरवालाको छोरी शिला वि.क.को मृत्यु भएको हो वा होइन, उक्त वारदातमा यी प्रतिवादीको संलग्नता छ वा छैन भन्ने सम्बन्धमा हेर्दा यी प्रतिवादी किरण भन्ने शुक्रबहादुर राईले जाहेरवालाको छोरी शिला वि.क.लाई जबरजस्ती करणी गरी कर्तव्य गरी मारेकोले निज किरण भन्ने शुक्रबहादुर राईलाई कारबाही गरिपाउँ भनी लालबहादुर विश्वकर्माको किटानी जाहेरी परेको अवस्था छ । जाहेरवालाको छोरीलाई जबरजस्ती करणी गरी नाक मुख थुनी स्वासप्रश्वास बन्द गराई कर्तव्य गरी मारेकोमा अदालतमा इन्कार रही बयान गरे पनि अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मिति २०६४/१०/७ गतेको बेलुका मैले शिला वि.क.लाई काखमा राखी हामी बस्ने, सुत्ने ,काम गर्ने ठाउँभन्दा अन्दाजी ५०/६० मिटरपर डुलाउन भनी लगी घाँस भएको भुइँमा सुताई निजले लगाएको सुरूवाल फुकाली केही बेरसम्म निजको योनिलगायतका अन्य ठाउँमा छामछुम गरी मैले लगाएको हाफ पाइन्टभित्रबाट उत्तेजित लिङ्ग निकाली जबरजस्ती निज बालिकाको योनिमा छिराउने प्रयास गर्न थालेँ र बालिका छट्पटाई रून खोजेपछि मैले बालिकाको घाँटीको पछाडिपट्टिको भागमा अठ्याई दाहिने हातले निजको मुख छोपी थिचेँ। ५/१० मिनेटपश्चात् मेरो लिङ्ग शिला वि.क.का योनिमा प्रवेश गर्‍यो । केही समयपछि योनिभित्रै मेरो वीर्य स्खलन भयो। सो समयसम्म मैले बालिकाको मुख थिचिरहेकै थिएँ । त्यत्तिकैमा निज बालिका छट्पटाउन छाडी मरेकोजस्तो लाग्यो। निज बालिकाको योनि च्यातिएर होला निजको योनिलगायत वरपर मेरो लिङ्गमा तथा मैले लगाएको कपडासमेतमा रगत लागेको थियो । तत्पश्चात् मैले बालिकालाई सोही स्थानमा छोडीगएको हुँ भनी घटनाको विस्तृत विवरण र घटनाक्रमसमेत उल्लेख गरी बयान गरेको देखिन्छ। यी प्रतिवादी र जाहेरवाला परिवार एउटै कारखाना घरमा बस्ने गरेको भन्ने मिसिलबाट देखिएको छ। वारदातको दिन पनि

निज प्रतिवादी कारखाना स्थलमा शिला वि.क.लाई खेलाइरहेका थिए भन्ने देखिएको छ। नाबालिकालाई निजले बोकी खेलाउँदै गरेको देख्ने अम्बरबहादुर वि.क.समेतले मृतक र शुक्रबहादुर पनि एउटै कोठामा थियौँ, मृतक र शुक्रबहादुर नभएपछि हामीले खोजी गर्‍यौँ, तपाईँसँग थियो भनी भन्दा मलाई थाहा छैन भनी शुक्रले भने, राति १२ बजेसम्म सोधिरहँदा पनि नभनेपछि प्रहरीलाई फोन गरी उसलाई जिम्मा लगाइदिएको हो भन्दै अदालतमा बकपत्र पनि गरेको स्थिति छ। मिसिल संलग्न किटानी जाहेरी, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन र यी प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष भएको बयान, मिसिल संलग्न अम्बरबहादुर वि.क.समेतले अदालतमा गरेको बकपत्र हेर्दा यी प्रतिवादी निर्दोष रहेछन् भन्न सकिएन। यस स्थितिमा प्रतिवादी किरण भन्ने शुक्रबहादुर राईले शिला वि.क.लाई जबरजस्ती करणी गरी कर्तव्य गरी ज्यान मारेको पाइँदा साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) को कसुर कायम गरेको हदसम्म सुरू अदालतबाट मिति २०६५/०३/३१ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत, पाटनबाट मिति २०७२/०६/०५ मा भएको फैसला मिलेको देखिँदा अन्यथा मान्नु नपर्ने।

प्रतिवादी किरण भन्ने शुक्रबहादुर राईले नाबालक बच्ची शिला वि.क.लाई जबरजस्ती करणी गरी हत्यासमेत गरेको पाइएकोबाट निजलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. को कसुर कायम गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७२/०६/०५ को फैसला सदर भई यी प्रतिवादीलाई जन्मकैदको सजाय हुने।

इजलास अधिकृत : पुष्कलराज प्रसाई

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल जेठ ३ गते रोज ३ शुभम्।

११

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०६८-CI-०८७१, लगत हक कायम दर्ता लगत कायम, हरिकिसुन साह वि. विरवलप्रसाद इसर*

प्रस्तुत विवाद सप्तरी जिल्ला मौजे सखुवा कचन्दहाको साबिक कि.नं. ४०६९ को क्षे.फ. ०-१-४ बिगाहा जग्गामध्ये पूर्वतर्फको ०-०-४१/३ जग्गासँग सम्बन्धित रहेको देखिन्छ । यो जग्गा छुतहरूले मिश्रीलालबाट मिति २०१७।०९।१५ मा किनेको र सोही जग्गा वादीले मिति २०३७।१२।१७ मा छुतहरूबाट राजीनामा पारित गरिलिएको देखिन्छ। छुतहरूले २०२२ सालमा भरेको ७ नं. फाँटवारीमा उक्त विवादित जग्गा उल्लेख गरेको देखिन्छ । छुतहरूबाट मिति २०१९।११।७ मा लिएको घरसारको लिखत विवादित देखिन्छ । प्रथमतः प्रतिवादीले प्रतिउत्तर दर्ता गर्दा सो लिखत कागज महलमा राखेको पाइँदैन । दोस्रो लिखत हदमुनिको हुँदा जहिलेसुकै पनि बनाउन सकिने हुन्छ । तेस्रो, सो लिखत विशेषज्ञमार्फत जचाउँदा सहीछाप भिडाउन नसकेको र मितिमा रोज ३ हुनुपर्नेमा रोज १ भनी लेखिएको देखियो भनी राय दिएको पाइन्छ। सामान्य रूपमा हेर्दा पनि लिखतको लिपि २०१९ को जस्तो देखिँदैन । सहीछाप नै स्पष्ट नभएको र तुलना गर्न नसकिने भनिएबाट सो लिखतमा भर पर्न सकिएन। अर्कोतर्फ, छुतहरूबाट वादीले २०३७।१२।१७ मा लिखत पारित गरी उक्त विवादित कि.नं. ४०६९ को जग्गा खरिद गरी लिएको देखिएको छ । गाउँ ब्लकको जग्गा भएकोले सर्भे नापी नक्सामा सो जग्गा देखिँदैन । प्रतिवादीहरूले छुतहरूबाट सो जग्गा खरिद गरेकै हुन् भनी मान्ने हो भने पनि मुलुकी ऐन, रजिस्ट्रेसनको महलको ३४ नं. को व्यवस्थाले दोहोरो लिखत भएकोमा पहिले

रजिस्ट्रेसन पारित भएको लिखतलाई नै जेठो मानेको अवस्थामा वादीको २०३७ सालको रजिस्ट्रेसन पारित भएको लिखतलाई जेठो मान्नुपर्ने।

अदालतबाट भएको नक्सामा नं. ६ र ७ मा विवाद देखाइएकोमा उक्त जग्गामा वादीले भोग गर्दैआएको भनेबाट प्रतिवादीको भोग निर्विवाद भन्ने देखिएन। विवादित साबिक कि.नं. ४०६९ को ०-१-४ बिगाहा जग्गामा प्रतिवादी हरिकिसुनले मिति २०५३।०२।१७ मा लगत कायम गराइसकेकोले उक्त जग्गामध्ये पूर्वबाट ०-०-४१/३ बिगाहा जग्गाको लगत कायम गर्न नमिल्ने भनी मालपोत कार्यालयबाट मिति २०६२।१० १९ मा टिप्पणी आदेश भएको भनी मिति २०६३।०२।२३ मा वादीले थाहा पाई आफ्नो नाममा उक्त जग्गाको लगत कायम गरिपाउँ भनी फिराद लिई अदालत आएकै देखिने।

२०१९ सालमा प्रतिवादीले छुतहरूबाट फिर्ता लिएको कुरा स्थापित हुन नसकेको २०२२ मा भरिएको ७ नं. फाँटवारीमा छुतहरूले सोही जग्गा उल्लेख गरेको देखिएकोसमेतबाट उक्त विवादित जग्गामा वादीको लगत कायम हुने ठहराएको उच्च अदालत राजविराजको मिति २०६८।०२।०९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दीपशिखा मुनाकर्मी

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल फागुन १५ गते रोज २ शुभम्।

**१२**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०६९-WO-०३५६, उत्प्रेषण, साबित्रीदेवी माडवारीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

मजडिहा पिपरा गा.वि.स. वडा न. ३ कि.नं. १ ज.वि. ०-२-९-० तथा कि.नं. २ ज.वि. ०-४-०-० जग्गा फिल्डबुकमा खाडल र पर्ती भनी जनिइएको भए तापनि साबिक प्रमाणहरूका आधारमा तत्कालीन भूमि प्रशासन कार्यालयले मिति २०२८।१२।२ मा निर्णय पर्चाबाट जग्गाधनी प्रमाणपुर्जा दिएकोमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६९।४।१५ को सचिवस्तरीय निर्णयका आधारमा उक्त जग्गालाई आवश्यक छानबिन गरी व्यक्ति विशेषको नाममा रहेको दर्ता लगत कट्टा गरी नेपाल सरकारका नाममा दर्ता गरी सोको जानकारी यस मन्त्रालयमा पठाउनु भन्ने बेहोराको आदेशसहितको पत्र भूमिसुधार तथा व्यवस्थापन विभाग मार्फत मालपोत कार्यालय पर्सामा पत्राचार भएको विषयसमेतलाई विपक्षीहरूले गैरकानूनी र अदालतबाट प्रतिपादित सिद्धान्तहरूको प्रतिकूल भनी मुख्य रूपमा मागदाबी लिइएको देखिन्छ। मिसिल संलग्न जग्गाधनी स्रेस्तामा मिति २०२८/१२/०२ को निर्णयबमोजिम जिल्ला पर्सा, मजडिहा पिप्रा गा.वि.स. वडा नं. ३ कि.नं. १ जग्गा बिगाहा ०-२-९ तथा कि. नं. २ मा जग्गा बिगाहा ०-४-० समेतको जग्गा ऐलानी पर्ती खाल्डोबाट संशोधन भई सावित्रीदेविको नाममा नम्बरी कायम हुन आएको भनी उल्लेख भएको देखिने।

जहाँसम्म निवेदकको उक्त जग्गा क्षेत्राधिकारबाहिर गई भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिवस्तरको मिति २०६९/०३/१९ को निर्णयबमोजिम भूमि सुधार तथा व्यवस्थापन विभागलाई मिति २०६९/०४/१५ को पत्रबाट नेपाल सरकारको नाममा दर्ता गर्न निर्देशन दिएको र विभागको मिति २०६९/०४/२१ को पत्रबाट उक्त जग्गा नेपाल सरकारको नाममा दर्ता गर्न निर्देशन दिएको भन्ने जिकिर छ; तालुक निकायहरूले मातहतका कार्यालयहरूलाई यस प्रकारको पत्राचार गर्नुलाई स्वाभाविक रूपमा लिनुपर्ने हुन्छ। मालपोत कार्यालय, पर्साबाट यस सम्बन्धमा कुनै कारबाही

भएकोसमेत नदेखिएबाट भूमि सुधार तथा व्यवस्था मन्त्रालयको सचिवस्तरको निर्णयबमोजिम गरिएको उक्त पत्राचारसमेतलाई ऐ.ऐनको दफा २४ को उपदफा २ को प्रयोग गरेको भन्न मिल्ने नदेखिएकोले क्षेत्राधिकारबाहिर गई सो जग्गा नेपाल सरकारको नाममा कायम गर्न निर्देशन दिएको भन्ने निवेदकको जिकिरसँग सहमत हुन नसकिने।

भूमिसुधार तथा व्यवस्था व्यवस्था मन्त्रालयको सचिवस्तरको मिति २०६९/०३/१९ को निर्णय तथा उक्त निर्णयबमोजिम भूमिसुधार तथा व्यवस्था विभागलाई गरिएको सोही मन्त्रालयको मिति २०६९।०४।१५ को पत्र तथा भूमिसुधार तथा व्यवस्थापन विभागको मिति २०६९।०४।१५ को पत्रलगायतका काम कारबाही उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने रिट निवेदक सावित्री माडवारीसमेतको मागबमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : पुष्कल राज प्रसाई

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७९ साल भदौ २७ गते रोज २ शुभम्।

**१३**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CI-०३८१, अंश चलन, लालबहादुर कार्की वि. झम्कबहादुर कार्की*

पुनरावेदकले मुख्यतः २०५५।१०।१२ को अंश भरपाईलाई प्रत्यर्थीले जानकारी हुँदाहुँदै चुनौती नदिई बसेको भन्ने जिकिर लिएको देखियो। सोतर्फ हेर्दा, सामान्यतया पारित कागजले मान्यता पाउने हुन्छ। प्रतिउत्तरपत्रको प्रकरण नं. (ख), तेस्रो हरफ हेर्दा, प्रत्यर्थीले पाउने अंश भागको जग्गा आमा कृष्णकुमारीको नाममा जिम्मा राखेको भनी उल्लेख गरेको देखिन्छ। तर मिति २०५५।१०।१२ मा यी तीन दाजुभाइ र आमा कृष्ण कुमारीबिच भएको लिखत हेर्दा, आमाको नाममा जिम्मा राखिएको जग्गा यी जेठो छोरा ख बहादुर र माहिला छोरा झम्कबहादुरको मात्र अंश भाग नभई आमा कृष्ण कुमारीसमेतको अंश भाग भनी आमा जिम्मा रहने गरी कागज गरिएको देखियो। साथै, उक्त भरपाईमा जेठो छोरा ख बहादुर भन्ने कृष्णबहादुर र प्रत्यर्थी वादी झम्कबहादुरको सहीछाप मन्जुरी रहेको नदेखिने।

प्रतिउत्तरपत्र हेर्दा, यी प्रत्यर्थी/वादीले अंश बुझेको भन्ने देखिँदैन। वादी प्रतिवादीको पेटबोलीमा उल्लिखित ख बहादुरलाई मुलुकी ऐन, अ.व.को १३९ नं. बमोजिम बुझ्न उच्च अदालत पाटनले गरेको आदेशानुसार बुझिएका ख बहादुर भन्ने कृष्ण बहादुर कार्कीले जवाफ नं. ३ मा तीन दाजुभाइबिच मालपोत कार्यालय, धादिङबाट मिति २०३० मा अंशबन्डा भएको भनी उल्लेख गरे पनि मिति २०५५।१०।१३ को कागजमा निजलाई अंश छुट्याइएको देखिन्छ। अंश भरपाईमा तीनै जनाबिच पुनः अंशबन्डा गर्नुपर्ने आवश्यकता किन पर्न गयो भनी खुलाउन सकेको पाइँदैन। त्यसैगरी, आफ्नो भागको जग्गा कमसल र नराम्रो भएकोले जम्मा जग्गाको ३५-६-१-१ क्षेत्रफल आफ्नो नाममा रहेको र आमासमेतका अन्य तीन जना अंशियारको भागको जग्गा असल र खेतीयोग्य भएकोले जम्मा जग्गाको ९-१-०-२ क्षेत्रफल रहने गरी अंशबन्डा गरिएको भन्ने पुनरावेदकको प्रतिवादसमेत जग्गाको मूल्याङ्कन प्रमाणको अभावमा चित्त बुझ्दो नदेखिने।

फिराद दाबी पुग्न नसक्ने ठहर गरी सुरू जिल्ला अदालतबाट मिति २०७०।०८।२० मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पेस हुन आएको तायदातीमा उल्लिखित दर्ता स्रेस्ताबाट भिडेबमोजिमको सम्पूर्ण सम्पत्तिलाई वादी दाबीबमोजिम ३ भाग लगाई सो ३ भागको १ भाग

सम्पत्ति यी पुनरावेदक वादीले अंश भाग छुट्याई चलनसमेत चलाइपाउने ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७२।११।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दीपशिखा मुनाकमी

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल फागुन १९ गते रोज ६ शुभम्।

**१४**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७९-WO-०६३९, उत्प्रेषण, शवनम शिवाकोटी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

मन्त्रिपरिषद्को मिति २०७१।१०।२९ को निर्णयपूर्व मन्त्रिपरिषद्को मिति २०७१।१०।२२ को निर्णयबाट यी निवेदकले मिति २०७१।१०।१९ देखि ज्येष्ठता कायम हुने गरी रा.प. प्रथम श्रेणीको पदमा नियुक्ति पाएको र सो नियुक्ति कहीँकतैबाट बदर नभएको अवस्था रहे भएको देखिन्छ । उक्त मितिबाट ज्येष्ठता कायम गर्ने विषयमा सेवासम्बन्धी मन्त्रालयलाई आपत्ति भएको पनि लिखित जवाफबाट देखिँदैन । मिति २०७१।१०।१९ बाट ज्येष्ठता कायम भएको विषयमा निवेदकलाई कानूनबमोजिम सूचना दिई उक्त ज्येष्ठता परिवर्तन गरिएको नपाइएको अवस्थामा ज्येष्ठताबारे लामो समयपछि आएर निजको हकहित प्रतिकूल निर्णय गरिएको देखिने।

निवेदक शवनम शिवाकोटीलाई नेपाल कृषि सेवाको कृषि प्रसार समूहमा रा.प. प्रथम श्रेणी (आ.प्र.) मा नियुक्ति गर्दा मिति २०७१।१०।२० को कृषि विकास मन्त्रालयको निर्णय, मिति २०७१।१०।२२ को मन्त्रिपरिषद्को निर्णय र मिति २०७१।१०।२५ को कृषि विकास मन्त्रालय, कर्मचारी प्रशासन शाखाबाट बढुवा नियुक्तिपत्र गरी सबै पत्रहरूमा मिति २०७१।१०।१९ देखि ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति गरिएको भनी आधिकारिक पत्र जारी गरी कार्य-जिम्मेवारीसमेत दिइसकेको अवस्थामा मिति २०७१।१०।२९ को मन्त्रिपरिषद्को बैठकले गरेको निर्णयको आधारमा मिति २०७१।१०।२२ देखि अर्थात् मन्त्रिपरिषद्को निर्णय मितिदेखि ज्येष्ठता कायम हुने भनी गरिएको बढुवा समितिको निर्णयले कर्मचारीको वृत्ति विकासमा असर पर्ने अवस्था रहन गएको देखियो । यसरी पछिबाट निर्णय गरेर भइसकेको कामलाई असर पर्ने गरी कुनै निर्णय गर्ने अख्तियारी कानूनले मन्त्रिपरिषद्लाई प्रदान नगरेको हुँदा मन्त्रिपरिषद्को मिति २०७१।१०।२९ को निर्णय नेपालको संविधानको धारा १८ द्वारा प्रत्याभूत समानताको हक, निजामती सेवा ऐन, २०४९ को दफा ५८ तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत भई त्रूटिपूर्ण देखिने।

निजामती सेवा ऐन, २०४९ को दफा १९(२)(ख)(१)(२) बमोजिम बढुवा प्रयोजनको लागि सोही ऐनको दफा २०(१) बमोजिम गठित बढुवा समितिद्वारा तयार गरेको सूचिमा निवेदकको ज्येष्ठता मिति २०७१।१०।१९ बाट गणना हुने गरी गर्नुपर्नेमा अन्यथा गरिएको पाइएकोले बढुवा समितिको मिति २०७९।९।५ को निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदकको नेपाल कृषि सेवाको कृषि प्रसार समूहमा रा.प.प्रथम श्रेणी सहसचिव पदमा मिति २०७१।१०।१९ देखि ज्येष्ठता कायम हुने गरी कानूनबमोजिम जुन निर्णय गर्नुपर्ने हो गर्नु भनी विपक्षीहरूको नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत : दिप्ती पौडेल

इति संवत् २०७९ साल चैत्र ६ गते रोज २ शुभम्।

**१५**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार चुडाल**, *०६९-WO-०६५९,*

*उत्प्रेषण / परमादेशसमेत, दिल्ली पब्लिक स्कुलसमेत वि. श्रम अदालत, अनामनगर, काठमाडौंसमेत*

मिति २०६३।०८।०१ गते दिल्ली पब्लिक स्कुलमा बस हेल्परको रूपमा सेवा प्रवेश गरेका प्रत्यर्थी संजयकुमार नटले मिति २०६७।०९।१२ गतेको दिन १ दिनको बिदा स्वीकृत गराई बिदामा बसेको तर बिदा स्वीकृत भएको अवधिपश्चात् पनि मिति २०६७।०९।१२ देखि मिति २०६७।११।०१ सम्म प्रतिष्ठानमा हाजिर हुन नआएको प्रतिष्ठानको हाजिर कापीबाट देखिन्छ । पूर्वजानकारी नगराई ४८ दिन बिदामा बसी सोपश्चात् मात्र प्रतिष्ठानमा उपस्थित भएको हुँदा संजयकुमार नटले श्रम ऐन, २०४८ को दफा ५२ (ग२) विपरीत कार्य गरी खराब आचरण गरेको भनी प्रतिष्ठानले निजसँग स्पष्टीकरण माग गरेको र सो अनुसार प्रत्यर्थीले आफू बिरामी परेको कारण हाजिर हुन नसकेको कुरा उल्लेख गरी स्पष्टीकरण गरेको देखिन्छ । उक्त स्पष्टीकरण सन्तोषजनक नरहेको भनी प्रतिष्ठानले निजलाई अवकाश दिने निर्णय गरेकोमा सो निर्णय त्रूटिपूर्ण रहेको भनी श्रम अदालतले फैसला गरेको पाइने ।

श्रम अदालतले गरेको फैसला हेर्दा, संजयकुमार नटले प्रतिष्ठानमा पेस गरेको स्पष्टीकरणमा आफू ४८ दिनसम्म उपस्थित नहुनुको कारण आफ्नो स्वास्थ्य अवस्था रहेको बताएका छन् । निजले आफू जन्डिसले गम्भीर रूपमा थलिएर बेड रेस्टमा रहेकोले हाजिर हुन नसकेको बताई चिकित्सकको प्रेसक्रिप्सन र प्याथोलोजी परीक्षणसमेत पेस गरेको देखिन्छ । मिति २०६७/९/१२ को प्याथोलोजीको रिपोर्ट (BLOOD TEST REPORT) मा जन्डिस हुँदा शरीरमा देखिने BILIRUBIN को मात्रा ८.६ (TOTAL) भई उच्च बिन्दुमा पुगेको र चिकित्सकको प्रेसक्रिप्सन पनि प्रत्यर्थी संजयकुमार नट FULL BED REST मा रहनुपर्ने भनी उल्लेख भएको पाइन्छ । प्रेस्क्रिप्सन लेख्ने डा. रविन्द्रकुमार सिंह तथा शिवम् प्याथोलोजी ल्याबका एस. एन. यादवले श्रम अदालतमा गरेको बकपत्रले पनि यस कुरालाई पुष्टि गरेको देखिन्छ । यसरी प्रत्यर्थी संजयकुमार नटले आफूलाई जन्डिस भई उपचारको क्रममा रहेको र FULL BED REST मा रहनुपर्ने अवस्था भएको उल्लेख गरी प्रमाणसहितको स्पष्टीकरण पेस गरेको देखिने ।

दिल्ली पब्लिक स्कुलले आफ्नो लिखित जवाफमा प्रत्यर्थीले पेस गरेको चिकित्सकको प्रेसक्रिप्सन र प्याथोलोजी परीक्षण निजी अस्पतालको भएको हुँदा विश्वसनीय नरहेको भन्ने आधार लिएको देखिन्छ। बिरामी भएमा उपचार निजी अस्पतालमा पनि गर्न सकिने नै हुन्छ । चिकित्सक स्वयम् पनि आचरणबाट विमुख हुन सक्दैन। उपचार गर्ने चिकित्सकलाई साक्षी परीक्षणको रूपमा बकपत्र गराइएको पाइन्छ। उक्त बकपत्रसमेतबाट प्रेसक्रिप्सन र प्याथोलोजी परीक्षण प्रतिवेदन अन्यथा पुष्टि नभएको स्थितिमा सो प्रतिवेदनलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नै देखिने।

प्रत्यर्थीले प्रतिष्ठानमा गैरहाजिर भएको अवधिमा अन्य रोजगारीमा संलग्न रही ना २ ख १४६९ को भाडाको ट्रक चलाउँदा नवलपरासीको बर्दघाटमा उक्त ट्रकले ना ३ ख ३६४४ नं. को बसलाई ठक्कर दिएको भन्ने जिकिरसमेत निवेदकले लिएको देखिन्छ। निवेदकको उक्त जिकिरबमोजिम सम्बन्धित प्रहरी कार्यालयमा पत्राचारसमेत गरिएकोमा यी चालक नै सो दुर्घटनाको बखत उपस्थित रहेको भन्ने शंकारहित अवस्था स्थापित हुन आएको पाइँदैन । निवेदकले लिएको सो दाबीको पुष्टि गर्नुपर्ने प्रमाणको भार निवेदकको रहेकोमा निजले कुनै पनि सबुत प्रमाणबाट सो पुष्टि गर्न सकेको अवस्था छैन । श्रम ऐन, २०४८ को दफा ५१ मा उल्लिखित "खराब

आचरण" कर्मचारीको नियतसँग सम्बन्धित रहेको छ । प्रत्यर्थी संजयकुमार नटले बिरामी परेको कारण हाजिर हुन नसकेको अवस्थालाई खराब आचरण वा बद्नियतका साथ कार्य गरेको भनी सेवाबाट अवकाश दिनु श्रम ऐन, २०४८ को दफा ५१ को विपरीत देखिनुको साथै न्यायोचित पनि नदेखिने ।

अतः उपर्युक्त आधार, कारणबाट जन्डिस लागेर बिरामी परी बाध्यात्मक अवस्थाको कारण घरमा बेड रेस्टमा रहेका कर्मचारी संजयकुमार नटलाई श्रम ऐनको दफा ५२ को उपदफा (४) बमोजिम सेवाबाट हटाउने गरी भएको निर्णय खारेज गर्ने गरी मिति २०६९/२/१७ मा श्रम अदालतले गरेको फैसला कानूनसम्मत नै देखिन आएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : सदन अधिकारी, श्रेया संजेल

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७९ साल साउन १८ गते रोज ६ शुभम् ।

**१६**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७१-WO-०८५९, उत्प्रेषणसमेत, प्रकाश पोखरेलसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नक्साल काठमाडौंसमेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क बमोजिम यी निवेदकहरूलाई विभागीय सजाय गर्न लेखी पठाएको सम्बन्धमा हेर्दा नेसनल ट्रेडिङ लिमिटेड वण्डेड वेयर हाउसमा मदिरा रहेको गोदाम सिल गरिएको अवस्थामा रहने र गोदामबाट बिक्री कक्षमा मदिरा डेलिभरी गर्दा भन्सार प्रतिनिधि, आन्तरिक राजश्व कार्यालयका प्रतिनिधि, वण्डेड वेयर हाउसका कार्यालय प्रमुख, जिन्सी प्रमुख, सामान बुझिलिने बिक्री कक्षको कर्मचारी, सम्बन्धित गोदाम किपरसमेतको उपस्थितिमा TRANSFER ISSUE NOTE मा हस्ताक्षर गराई मदिराको परिमाणसमेत खुलाई गोदामबाट मदिरा निकाली पुनः गोदाम सिल गरिने र गोदामको एक थान साँचो भन्सार प्रतिनिधि र अर्को थान साँचो गोदाम किपरको जिम्मामा रहने व्यवस्था रहेको भन्ने तथ्य अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७१।४।१५ को बैठकको निर्णयबाट समेत देखिने ।

सोही तथ्यको सम्बन्धमा वण्डेड वेयर हाउसको गोदामको एक थान साँचो गोदाम किपर दिपेन्द्र अधिकारीसँग रहने र उक्त गोदामका सामानहरूको पूर्ण जिम्मेवारी निजकै हुने र निजको सहमति, स्वीकृति र संलग्नताविना उक्त गोदाम खुल्न नसक्ने हुँदा मुचुल्काबाट घटी हुन आएका सामानहरू निज गोदाम किपर दिपेन्द्र अधिकारीबाट असुलउपर गर्नुपर्ने भनी छानबिन उपसमितिले मिति २०७०।६।२० मा दिएको प्रतिवेदनको निष्कर्ष ३ मा समेत उल्लेख गरेको पाइन्छ । यसरी गोदामको चाबी गोदाम किपरसँग रहने र गोदामको सामान निज जिम्मा रहने अवस्था हुँदा निज गोदम किपर दिपेन्द्र अधिकारी र तत्कालीन कार्यालय प्रमुख भरतबहादुर बस्नेतसमेतउपर आफ्नो जिम्मामा रहेको १०९० बोतल मदिरा हिनामिना गरेको भनी विशेष अदालत काठमाडौंमा सरकारी सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको भनी मुद्दा चलेकोसमेत देखिन्छ । उक्त मुद्दामा मिति २०७२।११।६ मा विशेष अदालतबाट फैसला हुँदा दिपेन्द्र अधिकारीले दाबीअनुरूप कसुर गरेको ठहर भएको मिसिल संलग्न फैसलाको प्रतिलिपिबाट देखिने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) का आधारमा अनुचित कार्य गरेको भनी अख्तियार दुरूपयोग

अनुसन्धान आयोगबाट कारबाहीका लागि गरिएको सिफारिसका सम्बन्धमा हेर्दा ऐ. को देहाय (छ) मा "आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने कुनै पदीय कर्तव्य पालना नगरेको" भन्ने देखिन्छ । रिट निवेदक प्रकाश पोखरेल आफू कार्यालय प्रमुख हुँदा मिति २०७०।५।९ मा भन्सार तिरी २०७०।५।१२ मा गोदाममा ठुलो परिमाणमा सामानहरू घटी देखिएकोले के कति कारणबाट घटी भएको तथा डेलिभरी दिन नसकेको कारणसमेत खुलाउन गोदाम किपर दिपेन्द्र अधिकारीलाई सोधेको भन्ने तथ्य छानबिन उपसमितिको मिति २०७०।६।२० को निष्कर्ष नं. १ बाट देखिन आयो । साथै स्टोरका सामान हिनामिना गरेको भनी महाप्रबन्धक तथा आन्तरिक परीक्षण तथा नियन्त्रण विभागसमेतलाई निज निवेदकले मिति २०७०।५।१३ मा जानकारी गराएको भन्ने तथ्य निजले मिति २०७१।८।१४ मा सञ्चालक समितिसमक्ष दिएको पुनरावेदनको बेहोराबाट देखिन आउँछ। यसबाट यी रिट निवेदकले गोदाममा घटी हुन आएको सामानको सम्बन्धमा सम्बन्धित व्यक्तिलाई सोधपुछ गरेको र सम्बन्धित निकायमा जानकारीसमेत गराएको अवस्था देखियो । उल्लिखित अवस्थाहरूबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) अनुसार यी रिट निवेदकहरूले अनुचित कार्य गरी पदीय कर्तव्य पालना नगरेको भन्ने तथ्यसँग सहमत हुन सकिएन। यस अवस्थामा ऐ. को दफा १२ (क) बमोजिम विभागीय कारबाही गर्न लेखी पठाउने गरी भएको निर्णय र सोबमोजिमको पत्राचार कानूनअनुरूप भएको मान्न नमिल्ने।

जहाँसम्म अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको कारबाहीउपर अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग बमोजिम पुनरावेदन गर्न सकिनेमा पुनरावेदनमा नगएको भन्ने कुरा छ, सो सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दफा १२ख र दफा ३५ग बमोजिम जरिवाना वा रकम भराउने आदेश दिएकोमा वा अन्य कुनै आदेश दिएकोमा अधिकार क्षेत्र वा अख्तियारको प्रश्न उठेकोमा उक्त दफाबमोजिम पुनरावेदन नगएको भन्ने आधारमा मात्र रिट क्षेत्रबाट उपचारको निम्ति यस अदालतमा प्रवेश गरिसकेको अवस्थामा निवेदकको सुनुवाइ गर्न इन्कार गर्नु हुँदैन भन्ने मान्यताका साथ शैलदेवी महतो विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत भएको ०७२-WF-०००१ को निवेदनमा यस अदालतको पूर्ण इजलासबाट मिति २०७८।५।१७।५ मा निर्णय भएकोसमेत पाइँदा सो सन्दर्भमा विद्वान् सह न्यायाधिवक्ताले लिएको जिकिर स्वीकार गर्न नमिल्ने।

रिट निवेदकहरूलाई एकपटक कारबाही भइसकेको विषयमा पुनः विभागीय सजाय गर्ने अधिकारीबाट आवश्यक कार्यविधि पुर्‍याई सजाय गर्नुपर्ने आधार र कारण खुलाई सूचना दिई स्पष्टीकरण लिई स्पष्ट रूपमा संस्थालाई हानि नोक्सानी पुर्‍याएको देखाउन नसकी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको मिति २०७१।४।१५ को बैठकको निर्णय, सोका आधारमा नेसनल ट्रेडिङ्ग लिमिटेडका महाप्रबन्धकलाई मिति २०७१।६।३ मा लेखेको पत्र, सो पत्रको आधारमा नेसनल ट्रेडिङ्ग लिमिटेडका महाप्रबन्धकले खाइपाइआएको वेतनमानको तल्लो स्थानमा ओरालिएको मिति २०७१।७।२७ को निर्णय र सो निर्णयलाई सदर गरेको सञ्चालक समितिको मिति २०७१।११।१२ को निर्णय र सोका आधारमा यी रिट निवेदकहरूलाई जानकारी गराइएका सम्पूर्ण पत्राचार तथा कार्यहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । यी निवेदकहरूउपरको कारबाही

गैरकानूनी भई उत्प्रेषणको आदेशद्वारा बदर भएको हुँदा निवेदकहरूले कानूनबमोजिम खाइपाई आएको तलबमान कायम गर्नु भनी विपक्षीहरू २, ३ र ४ का नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : निर्मलाकुमारी खडका

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल भदौ १४ गते रोज ३ शुभम् ।

१७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७५-CR-१४८१, जबरजस्ती करणी, गोकर्ण सिंजाली मगर वि. नेपाल सरकार*

मेरो नाबालिका अपाङ्ग छोरी ६४ छिन्चु (९क) लाई प्रतिवादी गोकर्ण सिंजाली र खड्गबहादुर रूचालले ललाइफकाइ डर, त्रास देखाई एकान्त जङ्गलमा लगी पालैपालो जबरजस्ती करणी गरेको हुँदा निज अन्यायीहरूलाई खोजतलास गरी पक्राउ गरी कानूनबमोजिम कारबाही गरी निज पीडित छोरीलाई पुग्न गएको शारीरिक तथा मानसिक अवस्थामा हेरी मनासिब क्षतिपूर्तिसमेत निज अन्यायीहरूबाट दिलाई भराइपाउँ भन्नेसमेत बेहोराको पीडितको बाबुको किटानी जाहेरी परेको देखिन्छ भने म रिचार्ज कार्ड किनी घर फर्की आउने क्रममा जिल्ला सुर्खेत नेटा गा. वि. स. वडा. नं. ९ स्थित बैजपानीको जङ्गलमा आइपुग्दा प्रतिवादीहरू गोकर्ण सिंजाली र खड्कबहादुर रूचालले चाउचाउ देखाई ललाइफकाइ मेरो इच्छाविपरीत पालै पालो जबरजस्ती करणी गरी प्रतिवादीहरू उक्त स्थानबाट भागी गएका हुन् भनी पीडित ६४ छिन्चु (९क) ले अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गरेको देखिन्छ । पीडित परिवर्तित नामथर ६४ छिन्चु (९क) लाई बैजपानीको जङ्गलको बाटोमा फेला पारी मसँगै रहेका मेरा साथी प्रतिवादी खड्कबहादुर रूचाल मगरले निज पीडितलाई २ वटा चाउचाउ खान दिएर ललाइफकाइ गरी बाटोभन्दा मुनि लगी निज पीडितको इच्छाविपरीत जबरजस्ती करणी गरेर आएपछि म पनि सोही स्थानमा गई पीडितको इच्छाविपरीत जबरजस्ती करणी गरेको हुँ । जबरजस्ती करणी गरिसकेपछि निज पीडित ६४ छिन्चु (९क) रून थालिन  मैले नरोऊ करणी गरेको कुरा कतै नभन्नु भन्न लाग्दा सोही समयमा मैले नाम, थर, वतन नचिनेका २/३ जना बालबालिकाहरू आएपछि म केही नबोली चुप लागी बसेँ भनी अधिकार प्राप्त अधिकारीसमक्ष साबित रही बयान गरेको देखिन्छ । घटनास्थल प्रकृति मुचुल्का, स्वास्थ्य परीक्षण प्रतिवेदनसँग तादाम्यता हुने गरी र सो कार्य यी प्रतिवादी गोकर्ण सिंजालीले गरेको हुन् भनी घटना विवरणमा कागज गर्ने वारदातको प्रत्यक्षदर्शी देउरूपा सिंजालीले मौकामा कागज गर्दा साथीहरूसँग खेल्न बैजपानी जंगलको बाटो जाँदै गर्दा प्रतिवादीहरू गोकर्ण सिंजाली र खड्गबहादुर रूचालले पीडितलाई बाटोदेखि तल लतारेर लाँदै गरेको देखी डर लागी हतार हतार घर आएर खबर गरेको हुँ भनी उल्लेख गरेको पाइन्छ । त्यस्तै मौकामा अनुसन्धानको क्रममा कागज गर्ने अनिता तारम, लक्ष्मी तारम र धनबहादुर खनालसमेतका व्यक्तिहरूले सोही बेहोरासँग मिल्दोजुल्दो कागज गरेको पाइयो । देउरूपाले खबर गरेबमोजिम नै पीडितको परिवारका सदस्यहरू वारदातस्थलमा पुगी पीडितलाई उद्धार गरेको वारदात र प्रतिवादीको संलग्नता पुष्टि हुने ।

पीडित ६४ छिन्चु (९क) लाई प्रतिवादीले जबरजस्ती करणी गरेको हुँदा कारबाही गरिपाउँ भनी किटानी जाहेरी दरखास्त दिई सो जाहेरी दरखास्तलाई समर्थन गर्ने गरी पीडितले मौकामा र अदालतमा आई बकपत्र गर्दा प्रतिवादीले जबरजस्ती करणी गरेको भनी लेखाइदिएको, जाहेरवालाले जाहेरीको बेहोरालाई

समर्थन गर्ने गरी अदालतमा बकपत्र गरेको, घटनाको प्रत्यक्षदर्शी देउरूपा सिंजालीले मौकामा कागज गर्दा प्रतिवादीले पीडितलाई घिसार्दै बाटोमुनि लगेको देखेको भनी लेखाइदिएको, पीडितको कन्याजाली च्यातिएको र पीडितको भेजिनल स्वाबमा मानव वीर्य पाइएको भन्ने पीडितको स्वास्थ्य परीक्षण रिपोर्टमा उल्लेख भएको, घटनास्थल माडिएको र प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा कसुर गरेकोमा पूर्ण रूपमा साबित भई बयान लेखाइदिएको देखिएबाट प्रतिवादीले पीडित ६४ छिन्चु (९क) लाई जबरजस्ती करणी गरेको होइन रहेछ भन्न नमिल्ने।

पीडितको उमेरको विवादका सम्बन्धमा जाहेरवाला पीडितको बाबुले अदालतमा बकपत्र गर्दा पीडितको उमेर अन्दाजी १७ वर्ष लेखाइदिएकोमा पीडितको उमेर १६ वर्षमुनि कायम गरी कारबाही गरेको मिलेन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, वारदात भएको मिति र जाहेरवाला तथा पीडितले अदालतमा आई बकपत्र गरेको मितिमा ३ महिनाको मात्र फरक देखिन्छ। वारदात हुनुपूर्व महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट जारी भएको शारीरिक अपाङ्गता भएको मिति २०६८।०८।१८ को प्रमाण पत्रमा पीडितको जन्म मिति २०५९।०१।२८ उल्लेख भएको देखिएबाट पीडितको उमेर १६ वर्षभन्दा कम देखियो। अपराधको पृष्ठभूमि, मिसिल संलग्न रहेको घटनाको विवरण एवं श्रृङ्खलाहरू मालाकार रूपमा आबद्ध रहेबाट यी पुनरावेदक प्रतिवादीले पीडितको उमेर १७ वर्षभन्दा माथि भएको भनी लिएको जिकिर तथ्यमा आधारीत देखिएन । यस्तो अवस्थामा निजलाई भएको सजाय कम गर्नु कानूनी राज्यको अवधारणा तथा फौजदारी कानूनको मान्य सिद्धान्त एवम् न्यायका रोहमा उचित नदेखिने।

पुनरावेदक प्रतिवादी गोकर्ण सिंजाली मगरलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा सोही महलको ३ (३) नं. बमोजिम ६ (छ) वर्ष कैद र सोही महलको ३ (क) नं. बमोजिम थप ५ वर्षसमेत गरी जम्मा ११ वर्ष कैद सजाय हुने र सोही महलको दफा १० नं बमोजिम रू.३०,०००।- (तिस हजार) क्षतिपूर्तिसमेत पीडितले प्रतिवादीहरूबाट भराइलिन पाउने ठहऱ्याएको सुरू सुर्खेत जिल्ला अदालतको मिति २०७४।१०।१५ मा भएको फैसलालाई सदर गर्ने गरेको उच्च अदालत, सुर्खेतको मिति २०७५।०३।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : निर्मलाकुमारी खड्का

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७८ साल मंसिर २१ रोज ३ शुभम्।

१८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७८-CR-०७८९, सवारी ज्यान र सवारी अङ्गभङ्ग, नेपाल सरकार वि. विष्णु कार्की*

प्रतिवादीले मौकामा तथा अदालतमा बयान गर्दा लापरवाही ढङ्गबाट गाडी चलाएको कुरामा इन्कार रही बयान गरेको, गाडीको ब्रेक फेल भई पैदल यात्रूलाई जोगाउने क्रममा गाडी बिजुलीको पोलमा ठोक्किन गई दुर्घटना भएको भन्ने उल्लेख गरेको देखिन्छ भने गाडीको ब्रेक फेल भएको भन्ने कुरा यान्त्रिक जाँच प्रतिवेदनबाट पुष्टि भएको पाइयो। गाडीमा सवार अस्मिता कटुवालसमेतका घाइतेहरूले गाडीको ब्रेक फेल भई पैदल यात्रूलाई जोगाउनको लागि बिजुलीको पोलमा ठोक्किएको भनी प्रतिवादीलाई निर्दोष भनी बकपत्र गरेको देखिएको छ। सडक दुर्घटना प्रतिवेदन तयार गर्ने प्रतिवेदक कमलदेव यादवले समेत यान्त्रिक कारणले गाडीको दुर्घटना हुन गएको हो भनी बकपत्र गरिदिएकोसमेत

बाट गाडीको ब्रेक फेल भई दुर्घटना भएको भन्ने देखियो । निज प्रतिवादीले मादक पदार्थ सेवन गरी गाडी चलाएको भन्ने कुरा मिसिल संलग्न कागजबाट खुल्न सकेको देखिँदैन । निज प्रतिवादीले सवारी अनुमतिपत्र प्राप्त गरेको देखिन्छ । प्रतिवादी स्वंयले सबै घाइतेहरूलाई अस्पताल पुऱ्याएको, उपचारमा लागेको खर्च तथा क्रिया खर्चसमेत सबै प्रतिवादीले नै उपलब्ध गराएको भन्ने निज प्रतिवादी स्वयम्को भनाइ तथा मनिष तामाङसमेतका घाइतेहरूको बकपत्रबाट देखिएको अवस्था छ । प्रतिवादीले समयमा गाडीको मर्मत सम्भार गराउन नसकेको भन्ने यान्त्रिक जाँच प्रतिवेदनबाट देखिएको छ तर निज प्रतिवादीले जानीजानी, गाडीमा सवार मानिसहरूको ज्यानै जान सक्ने गरी गाडी चलाएको अवस्था भने मिसिलबाट खुल्न सकेको देखिँदैन । यसरी निज प्रतिवादी विष्णु कार्कीले चलाएको गाडी ब्रेक फेल भई यान्त्रिक गडबडीको कारण सवारी दुर्घटना भएको देखिई निज प्रतिवादीउपर सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) को अवस्था विद्यमान भएको अवस्थामा निज प्रतिवादीलाई सवारी ज्यानतर्फ सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम १ वर्ष कैद र रू.२०००।– जरिवाना सजाय गरेको उच्च अदालत पाटनको फैसला कानूनबमोजिम नै देखिने।

प्रतिवादी विष्णु कार्कीले गरेको बयान, घाइतेहरूले गरेको बकपत्र तथा मेकानिकल जाँच प्रतिवेदनको आधारमा सुरू जिल्ला अदालतको फैसला केही उल्टी भई निज प्रतिवादीलाई सवारी ज्यानतर्फ सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम १ वर्ष कैद र रू.२,०००।– जरिवाना हुने तथा अङ्गभङ्गतर्फको कसुरमा ऐ. ऐनको दफा १६२(१) बमोजिम रू.५,०००।– (पाँच हजार रूपियाँ) जरिवाना हुने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७८।५।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : शारदादेवी पौडेल

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल असोज ५ गते रोज ६ शुभम् ।

## १९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री नहकुल सुवेदी**, *०७६-WO-०९०६, उत्प्रेषणसमेत, गणशेखर श्रेष्ठ वि. प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालय, कानून शाखाका वरिष्ठ प्रहरी उपरीक्षकसमेत*

रिट निवेदक पेसाले इन्जिनियर भई नेपाल प्रहरीमा प्राविधिक प्रहरी उपरीक्षक पदमा कार्यरत देखिन्छ । पेसागत रूपमा निजको कार्य प्रहरी सङ्गठनभित्र हुने निर्माण सुपरिवेक्षणसमेतसँग सम्बन्धित देखिन्छ । निजले आफ्नो कार्यको सिलसिलामा ५ नं प्रदेश कार्यालय दाङमा TST (TECHNICAL SUPPORT TEAM) प्रमुखको रूपमा कार्य गर्ने सिलसिलामा आफू मातहतका प्राविधिक अधिकृतहरूलाई धम्क्याएको, गाली गलौज गरेको, रकम माग्ने गरेको, ठेकेदारहरूलाई होटेलमा बोलाइ धम्क्याउने, आफूले खाएको बिल तिर्न लगाउने गरेको आदि विषयमा ठेकेदारहरूको उजुरी र मातहतका इन्जिनियरहरूको प्रतिवेदनसमेत लिई छानबिन गरी निजले प्रहरी नियमावली, २०७१ को नियम १११ को (क) र (ग) को कार्य गरेको भनी ऐ. नियम १०९ को (क) (४) बमोजिम चार वर्ष बढुवा रोक्का गर्ने निर्णय गरेको देखिने ।

सो सन्दर्भमा प्रहरी नियमावली, २०७१ को नियम १११ मा हेर्दा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा पाँच वर्ष तलब वृद्धि रोक्का गर्ने" बारे व्यवस्था गरी देहाय (क) मा आफूले सम्पादन

गर्नुपर्ने काम कारबाहीमा लापरबाही गरेमा भन्ने र देहाय खण्ड (ग) मा यस नियमावली वा अन्य प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा भन्ने व्यवस्था रहेको पाइन्छ भने नियम १०९ मा उचित र पर्याप्त कारण भएमा प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिने छ भन्दै देहाय १०७ (क) मा सामान्य सजाय र देहाय खण्ड (ख) मा विशेष सजायको व्यवस्था गरेको पाइयो । यी निवेदकलाई देहाय खण्ड (क) अर्थात् सामान्य सजायअन्तर्गत खण्ड (४) अन्तर्गतको सजाय गरी ४ वर्ष बढुवा रोक्का गरेको देखिने ।

अब, सो सजायमा कानूनी त्रुटि छ वा छैन भनी हेर्दा यी निवेदकले ठेकेदारहरू ओम साई निर्माण सेवा र न्यू ड्रागन निर्माण सेवासमेतबाट परेको उजुरीका सम्बन्धमा निज मातहत फिल्डमा काम गर्ने इन्जिनियरहरू सुमन दाहाल तथा इन्जिनियर चिरन्जिवी महतोसमेतको प्रतिवेदन लिई विभागीय छानबिन तथा कारबाही भएको देखिन्छ । निजले गरेका गाली, गलौज र दुर्व्यवहारको विषयमा रेकर्ड गरिएको DVD समेत कारबाहीको मिसिल संलग्न देखिन्छ । त्यसको भाषागत लिपिबद्धसमेत मिसिलमा पाइन्छ । यी समस्त तथ्यगत विषयहरूलाई लिएर निजलाई स्पष्टीकरणसमेत सोधी अख्तियारवालाबाट कानूनको उचित प्रक्रिया पूरा गरी कारबाही गरिएको देखिन्छ । सो कारबाहीसम्बन्धी निर्णयउपर यी निवेदकले पुनरावेदन गरेको र पुनरावेदनको रोहबाट समेत विभागीय कारबाहीसम्बन्धी निर्णय सदर भएको देखिने ।

विभागीय कारबाही सम्बन्धमा जे तथ्यहरूलाई आधार गरी निर्णय गरिएको छ सो निर्णय आधारविहीन देखिँदैन । प्रहरी सेवा अनुशासन र मर्यादाको सेवा हो । प्रहरी नायब उपरीक्षकजस्तो पदको व्यक्तिले पदीय मर्यादा नाघी आचरण र व्यवहार गरेको भन्ने कारबाही फायलबाट स्पष्ट भइरहेको अवस्थामा प्रहरी नियमावली, २०७१ अन्तर्गत कारबाही भएको विषयलाई कानूनको उचित प्रयोग भएन भनी मान्न मिल्ने अवस्था नदेखिने ।

अतः उपर्युक्त आधार र कारणहरूबाट यी रिट निवेदकलाई प्रहरी नियमावली, ०७१ को नियम १११ (क) र (ग) को आरोपमा सोही नियमावलीको नियम १०९ (क) (४) बमोजिम चार वर्ष बढुवा रोक्का गर्ने गरी अख्तियारवाला र निर्णय गर्ने वरिष्ठ प्रहरी उपरीक्षकबाट मिति २०७६।०८।१८ मा भएको निर्णय र सो निर्णय सदर गर्ने गरी प्रहरी महानिरीक्षकबाट मिति २०७८।१०।२१ मा भएको निर्णयमा कुनै त्रूटि नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न उचित र आवश्यक नदेखिने । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : निर्मलाकुमारी खड्का

कम्प्युटर : पध्मा आचार्य

इति संवत् २०७९ साल जेठ १० गते रोज ३ शुभम् ।

**२०**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री नहकुल सुवेदी,** *०७७-WO-१०७३, उत्प्रेषण, नितिस कुमार सिंह वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकको नागरिकतामा उल्लेख भएको वर्षको आधारमा कायम हुने जन्ममिति २०१७।२।३१ र निजको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति २०१९।२।२१ भई उक्त दुई जन्ममितिका बिच एक वर्षभन्दा बढी अन्तर देखिन आएकोले पूरा जन्ममिति खुलेको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममितिलाई अवकाश प्रयोजनका लागि जन्ममिति कायम गर्न मिलेन । निजले लिएको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको उमेरका आधारमा मिति २०१७।२।३१ लाई निजको

जन्ममिति कायम गर्नुपर्ने देखियो। निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम निजामती कर्मचारीले अन्ठाउन्न वर्ष उमेर पूरा भएपछि अवकाश पाउने भएकाले विपक्षी राष्ट्रिय किताबखाना (निजामती) ले निवेदकको मिति २०७५।२।३१ मा ५८ वर्ष उमेर पूरा हुने भएकाले सोही मितिबाट अवकाश हुने भनी गरेको निर्णय सो हदसम्म कानूनविपरीत देखिन आएन। निवेदकले अधिक समय काम गरेको आधारमा निवेदकको कानूनबमोजिम अवकाश हुने अवधि भने लम्बिन सक्दैन। अवकाश हुनुपर्ने मिति २०७५।२।३१ नै कायम हुने।

निवेदकले मिति २०७५।२।३१ देखि मिति २०७७।२।१४ सम्म अधिक समय सेवामा रहँदा प्राप्त गरेको तलब भत्तालगायतका अन्य सुविधाहरू सरकारी कोषमा फिर्ता गर्नुपर्ने नपर्ने भन्ने सम्बन्धमा विचार गर्दा, निजामती सेवा नियमावली, २०५० नियम १० को उपनियम (१) ले निजामती कर्मचारीको वैयक्तिक विवरण तथा अन्य अभिलेख राख्ने कर्तव्य तथा दायित्व निजामती किताबखानामा राखेको देखिन्छ। सोही नियमको उपनियम (२) मा "सेवा समूह सञ्चालन गर्ने मन्त्रालय तथा अन्तर्गतका विभाग र कार्यालयहरूले पनि आफ्नो मातहतका निजामती कर्मचारीको अभिलेख निजामती किताबखानाको अभिलेखसँग दुरूस्त हुने गरी अद्यावधिक गरिराख्नुपर्ने छ" भन्नेसमेतको व्यवस्था उल्लेख भएको देखिँदा सम्पूर्ण निजामती कर्मचारीको वैयक्तिक विवरण सङ्कलन गरी अभिलेख राख्ने, अद्यावधिक गर्ने, सोको निरीक्षणसमेत गरी त्यसमा कुनै त्रूटि भए सच्याउन लगाउनेसम्मको दायित्व कानूनतः विपक्षी राष्ट्रिय किताबखाना (निजामती) मा रहे भएको देखिने।

निवेदक नितिस कुमार सिंहले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, सिटरोल एवम् नागरिकतामा जन्ममिति फरक फरक उल्लेख भएको हुँदा कुन मितिमा अवकाश पाउने हो यकिन गरिपाउँ भनी राष्ट्रिय किताबखाना (निजामती) समक्ष मौकैमा मिति २०७३।५।२४ मा निवेदन दिएको मिसिल संलग्न कागजातबाट देखिएकोमा विपक्षी किताबखानाले उक्त निवेदनउपर कुनै कारबाही चलाई निर्णय गरेको वा सोको जानकारी यी निवेदकलाई दिएको देखिँदैन। अभिलेख हेरी आफैँले अवकाश मितिका सम्बन्धमा सम्बन्धित कर्मचारीलाई सूचना दिनुपर्ने दायित्व भएको विपक्षी किताबखानाले सम्बन्धित कर्मचारीको निवेदन पर्दासमेत तत्काल निर्णय गरी जानकारी नदिनु आफ्नो कानूनबमोजिमको कर्तव्य पूरा गर्न उदासीन रहेको र लापरवाही गरेको मान्नुपर्ने हुन्छ। यी निवेदकले समयमा आफ्नो अवकाशको सूचना नपाएका कारण आफ्नो अवकाश मिति २०७७।२।२१ नै हो भन्ने विश्वासका साथ सो मितिसम्म सेवामा रही कार्यरत रहेको देखिँदा विपक्षी किताबखानाले कानूनले तोकेबमोजिमको कर्तव्य पूरा गरी निजामती कर्मचारीहरूको अभिलेख दुरूस्त राखी समयमै सूचना प्रवाह गरेको अवस्था देखिएन। यसबाट निवेदकलाई अवकाश मितिको सम्बन्धमा द्विविधा सिर्जना भएको देखियो। यसबाट सिर्जित परिस्थिति र परिणामको सम्पूर्ण जिम्मेवारी यी निवेदकले मात्र लिनुपर्छ भन्नु न्यायोचित नदेखिने।

किताबखानाले निवेदकलाई अनिवार्य अवकाशसम्बन्धी पूर्वसूचना नदिएको अवस्था मात्र होइन मिति २०७५।२।३१ मा ५८ वर्ष उमेर पूगी अनिवार्य अवकाश हुनुपर्ने भनी सोको अढाई वर्षपछि मिति २०७७।८।१६ मा मात्र निर्णय तथा पत्राचार भएको देखियो। निजामती सेवा नियमावली, २०५० को नियम १२९(क)(४) बमोजिम निजामती कर्मचारीले अवकाश हुनेभन्दा बढी अवधि सेवामा रही खाएको तलब, भत्ता तथा अन्य सुविधा सरकारी

कोषमा दाखिला गर्नुपर्ने छ भन्ने व्यवस्था देखिए तापनि किताबखाना स्वयम्ले आफूले समयमा अवकाशको सूचना दिनुपर्ने कानूनी दायित्व एवम् जिम्मेवारी पूरा नगरेका कारण यी निवेदक अवकाश हुनुपर्ने समयभन्दा अधिक समय सेवामा रही काम गर्नुपरेको स्थिति देखिन आयो । निवेदकले उमेर ढाँटी वा गलत सूचना दिई वा झुट्ठा प्रमाण पेस गरी अधिक समय सेवामा रही काम गरेको अवस्था नभई किताबखानाले समयमा सूचना नदिएको कारण अधिक समय काम गरेको स्थिति हुँदा निजामती सेवा नियमावली, २०५० को नियम १२९(क)(४) मा उल्लिखित अवकाश हुनुपर्नेभन्दा बढी अवधि सेवामा रही खाएको तलव भत्ता सरकारी कोषमा फिर्ता गर्नुपर्ने भन्ने व्यवस्था यी निवेदकको हकमा आकर्षित हुने अवस्था नदेखिने ।

निवेदकको अनिवार्य अवकाशको उमेरपश्चात् भएको बढुवालाई मान्यता दिन नमिल्ने भन्ने महान्यायाधिवक्ताको कार्यालयबाट उपस्थित सह-न्यायाधिवक्ताको बहस जिकिर छ त्यसतर्फ विचार गर्दा, विपक्षी किताबखानाले निवेदकलाई समयमै अनिवार्य अवकाशको सूचना नदिएकै कारण निवेदकको अवकाश पाउने मितिपश्चात् सरूवा एवम् समायोजन भई स्थानीय तहमा अधिकृतस्तर छैठौँ तहमा पदस्थापन भएको देखिन्छ । कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७(४) बमोजिम स्थानीय तहमा श्रेणीगत आधारमा नभई तहगत आधारमा कर्मचारी रहने व्यवस्था गरेअनुरूप यी निवेदक २०६४ सालदेखि नै ना. सु. सरहको पदमा कार्यरत हुँदा अधिकृतस्तर छैठौँ तहमा समायोजन भएको देखिन्छ । समायोजन ऐनबमोजिम कर्मचारी समायोजन गर्दा एक तह बढाई पदस्थापन समायोजन गरिएकाले निवेदकको अधिकृतस्तर छैठौँ तहको पदस्थापनलाई वस्तुतः बढुवा नभई समायोजन नै मान्नुपर्ने हुन्छ । यस स्थितिमा निजले छैठौँ तहमा रही गरेको कामलाई अवकाश सुविधाको प्रयोजनको लागि मान्यता नदिनुपर्ने कुनै विवेकसम्मत र औचित्यपूर्ण आधार कारण नदेखिने ।

विपक्षी राष्ट्रिय किताबखाना (निजामती)ले निवेदकलाई मिति २०७५।०२।३१ पश्चात् सेवामा रही काम गरेबापत प्राप्त गरेको तलब भत्तालगायतका अन्य सुविधाहरू फिर्ता गर्नु भनी मिति २०७७।८।१६ मा गरेको निर्णय, पत्राचार र सोसम्बन्धी अन्य कार्यसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब निवेदकले मिति २०७५।०२।३१ पश्चात् सेवामा रही प्राप्त गरेको पारिश्रमिकलगायतका आर्थिक सुविधा निवेदकबाट फिर्ता नगराई निवृत्तिभरण अधिकारपत्र बनाइदिनु भनी विपक्षी राष्ट्रिय किताबखाना (निजामती) हरिहरभवन, ललितपुरको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : विनिता भारती

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल जेष्ठ १० रोज ३ शुभम् ।

**२१**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री नहकुल सुवेदी**, *०७३-CR-०४६४, ठगी, नेपाल सरकार वि. अजयकुमार सत्यालसमेत*

प्रमाणको रूपमा पेस हुन आएको युनाइटेड बचत तथा ऋण सहकारी संस्थाको ऋण कर्जासम्बन्धी फायल हेर्दा प्रतिवादीमध्येका सुरेन्द्र पुनको नाउँमा रहेको काठमाडौं जिल्ला, गोंगबु गा.वि.स. वडा नं.४क कि.नं. ४१४७ को जग्गा मालपोत कार्यालय काठमाडौंबाट उक्त सहकारी संस्थाको नाममा मिति २०६१/११/१२ मा धितो जमानतबापत दृष्टिबन्धक पारित गरी रू.३१,७२,८१४/- सम्मको मार्जिन प्रयोग गर्न सक्ने गरी कर्जा स्वीकृत गरी रू.१५,००,०००/- कर्जा लिएको भन्ने देखिन आउँछ । उक्त कर्जा

रकममध्ये रू.पाँच लाख दिपेन्द्र उप्रेतीको, रू. पाँच लाख अजयकुमार सत्यालको र रू. पाँच लाख निरन्जन शर्माको खातामा जम्मा गरिदिनु भनी सुरेन्द्र पुनले निवेदन दिएको तथा दिपेन्द्र उप्रेती र निरन्जन शर्माले समेत आफ्ना नामका रकम प्रतिवादी अजयकुमार सत्यालको खातामा जम्मा गरिदिनु भन्ने निवेदन दिएको हुँदा उक्त निवेदन माग अनुसार रू. पन्ध्र लाख अजय कुमार सत्यालको नाममा जम्मा भएको देखिँदा निजले मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा उल्लेख गरेको आफूले दृष्टिबन्धक राखेको घर जग्गा सुरेन्द्र पुनले आफूबाट फुकुवा गरी युनाइटेड बचत तथा ऋण सहकारी संस्था लि.मा धितो राखी सोबाट आएको रकमले कर्जा तिर्ने भनेबमोजिम निजको नाउँमा कर्जा लिएको हो भनी गरेको बयान समर्थित हुन्छ । सोही घरजग्गा मिति २०६०/११/१२ मा प्रतिवादी सुरेन्द्र पुनले अर्का प्रतिवादी अजयकुमार सत्यालको नाममा दृष्टिबन्धक पारित गरिदिएको मिसिल संलग्न पारित दृष्टिवन्धक लिखतको प्रतिलिपिबाट पनि प्रतिवादीको बयान बेहोरा समर्थित भइरहेको देखिने ।

प्रस्तुत मुद्दामा प्रतिवादी सुरेन्द्र पुनको नाममा रहेको भनिएको काठमाडौं जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ४क को कि.नं.४१४७ को जग्गा र सो जग्गामा बनेको घरसमेत मिति २०६१।११।१२ मा मालपोत कार्यालय डिल्लीबजारबाट युनाइटेड बचत तथा ऋण सहकारी संस्था लि.को नाममा रीतपूर्वक दृष्टिबन्धक पारित गरी १५ लाख रूपियाँ ऋण लिएको अवस्था छ । उक्त ऋण रकममध्ये ऋणी सुरेन्द्र पुनले पाँच लाख रूपियाँ दिपेन्द्र उप्रेतीको, पाँच लाख रूपियाँ अजयकुमार सत्यालको र पाँच लाख रूपियाँ निरन्जन शर्माको खातामा जम्मा गरिदिनु भनी सहकारी संस्थामा निवेदन दिएकोमा निजहरूले आफ्नो नामको उक्त रकम अजयकुमार सत्यालको खातामा जम्मा गरिदिनु भन्ने निवेदन दिएअनुरूप नै सम्पूर्ण रकम अजयकुमार सत्यालको नाउँमा खातामा जम्मा भएको पाइने ।

उल्लिखित बेहोराले यी प्रतिवादीहरूले लिएको ऋणको सावाँ र ब्याज रकम चुक्ता नगरेपश्चात् सावाँ र ब्याजसमेत दिलाई भराइपाउँ भनी जाहेरवाला युनाइटेड बचत तथा ऋण सहकारी संस्था लि.को तर्फबाट परेको जाहेरी अनुसार यी प्रतिवादीहरूउपर ठगीको कसुरमा अभियोजन भएको अवस्था छ । तर प्रतिवादीहरूले जाहेरवाला सहकारी संस्थाबाट कर्जा लिने कारबाही गर्दा ठगीको १ नं. मा परिभाषित रीतले आफ्नो हक नपुग्ने सम्पत्ति झुक्याई गफलतमा पारी अर्काको धनमाल लिए खाएको अवस्था देखिँदैन । प्रतिवादीमध्येका सुरेन्द्र पुनले आफ्नो हकको घरजग्गा रीतपूर्वक मालपोत कार्यालयमा दृष्टिबन्धक जमानतको लिखत पास गरी जाहेरवाला संस्थाको नियमानुसार नै कर्जा स्वीकृत गराई रकम लगेको र यसै लगाउको ०७२-CR-१६९० को किर्ते मुद्दामा आज यसै इजलासबाट यी प्रतिवादीहरूले उल्लिखित कर्जा प्रयोजनका लागि जाहेरवाला सहकारी संस्थामा पारित गरिदिएको धितोको लिखत किर्ते भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला सदर हुने ठहरी आज यसै इजलासबाट फैसला भएकोले आफ्नो नाममा भएको घरजग्गा रीतपूर्वक धितो जमानतको कागज रजिस्ट्रेसन पारित गरी दिएको कर्जा समयमा असुलउपर नभएकै कारण उक्त व्यवहार ठगीको कसुरमा परिणत हुन सक्दैन । यसै विषयमा यस अदालतबाट "कानूनले कसुर नमानेको विषयमा कसैउपर मुद्दा चलाउने र कसुरदार ठहर गर्ने कार्य फौजदारी न्यायको सिद्धान्तविपरीत हुन्छ । देवानी दायित्वअन्तर्गतको विषयलाई समेत मिसाई फौजदारी कसुरमा प्रतिवादीलाई सजाय गर्न जाहेरी

परेको अवस्थामा बलजफ्ती फौजदारी प्रकृतिको विवाद सिर्जना गर्न नहुने (ने.का.प.२०७६, अङ्क १०, नि.नं. १०३७४)" भनी सिद्धान्तसमेत कायम भएको छ । उल्लिखित सिद्धान्तसमेतको आधारमा अभियोग दाबी पुग्न नसकी प्रतिवादीहरूले सफाइ पाउने ठहराएको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म मिलेकै देखिने ।

तथापि प्रतिवादीहरूले जाहेरवाला सहकारी संस्थाबाट कर्जा लगेको र निजहरूले उक्त कर्जा भाखाभित्र चुक्ता गरेको भन्ने मिसिलबाट देखिन नआउँदा प्रतिवादीहरूले आफूले गरेको सर्त कबुलियतनामाबमोजिम जाहेरवाला सहकारी संस्थालाई तिर्नु बुझाउनुपर्ने दायित्वबाट उन्मुक्ति पाउन सक्ने अवस्था देखिन नआएको र कारोबारको प्रकृतिबाट उल्लिखित व्यवहार देवानी दायित्वअन्तर्गतको विषय देखिन आएकाले प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३२ र मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ को दफा ४२ बमोजिम लेनदेनमा परिणत गरी जाहेरवालाले सकार गर्न आएमा यसैबाट मुद्दाको कारबाही र किनारा गर्नु भनी मिसिल काठमाडौं जिल्ला अदालतमा पठाइदिने ।

इजलास अधिकृत : रंजना विश्वकर्मा

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७८ साल फागुन ११ रोज ४ शुभम् ।

## २२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री नहकुल सुवेदी**, *०७२-CR-१६९०, किर्ते, सुरेन्द्र पुन वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.३१, पुतलीसडक शंकरदेव क्याम्पसको अगाडि स्थित युनाइटेड बचत तथा ऋण सहकारी संस्था लि.समेत*

पुनरावेदक प्रतिवादी नेपालमा नै नरही विदेश जापानमा रहेको समयमा निज स्वयम् मालपोत कार्यालयमा उपस्थित भई के कसरी रजिस्ट्रेसन पारित गरिदिएका रहेछन् भन्ने सम्बन्धमा विचार गर्दा प्रस्तुत मुद्दासँग लगाउमा रहेको मुद्दा नं. ०७२-CR-१६९० को ठगी मुद्दामा प्रतिवादी रहेका यी पुनरावेदक सुरेन्द्र पुनले अदालतसमक्ष बयान गर्दा स.ज. ५ मा आफू जापानमै रहेको बेला विवादित जग्गा भाइ पञ्च पुनले खरिद गरिदिएको हो भनी उल्लेख गरेको देखिन्छ भने स.ज. ६ मा मेरो लालपुर्जा, नागरिकता मेरो भाइ पञ्च पुनले लिएको थियो, सो घर जग्गा को कसले पास गरिदियो थाहा छैन । सो समयमा म जापानमा नै थिएँ भनी उल्लेख गरेको पाइन्छ । यसरी वादी सुरेन्द्र पुन एकातर्फ २०५३ सालमा जापान गएर २०६२ सालमा मात्र नेपाल फर्केको भन्ने जिकिर लिएको देखिएको र अर्कोतर्फ २०५९ सालमा विवादित जग्गा खरिद गरिलिँदा निज आफैँ मालपोत कार्यालयमा उपस्थित भई सहीछाप गरेको भन्ने मालपोत कार्यालयको पत्रबाट विरोधाभासपूर्ण अवस्था देखिन आएकोमा यी पुनरावेदकले लगाउको ठगी मुद्दामा गरेको बयानअनुरूप भाइ पञ्च पुनले यी पुनरावेदक सुरेन्द्र पुनको नामबाट मालपोत कार्यालयमा उपस्थित भई रजिस्ट्रेसन पारित गरिलिएको भन्नलाई पनि प्रस्तुत मुद्दाको फिराद दायर गर्दा यी पुनरावेदक वादीले भाइ पञ्च पुनलाई प्रतिवादी नै कायम नगराएको अवस्थामा त्यसतर्फ थप विवेचना गरिरहनु परेन । वस्तुतः जापानमा रहेको व्यक्ति सोही समयमा नेपालमा आई अड्डा अदालतमा स्वयम् उपस्थित भई रजिस्ट्रेसन पारित गरिलिने कुरा व्यावहारिक रूपमा सम्भव देखिँदैन । यस अर्थमा निजको ल्याप्चेछाप नमुना र उक्त जग्गा राजीनामा रजिस्ट्रेसन पारित गरिलिँदाको लिखतमा रहेको छाप दस्तखत नमिल्नु स्वाभाविक देखियो । यस अतिरिक्त पुनरावेदक वादीको नमुना

सहीछापसँग निजको नामबाट २०६० सालमा अजयकुमार सत्याललाई दृष्टिबन्धक पारित गर्दाको लिखतमा लागेको सहीछाप र मिति २०६१/११/१२ मा प्रतिवादी युनाइटेड बचत तथा ऋण सहकारी संस्था लि.लाई गरिदिएको धितो जमानतको दृष्टिबन्धक लिखतको सहीछापसँग समेत नभिडेबाट २०६१ सालको लिखतका सम्बन्धमा मात्र नहेरी समग्र घटनाक्रमका आधारमा वादी दाबी पुग्ने नपुग्ने प्रश्नको निरूपण गर्नुपर्ने देखिन आउँछ । अर्कोतर्फ लिखत परीक्षण प्रतिवेदनबाट २०५९, २०६० र २०६१ सालको तीन वटै लिखतमा लागेको सहीछाप मिले भिडेको देखिन आएबाट २०५९ सालमा वादीको नाउँमा घरजग्गा राजीनामा पारित गरिलिने व्यक्ति र त्यसपछि वि.सं. २०६० र २०६१ सालमा दृष्टिबन्धक पारित गरिदिने एकै व्यक्ति भएको पुष्टि हुन आयो। तथापि यी वादीले लगाउको ठगी मुद्दामा गरेको बयानअनुरूप भाइ पञ्च पुनलाई प्रतिवादी कायम नगरेको र प्रतिवादी बनाइएका अन्य व्यक्तिहरूका हकमा समेत यो यसले यो यसरी किर्ते गरेको भनी स्पष्ट दाबी लिन र सो कुराको पुष्टि हुने अन्य कुनै स्वतन्त्र प्रमाण पेस गर्न सकेको पनि नदेखिने।

प्रतिवादी बनाइएको युनाइटेड बचत तथा ऋण सहकारी संस्थाले मालपोत कार्यालयबाट रीतपूर्वक पारित धितो जमानतको दृष्टिबन्धक लिखतका आधारमा कर्जा प्रवाह गरेको अवस्था छ। कर्जा प्रवाह गर्ने संस्था आफैँले किर्ते गरी वादीको घर जग्गा धितोमा राख्नुपर्ने मनासिब कारण मिसिलबाट देखिन आउँदैन । मालपोत कार्यालयमा सुरेन्द्र पुन आफैँ उपस्थित भई रजिस्ट्रेसन पारित गरिदिएको जग्गा पुनः सोही व्यक्तिले धितो पारित गरिदिँदा एउटा व्यवहार सद्दे र अर्को व्यवहार किर्ते कायम हुन सक्ने अवस्था रहँदैन। जहाँसम्म वादीको नमुना हस्ताक्षरसँग फिरादीको मिति २०६१।११।१२ को लिखतको हस्ताक्षर नमिलेकोले उक्त लिखत किर्ते घोषित हुनुपर्छ भन्ने पुनरावेदन जिकिर छ त्यसतर्फ हेर्दा, उक्त मिति २०६१।११।१२ को लिखतमा लागेको सहीछापसँग निजको नाउँमा रजिस्ट्रेसन पारित गरिलिँदाको मिति २०५९।१२।२७ को लिखतमा भएको सहीछाप र २०६० सालमा अजयकुमार सत्याललाई गरिदिएको दृष्टिबन्धकको लिखतमा लागेको सहीछाप मिले भिडेको देखिएको तर उल्लिखित व्यवहार यी प्रतिवादी जापानमा भएको अवस्थामा भएको देखिँदा निजको हस्ताक्षरसँग लिखतमा भएको हस्ताक्षर नभिड्नु स्वाभाविक देखियो । यसबाट प्रतिवादीहरूले यी वादीलाई नोक्सान पुऱ्याउने र आफूलाई फाइदा पुग्ने गरी नभए नगरेको कुनै काम भए गरेको भनी किर्ते गरेको पुष्टि हुन सक्ने अवस्था नदेखिने।

वादी दाबीको मिति २०६१।११।१२ को दृष्टिबन्धकको लिखत किर्ते ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठह्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७२।६।१७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : रंजना विश्वकर्मा

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७८ साल फागुन ११ रोज ४ शुभम्।

२३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री नहकुल सुवेदी**, *०७४-CR-००२५, सरकारी छाप र दस्तखत किर्ते, प्रेमबहादुर योञ्जन वि. नेपाल सरकार*

आरोपित कसुरमा प्रतिवादी प्रेमबहादुर योञ्जनको संलग्नता रहे नरहेकोतर्फ हेर्दा निज प्रेमबहादुर योञ्जन अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। मौकामा पक्राउ परी अनुसन्धान अधिकारीसमक्ष बयान

भएको देखिन आउँदैन । मौकामा पक्राउ परेका सह-अभियुक्तहरू सुजिता शाही र राम बरालले मौकामा तथा अदालतको बयानमा समेत आरोपित कसुरमा पुनरावेदक प्रतिवादी प्रेमबहादुर योञ्जनको संलग्नता पुष्टि हुने गरी बयान गरेको देखिन आउँछ । प्रतिवादी सुजिता शाहीले मौकामा तथा अदालतमा गरेको बयानमा आफूले एस.एल.सी. को मार्कसिटलगायतका कागजात विदेश जान आवश्यक भएकाले यिनै प्रतिवादी प्रेम योञ्जनसँग कुरा गरी रू.७५०/- तिरी बनाइदिएका भन्ने उल्लेख गरेको एवम् अर्का प्रतिवादी प्रेम योञ्जनको साइबरमा काम गर्ने राम बरालले आफूले प्रेमबहादुर योञ्जनले लिएको अर्डर अनुसार लगाए अह्राएको काम गर्ने भनी बयान गरेबाट आरोपित कसुरमा यी प्रतिवादीको संलग्नता नरहेको भन्ने प्रतिवादीको जिकिर समर्पित हुन आउँदैन । अपितु प्रतिवादी सुजिता शाहीबाट किर्ते गरी तयार गरिएका निजको नाउँको एस.एल.सी. को मार्कसिट सर्टिफिकेटलगायतका कागजातहरू बरामद भएको, किर्ते कागजात तयार गर्न प्रयोग भएको मनिटर, किबोर्ड, माउसलगायतका सामानहरू योञ्जन इन्टरप्राइजेजबाट बरामद भएको तथा उक्त इन्टरप्राइजेज यी प्रतिवादी प्रेमबहादुर योञ्जनको नाउँबाट सञ्चालन भएको देखिन आएबाट निजउपर पोल गरेको सहअभियुक्तहरूको बयान पुष्टि हुने।

उल्लिखित कसुरमा प्रतिवादी प्रेम योञ्जनको के कस्तो भूमिका रहेछ भनी हेर्दा निजसमेतको संलग्नतामा सुस्मिता श्रेष्ठको नामको एस.एल.सी.को सर्टिफिकेटहरूको स्क्यान गरिएको कागजातहरूमा जन्म मिति र नाम परिवर्तन गरी सुजिता शाही ठकुरीको नाम र जन्म मिति राखी तयार पारेको मिसिल प्रमाणबाट प्रस्ट हुने।

प्रतिवादी प्रेम योञ्जनले सुस्मिता श्रेष्ठको नामको एस.एल.सी.को सर्टिफिकेटहरूको स्क्यान गरिएको कागजातहरूमा समुच्चा कागज किर्ते गरेको नभई जन्म मिति र नाम परिवर्तन गरी सुजिता शाही ठकुरीको नाम र जन्म मिति राखी कागजात तयार पारेको अवस्था देखिएको छ भने सो कार्य गरी फाइदा लिने मुख्य व्यक्ति पनि यी प्रेमबहादुर योन्जन नदेखिई निज केवल सेवा प्रदायकसम्म देखिएको अवस्थामा निजलाई मुलुकी ऐन, किर्ते कागजातको १२ नं. बमोजिम थप एक वर्ष कैद गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने।

प्रतिवादी प्रेमबहादुर योञ्जनलाई मुलुकी ऐन, किर्ते कागजको महलको ९ नं. बमोजिम रू. ५० (पचास रूपियाँ) जरिवाना गरी ऐ.१२ नं. बमोजिम थप कैद १ वर्षसमेत सजाय हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१/०७/२३ मा भएको फैसला त्रूटिपूर्ण रहेको देखिँदा केही उल्टी भई निजलाई मुलुकी ऐन, किर्ते कागजातको ९ नं. बमोजिम रू.५०(पचास रूपियाँ) जरिवाना हुने।

इजलास अधिकृत : रंजना विश्वकर्मा

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७८ साल फाल्गुन ११ रोज ४ शुभम्।

## २४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री नहकुल सुवेदी**, *०७२-CR-१५४९, C*

तत्कालीन पुनरावेदन अदालत नेपालगन्जबाट कसुर ठहर भएका अर्का प्रतिवादी दिपेस श्रेष्ठले सो फैसलाउपर यस अदालतमा पुनरावेदन गरेको नदेखिँदा निजका हकमा विचार गर्नु परेन। पुनरावेदक प्रतिवादी असफाक अन्सारीले सुरू अदालतमा बयान गर्दा आफू वारदातस्थलमा नै नभएको र पीडितलाई करणी गरेको पनि होइन भनी आरोपित कसुरमा इन्कार रहेको देखिन्छ। तथापि, निजले मौकामा गरेको बयानमा भने साथीहरूले करणी गरेको देखेर आफूले लास्टमा करणी गर्न

खोजेको तर जाहेरवाला रूँदै कराउँदै भागेकीले आफूले करणी गर्न नपाएको भनी करणीका मनसायले वारदातस्थलमा उपस्थित भएको तथ्यसम्म स्वीकार गरी करणी गरेको भन्ने आरोपित कसुरमा इन्कार रहेको देखिन्छ । यसैगरी, सह प्रतिवादी दिपेस श्रेष्ठ पनि अदालतको बयानमा कसुरमा इन्कार रहेको देखिए तापनि मौकाको बयानमा पहिले प्रतिवादी जितु ठाकुरले करणी गरेको, पालैपालो करणी गर्ने क्रममा असफाक अन्सारीले करणी गर्न खोज्दा जाहेरवाला भागेकी भनी यी प्रतिवादीले जाहेरवालालाई करणी गर्न नपाएको भनी लेखाएको देखिन्छ । आरोपित कसुरमा सहअभियुक्तको पोल भएको नदेखिने ।

उपर्युक्त कसुरमा हुने सजायको सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा, मुलुकी ऐन, जबरजस्ती करणी महलको ५ नं.मा 'जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ' भनी उल्लेख रहेको पाइन्छ । यसैगरी सोही ऐन ऐ. महलको ३क. नं. मा 'कसैले गर्भवती, अशक्त, अपाङ्गता भएका वा होस ठेगानमा नरहेका वा आफ्नो संरक्षण वा हेरविचारमा रहेका महिलालाई जबरजस्ती करणी गरेमा वा जुनसुकै उमेरका महिलाउपर सामूहिक रूपमा जबरजस्ती करणी गरेमा यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ' भनी उल्लेख भएको देखिन्छ । सोही कानूनी प्रावधानको रोहमा पुनरावेदन अदालत नेपालगन्ज, बाँकेले अर्का प्रतिवादी दिपेस श्रेष्ठलाई जबरजस्ती करणीको कसुर ठहर गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ (५) नं. बमोजिम कैद वर्ष ५ (पाँच) र ऐ. ३क नं. बमोजिम सामूहिक जबरजस्ती करणीतर्फ थप कैद वर्ष ५ (पाँच) सजाय गरेको र यी प्रतिवादी असफाक अन्सारीलाई जबरजस्ती करणी उद्योग गरेको देखिएको भनी सोको आधा वर्ष ५ (पाँच) कैद सजाय ठहराई र पीडितलाई प्रतिवादीहरूबाट जनही रू. २५,०००।- (पच्चिस हजार) का दरले क्षतिपूर्ति भराउने फैसला गरेको देखिने ।

अभियोगपत्रमा यी प्रतिवादी असफाक अन्सारीको हकमा सामूहिक रूपमा जबरजस्ती करणीतर्फ थप सजायको मागदाबी गरेको देखिँदैन । उक्त नम्बरको कानूनी व्यवस्था हेर्दा ....... सामूहिक रूपमा जबरजस्ती करणी गरेमा यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ' भन्ने उल्लेख भएको देखिँदा जबरजस्ती करणीको कसुर स्थापित भएको अवस्थामा मात्र जबरजस्ती करणीको महलको ३क नं. बमोजिम सामूहिक रूपमा जबरजस्ती करणी गरेतर्फ थप सजाय हुने देखियो । सो महलको ५ नं बमोजिम जबरजस्ती करणीको उद्योगको कसुर मात्र स्थापित भएको अवस्थामा ऐ. ३क नं. बमोजिम सामूहिक जबरजस्ती करणीतर्फ थप सजाय हुनसक्ने अवस्था नदेखिँदा पुनरावेदक प्रतिवादी असफाक अन्सारीलाई पीडित जाहेरवाली परिवर्तित नाम कल्पना के.सी.लाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५)नं. र ५ नं बमोजिम जबरजस्ती करणीको उद्योगको कसुर गरेको ठहराएको हदसम्म पुनरावेदन अदालत नेपालगन्जको फैसला मिलेको भए तापनि अभियोग मागदाबी नै नभएको विषयमा निजलाई अभियोग मागदाबीभन्दा बाहिर भई जबरजस्ती करणीको महलको ३क नं बमोजिम सामूहिक जबरजस्ती करणीतर्फ थप सजाय गरेको कानूनसङ्गत नदेखिने ।

पुनरावेदक प्रतिवादी असफाक अन्सारीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं बमोजिम ऐ. महलको ३(५) नं. बमोजिम हुने सजायको आधा अर्थात् २ (दुई) वर्ष ६(छ) महिना कैद सजाय हुनेमा सामूहिक जबरजस्ती करणी समेततर्फ कसुर ठहर भएका अर्का प्रतिवादी दिपेस

श्रेष्ठलाई भएको कैद वर्ष १० (दश) को आधा वर्ष ५ (पाँच) कैद सजाय हुने ठहराएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७०।०५।०२ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निजलाई २ (दुई) वर्ष ६(छ) महिना कैद सजाय हुने।

इजलास अधिकृत : दीपशिखा मुनाकमी, शिव वाग्ले

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७८ साल चैत ११ गते रोज ६ शुभम्।

**२५**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री नहकुल सुवेदी**, *०७८-WO-०२६०, उत्प्रेषणसमेत, हरिबहादुर शाह वि. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको वर्षको आधारमा कायम हुने जन्ममिति २०१६।३।१ र निजको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति २०१७।८।१५ भई उक्त दुई जन्ममितिका बिच एक वर्षभन्दा बढी अन्तर देखिन आएकोले पूरा जन्ममिति खुलेको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममितिलाई अवकाश प्रयोजनका लागि जन्ममिति कायम गर्न मिलेन। निजले मिति २०३५।३।१ मा नागरिकताको प्रमाणपत्र लिएको देखिएको र उक्त नागरिकताको प्रमाणपत्रमा निजको उमेर १९ वर्ष उल्लेख भएको देखिँदा सो आधारमा कायम हुन आउने मिति २०१६।३।१ लाई निजको जन्ममिति कायम गर्नुपर्ने देखियो। शिक्षा नियमावली, २०५९ को दफा १३१ को उपदफा (१) बमोजिम शिक्षक कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि अवकाश पाउने भएकाले उक्त जन्ममितिको आधारमा शिक्षा विकास तथा समन्वय इकाइ घोराही, दाङले यी निवेदक मिति २०७६।२।३१ मा ६० वर्ष उमेर पूरा हुने भई मिति २०७६।३।१ गतेदेखि लागु हुने गरी अनिवार्य अवकाश हुने भनी गरेको मिति २०७७।९।७ को निर्णय सो हदसम्म कानून विपरीत देखिन आएन। निवेदकले अधिक समय काम गरेको आधारमा निवेदकको कानूनबमोजिम अवकाश हुने अवधि भने लम्बिन सक्दैन। अवकाश हुनुपर्ने मिति २०७६।३।१ नै कायम हुने।

विपक्षीहरूले आफ्नो लिखित जवाफमा शिक्षा नियमावली, २०५९ को नियम ११७(२) मा शिक्षक कर्मचारीले आफू अनिवार्य अवकाश हुनु ९ महिनाअगावै आफू कार्यरत विद्यालयमा लिखित जानकारी दिनुपर्ने भन्ने दायित्व यी निवेदकमा निहित रहेकोमा उक्त दायित्व यी निवेदकले पूरा नगरेको भन्ने जिकिर लिए तापनि शिक्षकहरूको अभिलेख राख्ने, नोकरी विवरणको अद्यावधिक गर्ने एवम् शिक्षकको सेवा अवधि गणना गर्ने कानूनी दायित्व प्राथमिकरूपमा शिक्षक किताबखानाउपर निहित रहेको हुँदा शिक्षक कर्मचारीहरूको सेवावधिसम्बन्धी अभिलेख दुरूस्त राखी समयमै सूचना प्रवाह नगरेको कारणबाट निवेदकलाई आफ्नो अवकाश मितिका सम्बन्धमा द्विविधा सिर्जना भएको देखियो। यस्तो स्थितिमा सिर्जित परिणामको सम्पूर्ण जिम्मेवारी यी निवेदकले मात्र लिनुपर्छ भन्नु न्यायोचित नदेखिँदा विपक्षी निकायको जिकिरसँग सहमत हुन नसकिने।

विपक्षी शिक्षक किताबखानाले निवेदकलाई निजको अनिवार्य अवकाशसम्बन्धी जानकारी समयमा दिएको देखिँदैन। कानूनले स्पस्ट रूपमा निर्दिष्ट गरेबमोजिम विपक्षी किताबखानाले यी निवेदकलाई निजको अनिवार्य अवकाशसम्बन्धी पूर्वजानकारी नदिएबाट सो किताबखानाले आफ्नो कानूनबमोजिमको कर्तव्य पूरा नगरेको प्रस्ट देखिन्छ। साथै यी निवेदकले समयमा आफ्नो अवकाशको सूचना नपाएका कारण आफ्नो अवकाश मिति २०७७।८।१५ नै हो भन्ने विश्वासका साथ सो

मितिसम्म सेवामा रही कार्यरत रहेको देखिन्छ । यी निवेदकले आफ्नो उमेर ढाँटी वा गलत सूचना दिई वा झुठ्ठा प्रमाण पेस गरी अधिक समय सेवामा कार्यरत रहेको अवस्था नभई शिक्षक किताबखानाले समयमा सूचना नदिएको कारण अधिक समय काम गरेको पाइन्छ । शिक्षक किताबखानाले समयमा सूचित नगरेको कारणबाट निज निवेदक अवकाशोन्मुख उमेरमा नियमित श्रम गरेको अवस्था छ । यस्तो अवस्थामा अधिक सेवावधि कार्यरत रहेको कारण देखाई श्रम गरेबापत पाउने तलबलगायतका अन्य सुविधाहरू फिर्ता गर्ने भन्ने विपक्षी किताबखानाको मिति २०७८।४।५ को निर्णय न्याय, कानून र श्रमसम्बन्धी विधिशास्त्रीय मान्यता अनुकूलसमेत नदेखिने।

विपक्षी राष्ट्रिय किताबखाना (शिक्षक) ले निवेदक ६० वर्षभन्दा बढी सेवा गरेबापत प्राप्त गरेको बढी रकम रू. ८,८९,१३६।– निजले पाउने निवृत्तिभरण, औषधी उपचार तथा बिरामी बिदासमेतको रकमबाट कट्टा गरी निवेदकलाई निवृत्तिभरण प्रदान गर्नु भनी मिति २०७८।४।५ मा गरेको निर्णय, पत्राचार र सोसम्बन्धी अन्य कार्यसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। अब निवेदकको अवकाश मिति २०७६।०३।१ नै कायम हुने तर सो मितिपश्चात् निजले सेवामा रही प्राप्त गरेको पारिश्रमिकलगायतको सुविधाको रकम निजबाट फिर्ता गर्न नपर्ने गरी निवृत्तिभरण अधिकारपत्र बनाइदिनु भनी विपक्षी राष्ट्रिय किताबखाना (शिक्षक), म्युजियम मार्ग, छाउनी, काठमाडौंको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : विनिता भारती

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल जेष्ठ १० गते रोज ३ शुभम्।

## २६

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री नहकुल सुवेदी**, *०७३-CR-०९४४, ०७३-CR-१२५१, ०७३-CR-१७१७, जबरजस्ती करणी, रामबहादुर अधिकारी वि. नेपाल सरकार, निरप्रसाद दुलाल वि. नेपाल सरकार, रामकृष्ण दुवाडी वि. नेपाल सरकार*

पीडित जाहेरवालाले जाहेरी दरखास्तको बेहोराअनुरूप अदालतसमक्ष यी प्रतिवादीहरूले आफूलाई जबरजस्ती करणी गरेका हुन् भनी किटानीसाथ बकपत्र गरेको देखिन्छ । साथै, फरार रहेका प्रतिवादी रामबहादुर अधिकारी पक्राउ भई सनाखत गराउँदा स्पष्टतः यिनले पनि आफूलाई जबरजस्ती करणी गरेको हो भनी जाहेरवालाले सनाखत गरेको देखिन्छ । यी प्रतिवादीहरूमध्ये रामकृष्ण दुवाडीको डेराकोठा खानतलासी गर्दा महिलाको पेन्टी, चिम्टी, प्रयोग भएको कण्डमसमेत बरामद भएको भन्ने मिसिल संलग्न घटनास्थल तथा बरामदी मुचुल्काले जाहेरीलाई थप समर्थन गरेको पाइन्छ। प्रतिवादीहरू रामकृष्ण दुवाडी र निरप्रसाद दुलालले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा आफूहरूले पीडितको मन्जुरी र सहमतिमा करणी गरेका हौँ भनी बयान गरेको देखिन्छ । यद्यपि, यी दुई प्रतिवादीहरूले अदालतमा इन्कारी बयान गरेका छन्। त्यस्तै अर्का प्रतिवादी रामबहादुर अधिकारीले अधिकार प्राप्त अधिकारी र अदालत दुवैमा आफूले कसुर नगरेको भनी इन्कारी बयान गरेको भए तापनि अन्य दुई प्रतिवादीहरूको चिया पसलमा आफू आउने जाने गरेको र पीडितलाई आफूले उक्त चिया पसलमा देखेको भनी स्वीकार गरेको अवस्था देखिन्छ। निज फरार रहेकोमा पक्राउ परेपछि पीडितले आफूलाई करणी गर्ने व्यक्ति हुन् भनी सनाखत गरेको

पाइन्छ । मौकामा बुझिएका मानिस सितामाया थिङले प्रतिवादी रामकृष्ण दुवाडीले हस्पिटलमा काम लगाइदिने बहानामा पीडित जाहेरवालालाई काठमाडौं बोलाएको, पीडित काठमाडौं आइपुगेपछि पहिलो रात निज प्रतिवादी आफैँले राखी करणी गरी अर्को दिनदेखि अन्य प्रतिवादीहरूसमेतलाई बोलाई व्यक्तिगत एवम् सामूहिक रूपमा करणी गरेको भनी अदालतसमक्ष बकपत्र गरी जाहेरी दरखास्तलाई पुष्टि गरेको पाइने।

पुनरावेदक प्रतिवादीहरूले सुरू अदालतमा गरेको इन्कारी बयान मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित हुने नहुने के रहेछ भनी हेर्दा जाहेरवालाले जाहेरीमा निज प्रतिवादी रामकृष्ण दुवाडीले मलाई लिन आई निजको डेरा कोठा ठाडो भऱ्याङमा लगे। मलाई सो दिनदेखि अन्तिमपटक मिति २०७२।१।१ गतेसम्म पटकपटक गरी बोल्न कराउन नदिई जबरजस्ती करणी गरे । आफ्ना साथीहरू भनेर निरप्रसाद दुलाल र रामबहादुर अधिकारिसमेतलाई बोलाई निजहरूलाई समेत जबरजस्ती करणी गर्न लगाई निजहरूले समेत जबरजस्ती करणी गरेको भनी उल्लेख गरेको, निजले अनुसन्धानको क्रममा प्रतिवादीहरूलाई रीतपूर्वक सनाखत गरेको र पीडित जाहेरवालाले सोही बेहोरा अदालतमा आई बकपत्र गरिदिएकोसमेत देखिन आयो। निज प्रतिवादीहरूले चियापसल गरेको घरका घरबेटी भनिएका बुझिएका मानिस हरिकृष्ण महर्जन, एलिना कार्कीले पनि उल्लिखित बेहोरा समर्थित हुने गरी घटना विवरण कागज गरेको, साथी संस्थाकी मनोविमर्शकर्ता भनिएकी बुझिएकी मानिस सीतामाया थिङसमेतले सुरू अदालतमा उपस्थित भई सोही बेहोराको बकपत्र गरेको देखियो । साथै, प्रतिवादी नाबालिक हुन् वा होइनन् भन्ने सन्दर्भमा, 'DEPARTMENT OF FORENSIC MEDICINE, INSTITUTE OF MEDICINE, T. U को उमेर परीक्षण प्रतिवेदन हेर्दा पीडितको उमेर १६-१७ वर्ष उल्लेख भएको पाइन्छ भने उक्त प्रतिवेदनलाई समर्थन गर्दै परीक्षण गरी प्रतिवेदन दिने डा. सिर्जना कुँवरले बकपत्र गरेको पाइन्छ । वारदात मिति २०७१।१२।२२ देखि मिति २०७२।१।१ सम्म छ भने उमेर परीक्षण मिति २०७२।३।२३ मा भएको देखिन्छ। मिसिल संलग्न पीडितको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि हेर्दा निजको जन्म २०५६।४।८ मा भएको भन्ने देखिन्छ। सो अनुसार निजको उमेर वारदातको समयसम्ममा लगभग १५ वर्ष ८ महिनाजति जन्मदर्ताको आधारमा हुन आउँछ। घटना वारदातको समयमा यी पीडितको उमेर १६ वर्ष पुग्न करिब ३-४ महिना बाँकी रहेको देखिएको र स्वास्थ्य परीक्षण वारदात घटनाको करिब ३ महिनापश्चात् भएको देखिँदा निजको उमेर १६-१७ अर्थात् १६ वर्ष पुगिसकेको देखिनुले दुवैमा तात्त्विक असर देखिँदैन अर्थात् ३ महिनाअघि घटना वारदातको समयमा पीडितको उमेर १६ वर्षभन्दा कम थिएन भन्न सकिने अवस्था रहँदैन। उक्त जन्म दर्ता प्रमाण पत्र वारदातपश्चात् मिति २०७२।२।१३ मा दर्ता गरेको भनिए पनि उमेर परीक्षण प्रतिवेदनसँग तात्त्विक फरक नदेखिएको र उक्त जन्म दर्ताको प्रमाण पत्र साधिकार निकायबाट प्राप्त भएको अवस्था त्यसलाई अन्यथा भन्न सकिने अवस्थासमेत रहँदैन ।' भनी पुनरावेदन अदालत, पाटनले गरेको विश्लेषण मिलेकै देखिने।

प्रतिवादीहरूबाट पीडितलाई भराइदिने क्षतिपूर्ति दामासाहीले रू. १००,०००।- (एक लाख रुपियाँ) भराउने नभई जनही २५,०००/- कायम हुनुपर्ने भनी पुनरावेदन अदालत, पाटनले सुरू फैसला केही उल्टी गरेको सन्दर्भमा विशेषज्ञ डा. निलिमा अमात्यले पीडितको अवस्था सामान्य रहेको भनी अदालतसमक्ष गरेको बकपत्र र यी

प्रतिवादीहरू सामान्य चियापसल र सेक्युरिटी गार्डको काम गरी जीविकोपार्जन गर्ने निम्न आर्थिक हैसियतका व्यक्तिहरू भएको देखिँदा दामासाहीले रू. १,००,०००/- क्षतिपूर्ति भराउने गरी भएको सुरू फैसलालाई केही उल्टी गरी जनही २५,०००/- क्षतिपूर्ति भराउने भनी पुनरावेदन अदालत, पाटनले केही उल्टी गरेकोलाई पनि अन्यथा भन्नु नपर्ने।

पीडितको जाहेरी तथा बकपत्र, घटनाक्रम वस्तुस्थिति, बरामदी, पक्राउ परेको अवस्थामा सनाखत, प्रतिवादीका बयानसमेतबाट यी तीनै जना प्रतिवादीहरूले पीडितलाई डेराको कोठामा राखी लामो समयसम्म करणी गरेको देखिई निर्दोष रहेको भन्न सकिने अवस्था नदेखिँदा प्रतिवादीहरू रामबहादुर अधिकारी, निरप्रसाद दुलाल, रामकृष्ण दुवाडीलाई साबिक मुलुकी ऐन, जबरजस्ती करणीको ३ (३) नं. बमोजिम जनही ६ वर्ष कैद र जनही २५,०००/- क्षतिपूर्ति भराउने गरेको तत्कालीन पुनरावेदन अदालत, पाटनको मिति २०७३।४।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दीपशिखा मुनाकमी

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७८ साल चैत ११ गते रोज ६ शुभम्।

**२७**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री नहकुल सुवेदी**, *०७५-CR-०१४८, अ*

तत्कालीन पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।०।२८ मा जे-जुन बुझ्नुपर्ने प्रमाण बुझी दर्ता सम्बन्धमा आवश्यक कारबाही निर्णय गर्नु भन्ने आदेश भएकोमा यसरी एकपटक तामेलीमा राखेको मिलेन भनी बदर गरिसकेपछि प्रमाणले दर्ता हुने नहुने सम्बन्धमा नबोली पुनः तामेलीमा राखी आदेशको अवज्ञा गरेको हुँदा अवहेलनामा सजाय गरिपाउँ भन्ने निवेदकको दाबी रहेकोमा मालपोत कार्यालय, पर्साले उक्त आदेशपश्चात् आफ्नो कार्यालयबाट स्थानीय स्तरमा स्थलगत सर्जमिन गर्न पठाएको देखिन्छ। सो स्थलगत सर्जमिन गर्न गएको डोर कर्मचारीले स्थलगत सर्जमिन हुन नसकेको तथा कि.नं. १०४ मा मन्दिर बनी मन्दिरले नै बगैँचासमेत लगाई भोग चलन गरिआएको तथा कि.नं.१ र २ को जग्गामा समेत निवेदकको भोग नभएको भन्नेसमेत प्रतिवेदन दिएको देखिन्छ । उक्त निवेदन दाबीका जग्गाहरूमध्ये २०२१ सालमा नापीका बखत कि.नं.१०४ को जग्गा श्मशानघाट तथा कि.नं.१ र २ को जग्गा पर्ति ऐलानी भन्ने जनिएकोसमेत देखिन्छ । मालपोत कार्यालयबाट आदेश जारी भएपश्चात् स्थलगत रूपमा कर्मचारिसमेत खटाई प्रतिवेदन लिई सो प्रतिवेदन र फिल्डबुकमा जग्गाधनी, जोताहासमेत खाली रही स्मसानघाट, पर्ती भनी जनिएको आधारबाट उक्त जग्गा सार्वजनिक प्रकृतिको देखिन आएको भनी मिसिलको लगत कट्टासमेत गरी तामेलीमा राखिदिने निर्णय भएको देखिन्छ । कानूनले छुट जग्गा दर्ता गर्ने अधिकार मालपोत कार्यालयलाई दिएको र मालपोत कार्यालय, वीरगन्जबाट अदालतको आदेश पश्चात पनि आफ्नो कर्मचारीलाई स्थानीय स्तरमा खटाई प्रतिवेदन लिई फिल्डबुकसमेतका सम्बन्धित कागजको विवेचना गरी निवेदनको लगतसमेत कट्टा गरी जग्गाको प्रकृति सार्वजनिक देखिँदा व्यक्तिको नाममा दर्ता गर्न नसकिने भनी निर्णयमा उल्लेख भएको व्यवहारसमेतले अदालतको आदेशको अवज्ञा भई अवहेलना भएको भन्ने नदेखिने।

अवहेलनामा सजाय गरिपाउँ भन्ने दाबी नपुग्ने भनी उच्च अदालत, जनकपुर अस्थायी इजलास वीरगन्जबाट २०७४।११।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सदन अधिकारी

इति संवत् २०७९ साल पुष १२ गते रोज ३ शुभम्।

## २८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री नहकुल सुबेदी**, *०७३-CR-००१३, अ*

मिसिल संलग्न मिति २०६४।४।२३ को वादी रामनारायण राय यादवको घाउ जाँच केस फाराम हेर्दा, वादीको RT SHOULDER, RT SCAPULA आदिमा चोट लागेको देखिनुका साथै RT FOREARM COMPOUND FRACTURE TO UPPER ULNA, BONY CHIPS PRESENT IN A TRIANGULAR SHAPE, RT WRIST -COLLI'S UNDISPLASED FRACTURE भन्ने र TYPES OF WEAPON OBJECT USED शीर्षकमा SHARP OBJECT भन्ने उल्लेख भएको देखिन्छ । वादीले यिनै प्रतिवादीसमेतउपर दिएको ज्यान मार्ने उद्योगको जाहेरी दरखास्त हेर्दा प्रतिवादीहरूमध्ये लक्ष्मी राय यादवले हातमा लिई आएको भालाले प्रहार गर्दा आफ्नो दायाँ कुहिनानिरको जोर्नीको हाड टुटाई भाँचिदिएको भनी किटानीसाथ उल्लेख गर्नुका साथै आफ्नो जाहेरी बेहोरालाई समर्थन हुने गरी बकपत्र गरिदिएको पाइन्छ । त्यसैगरी यिनै प्रतिवादीसमेतको कुटपिटबाट घाइते भएका भनिएका वादीको श्रीमती लगनीदेवी तथा छोराहरू लक्ष्मी राय यादव र जंगवीर राय यादव, मौकामा बुझिएका व्यक्ति मनसिफ राय यादव, बतहु हजरा, शेख अन्सारूल, भविछन राय यादव र जदुनन्दन राय यादवसमेतले वादीको जाहेरी दरखास्तलाई समर्थन गर्दै यिनै प्रतिवादीले वादीलाई भालाले प्रहार गर्दा रोक्ने क्रममा दाहिने कुहिनामा लाग्न पुगेको भनी बकपत्र गरिदिएबाट यिनै प्रतिवादीले वारदातको समयमा भालाले प्रहार गर्दा वादीको दाहिने हात FRACTURE भएको रहेछ भनी मान्नुपर्ने।

वारदातको समयमा भाँचिएको भनिएको हातको हालको अवस्था बुझ्नको लागि रौतहट जिल्ला अदालतबाट मिति २०६५/४/१६ मा भएको आदेशानुसार जिल्ला स्वास्थ्य कार्यालय रौतहटले रामनारायण यादवको हातको अवस्था जाँच गरी पठाएको प्रतिवेदनमा रामनारायण यादवको हातको मिति २०६५।४।२३ मा जाँच गर्दा निजको भाँचिएको दायाँ हात हाल काम लाग्न सक्ने भन्ने बेहोरा उल्लेख गरी प्रतिवेदन पठाएको कुरा सो जिल्ला स्वास्थ्य कार्यालय रौतहटको मिति २०६५।४।२३, च.नं. ६३ को पत्रबाट देखिन्छ । उपर्युक्त तथ्यहरूबाट वादी रामनारायण राय यादवको हात वारदातको समयमा FRACTURE भएको भन्ने घा जाँच केस फारामबाट देखिए पनि हाल निको भई काम लाग्ने अवस्थामा रहेको भन्ने देखिने।

प्रतिवादीले वारदातको समयमा आफू अन्यत्र रहेको भनी जिकिर लिएको देखिए पनि आफ्नो जिकिरलाई वस्तुनिष्ठ किसिमले पुष्टि हुने प्रमाण पेस गर्न सकेको अवस्था छैन। त्यसैगरी वादी रामनारायण राय यादव आफ्नो घरको मचानबाट भुइँमा लड्दा निजको दाहिने हातको कुहिना भाँचिएको भन्ने जिकिरलाई पनि वादीलाई लागेको घा चोटको प्रकृतिले समर्थन गर्ने अवस्था देखिँदैन । बरू उक्त घा चोट SHARP OBJECT बाट हुन गएको भन्ने देखिएको र वादी तथा निजका श्रीमतीलगायत मौकामा बुझिएका व्यक्तिहरूले गरिदिएको बकपत्रसमेतबाट यिनै प्रतिवादीले तिखो हतियार भाला प्रहार गरी वादीको दाहिने कुहिनानिर FRACTURE गराइदिएकोमा हाल सो हात काम लाग्ने अवस्थामा रहेको भनी स्वास्थ्य कार्यालय रौतहटको प्रतिवेदनबाट देखिएको स्थितिमा यी पुनरावेदक लक्ष्मी राय यादवलाई मुलुकी ऐन, कुटपिटको महलको ७ नं. को कानूनी व्यवस्थाबमोजिम दुई हजार रूपियाँ जरिवाना र छ महिना कैद सजाय हुने तथा निजबाट वादीलाई घा

खर्च भराइदिने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई अन्यथा भन्नुपर्ने नदेखिने ।

पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।०१।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कर्णबहादुर राई

कम्प्युटर : रेखा भट्टाराई

इति संवत् २०७९ साल पुष १७ गते रोज १ शुभम् ।

**२९**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-CR-१३७५, नागरिकता बदर, भगवानदिन यादव (अहिर) वि. काशीराम अहिरसमेत*

पुनरावेदक प्रतिवादी भगवानदिन यादवले जिल्ला प्रशासन कार्यालय, बाँकेबाट मिति २०५७।३।८ मा प्राप्त गरेको ६१३३ नं.को नेपाली नागरिकता बदर गरिपाउँ भनी काशीराम अहिरले मिति २०६१।४।५ मा जिल्ला प्रशासन कार्यालय बाँकेमा मुद्दा दिएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।२।२१ को निर्णयले निजको नागरिकता बदर गरेको र उक्त निर्णय पुनरावेदन अदालत पाटनबाट मिति २०७२।३।६ मा सदर भएको देखिन्छ । उक्त निर्णय मिलेको छ वा छैन भनी हेर्दा, पुनरावेदक भगवानदिन यादव अहिरको मिति २०४९।४।२५ मा बाँके जिल्ला काम्दी गा.वि.स. बाट लिएको जन्मदर्ता प्रमाणपत्रमा निजका बाबुको नाम नन्कु अहिर तथा आमाको नाम अनहरा अहिर भनी उल्ल्ख भएको देखिन्छ । त्यसै गरी वादी भगवानदिन विरूद्ध बुद्धु अहिर, काशीराम अहिर र वनवारी अहिर भई चलेको संवत् २०५९ सालको दे.नं.५/२१५० को अंश मुद्दामा मिति २०६२।१०।९ मा वादीको ३ भागको १ भाग अंश पाउने ठहर भई बाँके जिल्ला अदालतबाट फैसला भएको देखिन्छ । उक्त अंश मुद्दामा काशीरामसमेतले प्रतिउत्तर गर्दा पुनरावेदक भगवानदिन यादवलाई भारतीय नागरिक (विपत अहिरको छोरा) भनेको देखिँदैन । साथै जिल्ला अदालत बाँकेको उक्त फैसलामा वादीका "....बाबु नन्कु अहिरको नाममा रहेको जग्गा....." भनी उल्लेखसमेत भएको देखिन्छ । उक्त फैसला पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०६५।३।२४ मा सदर भएको र मिति २०६७।४।२९ मा मालपोत कार्यालयबाट दा.खा. भई यी पुनरावेदकले लालपुर्जासमेत प्राप्त गरेको देखिन्छ । त्यसैगरी वादी भगवानदिन अहिर विरूद्ध प्रतिवादी बुद्धु अहिरसमेत रहेको संवत् २०६० सालको दु.फौ.नं. २/२८४, जालसाजी मुद्दामा वादीको भाग नछुट्याई बन्डा गरेकोमा सोमा समेत जालसाजी ठहर भई फैसला भएको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा ६(ग) मा "कुनै अदालत वा सरकारी कार्यालयमा राख्नुपर्ने स्याहा, स्रेस्ता वा कागजपत्रमा उल्लिखित गरिएका कुराहरू सही रूपमा उल्लेख गरिएका हुन् भनी अदालतले अनुमान गर्ने छ" भनी उल्लेख भएबाट उल्लिखित तथ्यहरू प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नै देखिन्छ । अंश मुद्दामा विपक्षी पुनरावेदकको आमा अनहरा अहिरले अंश मुद्दामा मिति २०६०।५।२ मा बाँके जिल्ला अदालतमा बयान गर्दा स.ज .१ मा मेरो लोग्नेको नाम सतिराम हो, स.ज.३ मा वादी आठ वर्षको छँदा बाबुले आफ्नो नामको जग्गा २०४८ मा बकसपत्र पारित गरिदिएको र निजले २०५३ सालतिर बिक्री गरेको र स.ज. ४ वादीको बुवाको नाम नन्कु हो नन्कु मरेपछि सतिरामको साथमा छु भनी बयानमा उल्लेख गरेको देखिन्छ । साथै हालैदेखिको बकसपत्रको कैफियत महलमा "...नन्कुको छोरा र म बुद्धुको भतिजा हुँदा..." भनी बुद्धु यादवले सहीछाप गरेको र निज पुनरावेदक प्रतिवादीले आफू स्व. नन्कु अहिरको छोरा हो भनी पुस्तावारी देखाएको अवस्थासमेतबाट

निज पुनरावेदक प्रतिवादीको नागरिकता बदर गर्ने गरेको मन्त्रिपरिषद्को निर्णय सदर गरेको पुनरावेदन अदालत पाटनको फैसलासँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादी भगवानदिन यादवको नागरिकता बदर गर्ने नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।२।२१ को निर्णय सदर गरेको पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।२।६ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई भगवानदिन यादवको जिल्ला प्रशासन कार्यालय, बाँकेबाट मिति २०५७।३।८ मा प्राप्त गरेको नागरिकता प्रमाण पत्र नं. ६१३३ को नागरिकता कायम हुने।

इजलास अधिकृत : पुष्कल राज प्रसाई

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल माघ ३ गते रोज ३ शुभम्।

**३०**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-CR-०२२६, जबरजस्ती करणी, श्रवण यादव वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाको उठान मिति २०६८/०५/३१ गते अं.१८:०० बजेको समयमा आफू घरमा एक्लै रहेको मौका पारी जिल्ला मोरङ्ग कदमाहा गा.वि.स. वडा नं.५ बस्ने अं.२२ वर्षको श्रवण यादवले जबरजस्ती करणी गरेको हुँदा जबरजस्ती करणी मुद्दामा कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने परिवर्तित नाम प्रमिला यादवले मिति २०६८/०६/२२ मा दिएको जाहेरीबाट देखिन्छ । प्रतिवादीले अनुसन्धानमा अनुपस्थित रही पछि अदालतमा इन्कारी बयान दिएको पाइन्छ । जाहेरी हेर्दा २०६८/०५/३१ को वारदातको विषयलाई लिएर घटना घटेको २२ दिनपछि मिति २०६८/०६/२२ मा जाहेरी दिनुपर्ने केही कारण जाहेरफमा उल्लेख भएको देखिँदैन । पीडितले गरेको मिति २०६८/१२/०६ को बकपत्र हेर्दा घटना घटेको भोलिपल्ट पञ्चायती गराउन खोजेको भन्ने उल्लेख भएको देखिन्छ । तर जबरजस्ती करणी जस्तो कसुरमा पञ्चायती गर्ने कुरा के कसो हो सो पनि विचारणीय देखिन्छ। मिसिल हेर्दा घटनास्थल मुचुल्का नै २०६८/०६/१५ मा तयार भएको देखिन्छ । यद्यपि कहिलेकाँही औपचारिक जाहेरीपछि र घटनास्थल मुचुल्का अघि तयार भएको पनि भेटिन्छ र त्यसो नहुनुपर्ने कुनै कारण छैन । तर त्यस्तो अवस्था किन पर्‍यो भन्ने युक्तिसङ्गत रूपमा पुष्टि हुनुपर्दछ। प्रस्तुत मुद्दामा सो हुन सकेको पाइँदैन । बरू त्यतिका दिनपछि मुचुल्का हुँदासमेत घटनास्थलमा चुँडिएको चाँदीको सिक्री च्यातिएका कपडासमेत फेला परेको देखाइएको पाइएबाट घटनास्थलको चित्रण स्वाभाविक नदेखिने।

प्रतिवादीले अदालतमा कसुरमा इन्कार रही बयान गरेको कुरा माथि उल्लेख भएको छ। प्रतिवादीले आफ्नो इन्कारीको समर्थनमा साक्षीहरूबाट बकपत्र गराएको पनि देखिन्छ। पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा HYEMEN OLD TEAR भनी उल्लेख भएको देखिन्छ। यो कति पुरानो TEAR हो स्पष्ट हुन सकेको छैन। प्रमाण ऐन, २०३१ को दफा २३ ले विशेषज्ञको राय प्रमाणमा लिनु हुने व्यवस्था गरेकोमा उक्त शारीरिक परीक्षण गर्ने चिकित्सकले सुरू अदालतमा कुनै पनि इन्जुरीबाट हाइमेन टियर हुन्छ, जस्तो साइकल चलाएर, हस्तमैथुन, शारीरिक सम्बन्धलगायतका भन्नेसमेत बेहोराको बकपत्र गरेको पाइन्छ। यसबाट समेत पीडितलाई जबरजस्ती करणी गरिएकै कारणबाट HYEMEN OLD TEAR भएको भनी पूर्णरूपमा यकिन गर्ने अवस्था नदेखिने।

मिति २०६८/०६/२२ मा पीडितको जाहेरी परेको कुरा माथि उल्लेख गरिएको छ । जबकि ७ दिनअगावै मिति २०६८/०६/१५ मा निजको स्वास्थ्य परीक्षण गर्न पठाएको पाइन्छ । पीडितको शरीरमा कुनै पनि किसिमका सङ्घर्षका चिह्नहरू

तथा घाउ चोट नदेखिएको संलग्न प्रयोगशालाको प्रतिवेदनसमेतमा उल्लेख भएबाट निजको HYMEN OLD TEAR यसै वारदातबाट भएको भन्ने पुष्टि हुन सक्ने अवस्था देखिएन । मौकामा कागज गर्ने तथा अदालतमा बकपत्र गर्ने व्यक्तिहरूले आफूले वारदात नदेखेको पीडितबाट सुनी थाहा पाएको भनी उल्लेख गरेको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा ३७(२) मा "मौखिक प्रमाण प्रत्यक्ष हुनुपर्दछ, अर्थात् देख्न सुन्न वा कुनै इन्द्रियको सहायताले थाहा पाउन सकिने कुरालाई प्रमाण दिन खोजिएको भए, सो कुरा प्रत्यक्ष देख्ने सुन्ने वा थाहा पाउने व्यक्तिले त्यस सम्बन्धमा मौखिक प्रमाण दिएको हुनुपर्दछ" भनी उल्लेख भएको देखिन्छ । तर यहाँ मौकामा कागज गर्ने र अदालतसमक्ष बकपत्र गर्ने व्यक्तिहरूले वारदातका सम्बन्धमा प्रत्यक्ष देखेको सुनेको वा थाहा पाएको अवस्था छैन । निजहरूले पीडितको दाजु अमरनाथ यादवलगायतका पीडितबाट सुनी थाहा पाएको भनी उल्लेख गरेको बेहोरा मात्रलाई आधार गरी जबरजस्ती करणीजस्तो गम्भीर कसुरमा प्रतिवादीलाई कसुरदार कायम गर्न नमिल्ने ।

मोरङ्ग जिल्ला अदालतको मिति २०७०।१२।१८ को फैसला उल्टी गरी प्रतिवादी श्रवण यादवलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको दफा ३ को देहाय ४ बमोजिम ५ वर्ष कैद र सोही महलको दफा १० बमोजिम पीडितले प्रतिवादीबाट क्षतिपूर्तिबापत रू.१५,०००/- (पन्ध्र हजार) भराइलिन पाउने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७१।११।२७ मा भएको फैसला उल्टी भई प्रतिवादी श्रवण यादवले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत : पुष्कल राज प्रसाई
कम्प्युटर : रेखा भट्टराई
इति संवत् २०७९ साल माघ ३ रोज ३ शुभम् ।

## इजलास नं.४

### ३१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७८-WO-१२५८, ०७९-WO-००६७, उत्प्रेषणयुक्त परमादेश, मखमली सापकोटा वि. भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजार काठमाडौंसमेत, मखमली सापकोटा वि. कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंबाट क.र.नं. २६५३५ मिति २०६०।६१ मा दर्ता रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ सुन्धारास्थित रोड शो इन्भेस्टमेन्ट कम्पनी प्रा.लि.समेत*

जग्गाधनी तत्कालीन श्री ३ महाराज भएको कारण निज तथा निजको परिवारबाट कुत बुझी भरपाई लिनेदिने चलन नरहेको भन्ने उल्लेख गर्दैमा कसैको मोहियानी हकको निरन्तरता रहेको पुष्टि हुँदैन, कुनै विवाद आउँछ भने प्रमाण पेस हुनु आवश्यक हुन्छ । मोहियानी हकको सुनिश्चितताको लागि ठोस एवं वस्तुनिष्ट प्रमाण पेस गर्न सकेमा सम्बन्धित निकायले त्यसको विश्लेषण गरी यथोचित निर्णय गर्नुपर्ने न्यायको आवश्यकता हो र त्यस्ता कुत बुझाएको प्रमाणसमेत हेरी विश्लेषण गरी मोही सम्बन्धमा निर्णय गर्नु सम्बन्धित कार्यालयको कर्तव्य हुने ।

रिट निवेदकले आफू डम्बरकुमारी खत्रीको हकदार बुहारी उल्लेख गरी २०७३।१२।२७ मा मोही बेदखलीतर्फ उजुरी र मिति २०७६।२।१ मा साबिक कि.नं. १४८ समेतको मोहियानी नामसारी जग्गा बाँडफाँड प्रयोजनको लागि भूमि सुधार तथा मालपोत कार्यालय डिल्लीबजारमा कारबाही प्रक्रिया अघि बढाउनुअघि केकस्तो कानूनी व्यवस्था थियो

भन्नेसमेत विचारणीय विषय देखिन्छ। भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधन मिति २०५३।९।२४ अघि ऐनको दफा २६ मा मोही मरेमा निजको हक निजका पति, पत्नी वा छोराहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिले प्राप्त गर्न सक्ने व्यवस्था रहेकोमा बुहारीले समेत मोहियानी दाबी गर्ने सम्बन्धमा २०५३ सालपछिको संशोधित व्यवस्थाले २०३७ साल र २०३९ सालको काम कारबाहीलाई के कसरी प्रभावित गर्न सक्ने हो भन्नेबारे यस निवेदनमा स्पष्ट उल्लेख नभएको अवस्थामा सो सम्बन्धमा प्रस्तुत रिट निवेदनबाट बोल्न उपर्युक्त देखिँदैन, तथापि मोहियानी नामसारीको माग सम्बोधन गर्दा निर्णयकर्ताले यस विषयलाई पनि विवेचना गर्नु आवश्यक देखिने।

मिसिल संलग्न कागजातहरूबाट डम्बरकुमारी खत्रीको नामको जग्गाधनी दर्ता स्रेस्तामा कि.नं. ३४, कि.नं. ४९, कि.नं. ५० कि.नं. ६१ समेतको ११ रोपनीभन्दा बढी जग्गा रहेको देखिन्छ भने निवेदिका मखमली सापकोटाले मिति २०७६|१|३१ मा भूमि सुधार तथा मालपोत कार्यालयमा दर्ता गरेको निवेदनमा कि.नं. ७३, कि.नं. ७८, कि.नं. १४८, कि.नं. १९६ समेतको १३-६-०-० मोही नामसारी गरी जग्गा बाँडफाँड गरिपाउँ भनी दाबी लिएको देखिन्छ। भूमिसम्बन्धी ऐन, २०२१ को दफा ८ ( १ ) (ख) को तत्कालीन व्यवस्थाबमोजिम मोहीको हैसियतले कमाउन पाउने अधिकतम हद १० रोपनी रहेको र ऐनको दफा ८ (२) बमोजिम जग्गावालाको हैसियतले जग्गा राखेको भए तोकिएको हदमा नपुग जग्गासम्म मोहीको हैसियतले कमाउन पाउने भन्ने कानूनी व्यवस्था प्रस्तुत निवेदिकाका सम्बन्धमा आकर्षित हुने हो वा होइन भन्ने सम्बन्धमा रिट निवेदनमा स्पष्ट रूपमा खुलाएको नपाइएको अवस्थामा तत्कालीन समयमा मोहीको हैसियतले कमाउन पाउने हदभन्दा बढी जग्गा डम्बरकुमारी खत्रीको नाममा रहेको थियो थिएन भन्ने विषय पनि यकिन गर्नु आवश्यक हुने।

भूमि सुधार कार्यालय तथा मालपोत कार्यालय डिल्लीबजारमा विचाराधीन मोही नामसारी तथा मोही बेदखलीको उजुरीको सम्बन्धमा लामो समय अर्थात् २०७३ सालदेखि हालसम्म निर्णय भएको नदेखिँदा प्रस्तुत आदेशमा उल्लिखित विवादित विषयमा भूमि सुधार तथा मालपोत कार्यालयको क्षेत्राधिकारभित्र पर्ने हदसम्म तथा मिसिल संलग्न प्रमाणहरूमा सीमित रही यथासम्भव छिटो निर्णय गरी मिति २०३७।१०।१७ को जोताहा कट्टा तथा २०३९।११।४ को मोही छोडपत्रको विषयमा निवेदकले उब्जाएको विवादको निरूपण यथाशिघ्र हुने गरी निर्णय गर्नु भनी प्रत्यर्थी भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजारको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : भूमिप्रसाद शर्मा

कम्प्युटर : सुजन नेपाल

इति संवत् २०७९ साल माघ २५ गते ४ रोज शुभम्।

- यसै लगाउको ०७९-WO-०२१३, उत्प्रेषणयुक्त परमादेश, मखमली सापकोटा वि. भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजार काठमाडौंसमेत मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**३२**

**मा.न्या.श्रीअनिलकुमारसिन्हारमा.न्या.श्रीनहकुल सुवेदी**, *०७३-CI-०४३१, लेनदेन, रामेश्वरप्रसाद कोइराला वि. सर्मिला सुनार*

पुनरावेदकले आफ्नो लिखत लुटपाट भएको विषयमा साधिकार निकायमा उजुरी निवेदन दिएको भनी उल्लेख गरी दुवै पक्षबिच मिलापत्र गरेको भनी उल्लेख गरेको भए तापनि प्रतिवादीले

उक्त मिलापत्र करकापपूर्ण तवरले गराएको भनी करकापतर्फ मुद्दा दायर गरेकोमा करकाप नठहर्ने भनी मुद्दा अन्तिम भएको अवस्था देखिन्छ । साथै पुनरावेदकले महानगरीय प्रहरी वृत्त बालाजुमा लेनदेन व्यवहार सम्बन्धमा मिलापत्र गरेको उल्लेख गरे पनि प्रतिवादीले रकम लिई लेनदेन व्यवहार गरेको पुष्टि हुने प्रकृतिको कागज गरेको देखिँदैन । साथै यी प्रतिवादीले लिखत लुटपाट गरेको हो भनी दाबी लिएको देखिए पनि साधिकार निकायबाट आफ्नो लिखत लुटपिट गरेको बेहोरा स्थापित गरी दोषी पक्षलाई कारबाहीको दायरामा ल्याउन सकेको अवस्था पनि छैन । प्रस्तुत विवादको प्रकृति हेर्दा वादी पुनरावेदकले लेनदेनको विवादमा प्रहरीको सहायता लिएको र प्रहरीबाट समेत अनधिकृत रूपमा लेनदेन वा लुटपिटको विषयमा मिलापत्र गराएको देखिएबाट यी वादीले रकम उठाउने मनसायले वातावरण तयार गर्न प्रहरीमा उजुरी दिई प्रहरीलाई संलग्न गराई प्रमाण खडा गर्ने प्रयत्न गरेको पाइयो । दुनियाँवादी फौजदारी मुद्दा चल्नु चलाउनुपर्ने विषयमा प्रहरी प्रशासनको प्रत्यक्ष हस्तक्षेप वाञ्छित हुदैन र यस्ता प्रकृतिले तयार गरेको प्रमाणले मान्यता पाउने अवस्था पनि हुँदैन । यस अवस्थामा यी पुनरावेदक वादीले विवादित लिखतको फोटोकपी मात्र पेस गरेको भनिएकोमा सक्कल लिखतको अस्तित्व प्रमाणित गर्ने तथा लेनदेनतर्फको दाबी पुष्टि हुनको लागि लेनदेन व्यवहारको १नं. को प्रक्रिया पूरा गर्न सकेको अवस्थासमेत नहुँदा साबिक पुनरावेदन अदालत पाटनबाट सुरू फैसला बदर गरी फिराद दाबी पुग्न नसक्ने ठहर गरेको मिति २०७२।१०।१३ को फैसला मिलेकै देखिँदा करकाप मुद्दामा दाबी नपुग्ने भन्ने फैसला आधारमा यस अदालतबाट भएको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन सकिएन ।

अतः साबिक पुनरावेदन अदालत पाटनले सुरू फैसला बदर गरी फिराद दाबी नपुग्ने ठहर गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : बासुदेव पाण्डे

कम्प्युटर : सुजन नेपाल

इति संवत् २०८० साल श्रावण २२ गते रोज २ शुभम् ।

## इजलास नं. ६

३३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७४-CI-०८५८, अंश चलन, रत्नकुमारी मानन्धरसमेत वि. प्रमिला मानन्धर*

वादीहरू प्रतिवादी जितेन्द्र मानन्धरको श्रीमती र छोरी नाता रहेको कुरामा कुनै विवाद देखिएन । मूल अंशियारहरू प्रतिवादीहरू रत्नकुमारी मानन्धर, किशोरकुमार मानन्धर र वादीका पति पिता जितेन्द्र मानन्धर रहेको कुरामा समेत मुख मिलेको नै देखिन्छ । मूल अंशियारहरू वादीको पति पिता जितेन्द्र मानन्धर, प्रतिवादीहरू रत्नकुमारी मानन्धर र किशोरकुमार मानन्धरको बिचमा मिति २०७०।०२।१४ मा र.नं. ८२२३/क बाट अंशबन्डा भएको देखिन्छ । उक्त अंशबन्डाको लिखत पारित हुँदा काठमाडौं, थानकोट महादेवस्थान गा.वि.स. वडा नं. ५ स्थित रहेका कि.नं. ६२०, ६२२ र ३०७ का जग्गाहरूमध्ये कि.नं. ६२० को क्षेत्रफल ०-३-०-० जग्गा वादीका पति पिता प्रतिवादी जितेन्द्र मानन्धरको र प्रतिवादी किशोरकुमार मानन्धरका नाममा संयुक्त कायम हुने गरी, कि.नं. ६२२ को क्षेत्रफल ०-०-३-० जग्गा र सोमा बनेको घरसमेत पूरा प्रतिवादी रत्नकुमारीको नाउँमा एकलौटी कायम हुने गरी र कि.नं. ३०७ को क्षेत्रफल ०-११-२-० जग्गा प्रतिवादी किशोरकुमार मानन्धरको नाममा एकलौटी कायम हुने बेहोरा उल्लेख गरी अंशबन्डाको

लिखत भएको देखिन्छ । उक्त अंशबन्डाको लिखतबाट मूल अंशियार ३ जनाबिच बन्डा हुँदा बराबर नभई घटी बढी हुने गरी बन्डा भएको देखियो। अंशबन्डा लिखतको बेहोरामा मूल अंशियारहरूबिच बन्डा गर्दा के कति कारणबाट घटी बढी हुन गएको हो भन्ने स्पष्ट आधारहरू उल्लेख भएको देखिँदैन भने प्रतिवादीहरूले प्रतिउत्तरपत्र तथा पुनरावेदन जिकिरमा समेत घटी बढी यस कारणले भएको हो भनी स्पष्टरूपमा खुलाउन नसकेको।

मूल अंशियारहरू प्रतिवादीहरू रत्नकुमारी मानन्धर, किशोरकुमार मानन्धर र वादीका पति पिता जितेन्द्र मानन्धरबिच अंशबन्डा गर्दा सबैको नरम गरम मिलाई बराबर अंश गर्नुपर्नेमा अस्वाभाविकरूपमा घटी बढी हुने गरी बन्डा गरेको देखिन्छ भने त्यसरी घटी बढी के कति कारणबाट हुन गएको हो भन्ने वस्तुगत आधार, प्रमाण प्रतिवादीहरूले प्रस्तुत गर्न सकेको नदेखिने।

वादीहरूले आफ्ना पति पिता प्रतिवादी जितेन्द्र मानन्धरले पाउने अंश भागबाट आफ्नो अंश पाउने स्थितिमा मूल अंशियारहरूबिच नै घटी बढी हुने गरी भएको अंशबन्डाका कारण निश्चय नै कानूनबमोजिम बराबररूपले अंश प्राप्त गर्ने नैसर्गिक हकबाट वादीहरू वञ्चित हुन आएको देखियो। यस अवस्थामा वादीहरूको मन्जुरी वा सहमतिबिना प्रतिवादीहरूले वादीको बराबर अंश पाउने हकलाई चुनौती दिन नसक्ने।

प्रतिवादीहरू रत्नकुमारी मानन्धर, किशोरकुमार मानन्धर र वादीका पति पिता जितेन्द्र मानन्धरका बिचमा मिति २०७०।०२।१४ मा एकापसमा मिली अंशबन्डाको लिखत पारित गरेको अवस्था रहेको छ। प्रतिवादीहरूले कुन मितिमा के प्रयोजनका लागि कुन कित्ता जग्गा वा घर धितो राखी कर्जा लिएको हो र घर बनाएको मिति, नक्सा पास भई घर सम्पन्न भएको समयावधिसमेतका वस्तुनिष्ट प्रमाण प्रतिउत्तर तथा पुनरावेदन जिकिरमा खुलाउन सकेको देखिँदैन । बहसको क्रममा प्रतिवादीका कानून व्यवसायीमार्फत किशोरकुमार मानन्धरले पोखरा फाइनान्स लिमिटेडबाट मोर्टगेज शीर्षकमा रू.२०,००,०००।- (बिस लाख) कर्जा लिएको भनी उक्त लिमिटेडको मिति २०७७ पौष महिनामा कर्जा चुक्ता गर्ने भनी जारी गरेको १५ दिने सूचना पत्रको प्रतिलिपि पेस गरेको देखिन्छ भने उक्त पत्रमा मिति २०७०।०३।०५ मा लिएको कर्जा भनी उल्लिखित भएको र उक्त ऋण अंशबन्डाको लिखत पारित भएको मिति २०७०।०२।१४ पश्चात् लिएको देखिँदा बन्डा लिखत पारित भएपछि लिएको ऋणको सम्बन्धमा वादीले दायित्ववहन गर्नुपर्छ भन्नु न्याय र कानूनको दृष्टिमा उचित मान्न मिल्ने देखिएन। प्रतिवादीमध्येका किशोरकुमार मानन्धरको नाउँमा कायम रहेको कि.नं. ३०७ क्षेत्रफल ०-११-२-० को जग्गा पोखरा फाइनान्स लिमिटेडमा मिति २०७०।०३।०४ मा धितो बन्धक राखी ऋण लिएको देखिएको हुँदा प्रतिवादी किशोरकुमार दिने र पोखरा फाइनान्स लि. लिने भई र.नं. ८८७२/क मिति २०७०।०३।०४ को धितो बन्धक लिखतमध्ये र यिनै वादी प्रतिवादीहरू रहेको ०७४-CI-०८५९ दूषित लिखत बदर मुद्दामा वादी दाबीबमोजिम र.नं ८२२३/क मिति २०७०।०२।१४ मा भएको अंशबन्डाको लिखत र सोको आधारमा भएको दर्ता वादी दाबीबमोजिम दुबै मुद्दामा ३ भागबाट वादीहरूका पति पिताले प्राप्त गर्ने १ भागमध्येबाट ३ भागको २ भाग लिखत बदर हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको उच्च अदालत, पाटनको फैसला सदर हुने ठहऱ्याई आज यसै इजलासबाट फैसला भएको अवस्था विद्यमान रहेकोले उपर्युक्त विवेचित तथ्य, आधार र कारणसमेतको परिप्रेक्ष्यमा

यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने अनुमति प्रदान गर्दा लिइएका आधारहरूसँग सहमत हुन नसकिने।

सम्पूर्ण सम्पत्तिबाट ३ भागको १ भाग वादीहरूका पति पिताको अंश छुट्याई सो १ भागमध्येबाट ३ भागको २ भाग वादीहरूले अंश छुट्याइलिन पाउने ठहर गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७२।०३।१७ को फैसला सदर हुने ठहर्‍याई उच्च अदालत, पाटनबाट मिति २०७३।१२।०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : नारायण सापकोटा

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७८ साल श्रावण २४ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७४-CI-०८६०, दूषित धितो लिखत बदर, किशोरकुमार मानन्धर वि. प्रमिला मानन्धर
- ०७४-CI-०८५९, दूषित लिखत बदर, रत्नकुमारी मानन्धर वि. प्रमिला मानन्धर

### ३४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री नहकुल सुवेदी**, *०७५-WO-०५३७, उत्प्रेषणसमेत, अश्विन भट्टराई वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकले जिल्ला पशु सेवा कार्यालय, ओखलढुङ्गाबाट दुप्चेश्वर गाउँपालिकाको कार्यालय, नुवाकोटमा आफूलाई गरिएको काज स्थायी प्रकृतिको भएको र त्यो जिल्लास्थित क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाका स्तरीय कार्यालयहरूमा कार्यरत कर्मचारी बढुवाको लागि आफू सम्भाव्य उम्मेदवार हुने हुँदा आफू पनि सम्भाव्य उम्मेदवार रहेको भनी दाबी लिएको पाइन्छ। लोक सेवा आयोगबाट पदपूर्ति प्रतिशत निर्धारण भई बढुवाको लागि पदसङ्ख्या छुट्याउनुअघि जिल्लास्थित कार्यालयमा सरूवा भई आएका कर्मचारीलाई मात्र सम्बन्धित जिल्लामा रिक्त पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार कायम गर्न उपर्युक्त हुने भन्ने लिखित जवाफ जिकिर र उक्त बढुवाको उजुरी सम्बन्धमा भएको निर्णय बेहोरा रहेको पाइन्छ। मिसिल संलग्न महालेखा नियन्त्रक कार्यालयको च.नं. २२५७ मिति २०७४।०२।२२ को काजसम्बन्धी पत्र हेर्दा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३।११।०९ को निर्णयबाट (तोकिएकै कार्यालयबाट तलब भत्ता खाने गरी) निवेदकलाई दुप्चेश्वर गाउँपालिकाको कार्यालयमा कामकाज गर्न खटाइएको देखिन्छ। निवेदकको काज वा सरूवा के भएको हो भनी यस अदालतबाट मिति २०७७।१२।१८ मा आदेश भएकोमा जिल्ला पशु सेवा कार्यालय, ओखलढुङ्गाबाट दुप्चेश्वर गाउँपालिकाको कार्यालय, नुवाकोटमा कामकाज गर्न खटाइएकोले निजको पदाधिकार जिल्ला पशु सेवा कार्यालय, ओखलढुङ्गा नै रहेको भन्ने देखिएकोमा निवेदक उक्त विज्ञापित बढुवासम्बन्धी पदमा सम्भाव्य उम्मेदवार कायम गरी सोही विज्ञापनको पदपूर्ति अनुसारको योग्यतासमेत कायम हुने गरी आदेश जारी हुनुपर्छ भन्ने निवेदन दाबी नपुग्ने।

मिसिल संलग्न रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय, काभ्रेपलाञ्चोकको च.नं. ७५० मिति २०७६।१२।०७ को बढुवा नियुक्ति पत्रबाट रिट निवेदक अश्विन भट्टराई लोक सेवा आयोग, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, माग निरीक्षण शाखा, नयाँ बानेश्वरको प्रतिशत निर्धारण, लोक सेवा आयोगको मिति २०७६।०९।२३ को सूचना तथा मिति २०७६।११।०१ मा बढुवा समितिको सिफारिसबमोजिम मिति २०७६।१२।०७ देखि ज्येष्ठता कायम हुने गरी नेपाल प्रशासन सेवा, लेखा

समूहअन्तर्गत राजपत्र अनङ्कित प्रथम श्रेणीको लेखापाल पदमा बढुवा भई कारागार कार्यालय, काभ्रेपलाञ्चोकमा पदस्थापनासमेत भइसकेको देखिन आयो । निवेदकले सह-लेखापालबाट आफू नेपाल प्रशासन सेवा, लेख समूह, रा.प.अनं. प्रथम श्रेणी, लेखापाल पदमा बढुवा गरिपाउँ भनी लिएको निवेदन माग दाबी निज सो पदमा बढुवा भई सम्बोधन भइसकेको देखिँदा निवेदन मागबमोजिमको कुनै आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने।

निवेदक माग दाबीको पदमा बढुवा भई पदस्थापनासमेत भइसकेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । साथै यस अदालतबाट मिति २०७५।०९।२९ मा जारी भएको अन्तरिम आदेशसमेत स्वत: निष्क्रिय हुने।

इजलास अधिकृतद्वय : नारायण सापकोटा / मतिना शाक्य

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७९ साल जेष्ठ ४ गते रोज ४ शुभम्।

३५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री नहकुल सुवेदी**, *०७४-CI-०७४७, निर्णय बदर हक कायमसमेत, बलराम महर्जन वि. जयराम महर्जन*

जहाँसम्म प्रत्यर्थी प्रतिवादी जयराम महर्जनले आफ्नो हक हिस्साबापत २०४० सालमै पुनरावेदनपत्रमा उल्लिखित रू.११,०००।- लिई प्रतिवादीले अंश छोडपत्र गरेको भन्ने सम्बन्धमा विचार गर्दा, उक्त कागज ऋण लिनका लागि मात्र गरेको देखिन्छ। २०४० सालमा नै अंश हक बुझेको भने पनि यी पुनरावेदक बलराम महर्जन र प्रत्यर्थी जयराम महर्जनसमेत बिच अंश दिलाइपाउँ मुद्दा चली ललितपुर जिल्ला अदालतको मिति २०५१।३।७ को फैसलाले ३ भागको १ भाग अंश पाउने ठहरी अंशबन्डा भएको देखिन्छ। सो फैसलाबमोजिम मिति २०५४।३।२ मा बन्डा मुचुल्का हुँदा बन्डा लाग्ने ठहरेको ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. ९ कि.नं. ४७ को क्षेत्रफल ०-१-१-१ जग्गामा बनेको घरसमेत मालपोत कार्यालय ललितपुरबाट दर्ता उतार झिकाई हेर्दा उक्त कित्तामा बनेको घर बेनिस्साको भनी बेहोरा उल्लेख भई आएकोले उक्त कित्तामा बनेको घरजग्गा कानूनबमोजिम दर्ता प्रमाणित भएपछि फैसलाको आधारमा बन्डा हुने नै हुँदा उक्त घरजग्गा हाललाई अबन्डामा राखिएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। बेनिस्साको भई दर्ता हुन नसकेको विवादित कि.नं. ४७ को घरजग्गा कानूनबमोजिम दर्ता हुनुअगावै आमा सन्तुमाया महर्जनको मिति २०३४।३।१५ मा र पिता नारायण महर्जनको मिति २०६४।११।३ मा मृत्यु भएकोले सो घरजग्गा दर्ता नामसारीका लागि जयनारायण महर्जनले मालपोत कार्यालय, ललितपुरमा कारबाही प्रारम्भ गरेकोमा स्ववासी घर जग्गा दर्ता गर्ने प्रयोजनका लागि गठित समितिको मिति २०६९।२।३१ को सिफारिसबमोजिम नारायण महर्जनको छोराहरू जयराम महर्जन र बलराम महर्जनको नाममा संयुक्त दर्ता नामसारी हुने गरी मालपोत कार्यालयबाट मिति २०६९।३।१७ मा निर्णय भएको देखिने।

जहाँसम्म अपुतालीको धन लिखत भए लिखतबमोजिम लिखत नभए जोसँग बसेको छ उसैलाई अपुताली जानुपर्ने भन्ने बहस जिकिरको सम्बन्धमा विचार गर्दा, पिता नारायण महर्जनले आफ्नो नाति सुरोज महर्जनलाई मिति २०५६।१२।२८ मा गरिदिएको शेषपछिको बकसपत्र (अष्टलोह) मा आफूलाई हेरविचार गरी पालनपोषणसमेत गरी आएको हुँदा उल्लिखित कित्ता जग्गा र घर आज अघि अरू कसैलाई केही गरी नदिएको मेरो हक भोगको जग्गा र घरसमेत शेषपछिको बकसपत्र गरिदिएँ भनी ललितपुर धापाखेल २ख कि.नं. ५४९,

५५२ र हरिसिद्धि ९ कि.नं. ४७५, ४७७ र ४७१ को जग्गाहरू उल्लेख भएको देखिन्छ । सो शेषपछिको बकसपत्रको लिखत गर्दा मिति २०५४।३।२ मा भएको बन्डा मुचुल्काबमोजिम अबन्डा राखिएको कि.नं. ४७ को घरजग्गामा हुने आफ्नो हकसमेत नातिले पाउने भन्ने बेहोरा उल्लेख भएको नपाइने ।

अबन्डा राखिएको कि.नं. ४७ को जग्गाको हकमा पिता नारायण महर्जनले नातिलाई शेषपछिको बकसपत्र गरिदिँदा कि.नं. ४७ को बारेमा केही उल्लेख नभएको, उक्त अबन्डा जग्गा बन्डा हुनुपूर्व नै पिता नारायण महर्जनको मृत्यु भएको देखिन्छ । यसस्थितिमा कुनै अंशियारको मृत्यु भई अंशियार घटेमा मृतकको अंश भाग सबै अंशियार छोराहरूले बराबर पाउने हुन्छ । विवादित कि.नं. ४७ को घरजग्गा अबन्डा रहेको र पिताको मृत्युपश्चात् सो अबन्डा सम्पत्तिमा कायम रहेका अंशियारबिचमा बराबरी भाग लाग्ने गरी पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादी दुवै जनाको नाममा संयुक्त दर्ता हुने गरी फैसला गर्नुपर्नेमा सो नगरी मालपोत कार्यालयको मिति २०६९।३।१७ को निर्णय बदर गरी पुनरावेदक वादीको नाममा ३ भागको २ भाग दर्ता कायमसमेत हुने ठहर गरी सुरू जिल्ला अदालतबाट भएको फैसला मिलेको नदेखिँदा उल्टी गरी मालपोत कार्यालयको मिति २०६९।३।१७ को निर्णयबमोजिम दुबै अंशियार कायम गरी दुई जनाको नाममा संयुक्त दर्ता हुने गरी भएको निर्णय बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याई तत्कालीन पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।११।१६ मा भएको फैसलालाई अन्यथा भएको मान्न मिल्ने देखिएन । त्यसकारण प्रत्यर्थी झिकाई सो फैसला उल्टी गरिपाउँ भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पिता नारायण महर्जनको मृत्युपश्चात् प्रत्यर्थी प्रतिवादी जयराम महर्जनको निवेदनको आधारमा विवादित उक्त घरजग्गा वादी प्रतिवादीको नाममा संयुक्त दर्ता गर्ने गरी मालपोत कार्यालय, ललितपुरबाट मिति २०६९।३।१७ मा भएको निर्णय बदर गरी वादीको नाममा ३ भागको २ भाग दर्ता कायम हुने ठहर गरेको सुरू ललितपुर जिल्ला अदालतको मिति २०७१।२।६ को फैसला मिलेको नदेखिँदा उल्टी भई मालपोत कार्यालय, ललितपुरको मिति २०६९।३।१७ को निर्णयबमोजिम दुई अंशियार कायम गरी दुई जनाको नाममा संयुक्त दर्ता हुने गरी भएको निर्णय बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याई मिति २०७२।११।१६ मा तत्कालीन पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : हिरा डंगोल

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७८ साल फागुन २५ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७४-CI-०७४६, संयुक्त दर्ता फुटाइपाऊँ, बलराम महर्जन वि. जयराम महर्जन भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

**३६**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री नहकुल सुवेदी**, *०७४-CI-०१७१, लेनदेन, वकीलप्रसाद यादव वि. विनोदकुमार*

मिसिल संलग्न मिति २०५८।०७।१० को लिखित हेर्दा ऋणी पुनरावेदक प्रतिवादीहरूको पति/बुवा विद्यानन्द राय यादव र धनी प्रत्यर्थी वादी विनोदकुमार भएको देखिन्छ । वादीले उक्त लिखतबमोजिमको साँवा ब्याज दाबी गरी फिराद दायर गरेको कार्य प्रतिवादीहरूले प्रतिउत्तर फिराउँदा आफ्नो स्वर्गीय पति पिताले कुनै कर्जा नलिएको भन्ने दाबी लिएको र प्रतिवादीको वारेस राजकिशोर साहले

सुरू जिल्ला अदालतमा मिति २०६८।११।२ मा मुलुकी ऐन अ.बं. ७८ नं. बमोजिम बयान गर्दा आफू वारेस भएको कारण सोधी यकिनसाथ छुट्याई बयान गर्ने छु भन्ने बेहोरा उल्लेख गरेको देखिने।

उल्लिखित बयानमा प्रतिवादीले वादी दाबीको तमसुकलाई किर्तेको जिकिर लिएपश्चात् सुरू अदालतबाट मिति २०६८।११।२१ मा उक्त लिखतमा लागेको हस्ताक्षर विधि विज्ञान प्रयोगशालाबाट जाँच गराउन समकालीन लिखत पेस गर्ने भनी आदेश भएकोमा प्रतिवादीले आदेशबमोजिम कागज पेस नगरी प्रतिवादी वारेसले सोही मिति २०६८।११।२१ देखि तारेख गुजारी बसेको देखियो। यसबाट वादी दाबीको तमसुक किर्ते हो भनी प्रतिवादीले लिएको जिकिर लिखत परीक्षण भई स्थापित हुन सकेको अवस्था देखिएन। वस्तुतः कुनै खास कुरा प्रमाणित गर्ने भार त्यस्तो कुराको अस्तित्व अदालतलाई विश्वास दिलाउन चाहने पक्षमा रहन्छ। प्रमाण ऐन, २०३१ को दफा २८ ले समेत वादीले पेस गरेको लिखत प्रतिवादीले किर्ते भनी जिकिर लिएमा त्यस्तो जिकिर प्रमाणित गर्ने भार प्रतिवादीमा नै राखेको देखियो। अपितु प्रस्तुत मुद्दामा प्रतिवादीले अदालतको आदेशबमोजिम आफूले लिएको जिकिर पुष्टि हुने कागज प्रमाण पेस गर्नुपर्नेमा उक्त दायित्वबाट पन्छिएर तारेखसमेत गुजारी बसेको अवस्था देखिन्छ। कानूनबमोजिम आफ्नो दायित्व निर्वाह नगर्ने पक्षलाई अदालतले न्यायको रोहमा सहयोग गर्न सक्ने अवस्था हुँदैन। तसर्थ सुरू अदालतमा नै तारेख गुजारी बसेका प्रतिवादीले हाल आएर उक्त लिखत किर्ते भनी जिकिर लिन पाउने अवस्था नदेखिने।

जहाँसम्म प्रतिवादीको वारेसको घरमा मानिस मरी क्रिया बस्न परेकोले तारेखमा बस्न नसकेको भन्ने जिकिर छ सोतर्फ हेर्दा प्रतिवादीले म्याद थमाउनेतर्फ तत्काल कायम रहेको मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ६२ नं. को म्यादभित्र अड्डामा हाजिर भई तारेख थाम्ने थमाउनेतर्फ उल्लिखित तथ्य पुष्टि हुने मृत्यु दर्ता प्रमाणपत्रलगायतको कुनै कागज प्रमाण संलग्न गरी निवेदन दिई कारबाही चलाएको भन्नेसमेत देखिन आएन। कुनै लिखत प्रमाणबेगर केवल मौखिक भनाइको आधारमा प्रतिवादीका वारेसको घरमा मानिस मरेकोले क्रिया बस्नुपरेकोले तारेख गुजारेको भन्ने प्रतिवादी जिकिर पुष्टि नहुने।

यसबाहेक, प्रस्तुत मुद्दाको बिगो कारबाहीतर्फ स्वयं पुनरावेदक प्रतिवादी सहभागी भई लिलाम मुचुल्का बदरतर्फ निजले लिएको दाबी पुग्न नसक्ने भनी बारा जिल्ला अदालतबाट भएको आदेश उच्च अदालत जनकपुर, अस्थायी इजलास विरगन्जबाट समेत सदर भइसकेको देखिन आएको स्थितिमा पुनरावेदन जिकिरको औचित्यसमेत समाप्त भइसकेको देखिँदा यस अदालतबाट मिति २०७४।५।६ मा मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा लिएका आधारसँग सहमत हुन नसकिने।

बारा जिल्ला अदालत कलैयाबाट मिति ०६९।०१।२० मा भएको फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति ०७०।०६।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हिरा डंगोल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७८ साल पौष १ गते रोज ५ शुभम्।

**३७**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७६-CR-१७६५, कर्तव्य ज्यान, लालसरी बुढामगर वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा प्रतिवादीको कर्तव्यबाट

मृतकको मृत्यु भएको तथ्यमा विवाद रहेको देखिँदैन । प्रतिवादी स्वयम्ले यस अदालतमा गरेको पुनरावेदनमा सो तथ्यलाई स्वीकारै गरेको देखिएको छ । प्रस्तुत मुद्दाका सन्दर्भमा मृतकलाई कर्तव्य गरी मारेको तथ्यमा प्रतिवादीले स्वीकार गर्दा गर्दै पनि प्रस्तुत कसुर अभियोगपत्रमा दाबीमा लिइएजस्तो मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं बमोजिमको कसुर नभई ज्यानसम्बन्धीको महलको १४ नं बमोजिमको कसुर ठहर हुनुपर्ने भन्ने प्रतिवादीको जिकिर रहेको देखिन्छ । यो प्रश्नलाई दृष्टिगत गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं को व्यवस्थालाई हेर्दा ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेन छ, लुकी चोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा ढुङ्गा लात मुक्का इत्यादि हान्दा सोही चोट पीरले ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ भन्ने उल्लेख भएको पाइन्छ । प्रस्तुत वारदातको स्थितिलाई हेर्दा ज्यानै मार्ने पूर्वयोजना रहेको देखिँदैन, लुकी चोरीकन हानेको पनि देखिँदैन, जोखिमी हतियारको प्रयोग गरेको वा विष खुवाएको भन्ने पनि देखिँदैन । मृत्युको कारणमा शव परीक्षण प्रतिवेदनबाट घाँटी थिचेको कारणले मृत्यु भएको भनी उल्लेख भएको देखिएकोमा प्रतिवादीले पनि आफूले मृतकको घाँटी थिचेको तथ्यलाई स्वीकार गरेको देखिँदा सोही चोट पीरले मृत्यु भएको देखिन्छ । यति मात्र तथ्य र प्रमाणलाई हेर्दा प्रतिवादीले पुनरावेदनमा जिकिर लिएजस्तो प्रस्तुत कसुर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिमकै कसुर हो कि भन्नेजस्तो देखिन आउँछ । तर प्रस्तुत वारदातमा यी तथ्यहरूबाहेक अरू पनि तथ्यहरू रहेको देखिन्छ । जस्तो मृतकको लास जाँच मुचुल्का हुँदा घाँटी थिचिएको डाम मात्र रहेको नदेखिई शरीरका विभिन्न भागमा चोट र निलडामहरू पनि देखिएको स्थिति छ । मृतकको शरीरको विभिन्न भागमा कुटपिट गरेको चोटहरू रहेको देखिएको छ । मृतकको शव परीक्षण गर्ने डा. अनिष आचार्यले मृतकको घाँटी, टाउकोको दायाँ भाग, देब्रे हात एवं गालामा बाहिरी चोटपटक रहेको, निजको शरीर चिरफार गरी हेर्दा टाउकाको दायाँ भागमा ६० मि.लि. रगत जम्मा भएको तर टाउको नफुटेको, घाँटीमा केही रगत जम्मा भएको, घाँटीको हड्डी (HYOID) को दायाँ भाग फुटेको, मृतकको घाँटीमा हातको छाप र घाँटीको अघिल्लो भागमा औँलाको छाप रहेको देखिएको भनी बकपत्र गरिदिएको देखिन्छ । मृतक र प्रतिवादीबिच वारदातको दिन मात्र विवाद झगडा परेको नभई पहिलेदेखि नै झगडा हुने गरेको तथ्य मौकामा बुझिएका व्यक्तिहरूको कागज बेहोराबाट देखिन आएको छ । वारदातको यी अवस्थाहरूलाई हेर्दा वारदातको दिन मृतकले गाली गलौज गरेको कारणले तत्काल रिस उठेको अवस्था मात्र नदेखिई पहिल्यैदेखि कुनै न कुनै रूपमा रिस राखेको भन्ने देखिन्छ । वारदातको दिनमा मृतकले गरेको गाली गलौज तत्कालको कारण बनेको देखिए पनि यो वारदात हुनुमा त्यति नै मात्र कारण नभई पहिल्यैदेखि रिस उठिराखेको अवस्था रहेकोमा वारदातको दिनमा भएको गाली गलौजले पहिल्यैदेखिको रिसको मात्रालाई बढाएको र हात हालाहाल कुटपिटको अवस्थामा पुऱ्याएको देखिन आउँछ । यो स्थितिलाई हेर्दा प्रतिवादीले जिकिर लिएजस्तो प्रस्तुत कसुरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं बमोजिमको कसुर मान्न सकिने अवस्था देखिएन । ज्यान मर्ने अरू गैह्रकुरा गरी ज्यान मारेकोमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं बमोजिमको कसुर ठहर्ने व्यवस्था रहेको हुँदा प्रतिवादीले गरेको

प्रस्तुत कसुरलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिमको कसुर ठहराएको सुरू जिल्ला अदालत र उच्च अदालतको फैसला नमिलेको नदेखिने।

प्रतिवादीलाई हुने सजायको हकमा विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं बमोजिमको कसुरमा सर्वस्वसहित जन्मकैदको सजाय हुने व्यवस्था रहेको भए पनि निजले गरेको कसुरको परिस्थिति र ३ जना सन्तानको लालन पालन गर्नुपर्ने दायित्वलाई ध्यानमा राखी निज प्रतिवादीका हकमा सुरू जिल्ला अदालत र उच्च अदालतबाट १० वर्ष कैद गर्न राय व्यक्त भई आएको पाइन्छ । वास्तवमा प्रस्तुत कसुर गर्दाको परिस्थितिलाई विचार गर्दा यी प्रतिवादीको मृतकसँग पहिले पनि झगडा हुने गरेको देखिएको भए पनि ज्यान लिने दिनेसम्मको घाउ चोट लाग्ने गरी कुटपिटको घटना घटेको भन्ने देखिँदैन । वारदातको दिनको परिस्थितिलाई हेर्दा आफ्नो श्रीमान्ले अर्को विवाह गरेको भनी प्रतिवादीले सुनेकोले मानसिक रूपमा तनावमा रहेको, जनकपुरमा रहेका श्रीमान्लाई भेट्न जान एकाबिहानै प्रतिवादीले साथी खोज्दै हिँडेको, जनकपुर जाने साथी खोजेर घर फर्कदा मृतक सासूले छोरासँग नबस् भन्नेलगायतको नानाथरीको गाली गलौज गरेको सुन्दा तत्काल आवेशमा आई कुटपिट गरी घाँटी अँठ्याई धकेलीदिँदा मृतकको मृत्यु भएको देखिन आएको छ। यो स्थितिलाई विचार गर्दा प्रतिवादीले मृतकलाई मार्ने नै भनेर पूर्वयोजना बनाई कुटपिट गरेको वा घाँटी अँठ्याएको भन्ने देखिँदैन। प्रतिवादीले आफूले गरेको कसुर स्वीकार गरी न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको देखिएको छ । निजबाट समाजले थप असुरक्षाको जोखिम बेहोर्नुपर्नेजस्तो पनि केही देखिँदैन। कसुर हुँदाको यी समग्र परिस्थितिलाई ध्यानमा राख्दा प्रतिवादीलाई हदैसम्मको सजाय गर्दा चर्को पर्ने र १० वर्षको कैद गर्दा पनि ऐनको मकसद पूरा हुने भनी १० वर्ष कैद गर्ने गरी सुरू जिल्ला अदालतबाट व्यक्त भई आएको रायलाई सदर गरेको उच्च अदालत तुलसीपुरको मिति २०७६।०९।२८ को फैसलासमेत सदर हुने।

इजलास अधिकृत : नारायणप्रसाद चापागाई/ विकाशकुमार रजक

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७९ साल पौष १२ गते रोज ३ शुभम्।

## इजलास नं.७

### ३८

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७०-CI-०३५४, ०७२-CI-१९३१, अंश चलन, केशरकुमारी श्रेष्ठ (थापा) वि. कालुमाया के.सी. (श्रेष्ठ) समेत, कालुमाया के.सी. (श्रेष्ठ) समेत वि. केशरकुमारी श्रेष्ठ (थापा)*

पुनरावेदक एवम् प्रत्यर्थीहरूका पति/पिता मूल पुरूष देवबहादुर श्रेष्ठकी जेठी श्रीमती चम्पादेवी श्रेष्ठ, माहिँली साबित्री श्रेष्ठ, साहिँली कालुमाया श्रेष्ठ, काहिली स्व. इन्द्रकुमारी श्रेष्ठ, ठाहिँली केशरकुमारी श्रेष्ठ र कान्छी अमृता भन्ने अमृती श्रेष्ठ गरी ६ वटी श्रीमती भई सोमध्ये इन्द्रकुमारी श्रेष्ठ कालगतिले मिति २०६० सालमा परलोक भई जीवित एवं परलोक भएका श्रीमतीहरूको तर्फबाट जायजन्म भएका छोराछोरीहरूमा चम्पादेवीतर्फका किरण श्रेष्ठ र पूर्ण श्रेष्ठ, साबित्रीतर्फका अञ्जना श्रेष्ठ र पुनम श्रेष्ठ, वादी कालुमायातर्फका विश्वकुमार श्रेष्ठ र पूर्णिमा श्रेष्ठ, स्व. इन्द्रकुमारीतर्फका देवेन्द्र श्रेष्ठ, केशरकुमारी श्रेष्ठतर्फका सुमन श्रेष्ठ एवं कान्छी अमृती श्रेष्ठतर्फका इङ्ना श्रेष्ठसमेत गरी मूलरूपमा १५ जना अंशियार रहेको तथ्यमा वादी प्रतिवादीहरूले विमति जनाएको नपाइने।

हाल आएर अंश लिन बाँकी अंशियार को को रहेका छन् ? भन्नेतर्फ हेर्दा, मूल पुरूष देवबहादुर श्रेष्ठकी जेठी श्रीमती चम्पादेवी श्रेष्ठ, माहिली साबित्री श्रेष्ठ, साहिँली कालुमाया श्रेष्ठ, काहिली स्व. इन्द्रकुमारी श्रेष्ठ, ठाहिँली केशरकुमारी श्रेष्ठ र कान्छी अमृता भन्ने अमृती श्रेष्ठ गरी ६ वटी श्रीमती भई सोमध्ये इन्द्रकुमारी श्रेष्ठ कालगतिले मिति २०६० सालमा परलोक भई जीवित एवं परलोक भएका श्रीमतीहरूको तर्फबाट जायजन्म भएका छोराछोरीहरूमा चम्पादेवीतर्फका किरण श्रेष्ठ र पूर्ण श्रेष्ठ, साबित्रीतर्फका अञ्जना श्रेष्ठ र पुनम श्रेष्ठ, वादी कालुमायातर्फका विश्वकुमार श्रेष्ठ र पूर्णिमा श्रेष्ठ, स्व. इन्द्रकुमारीतर्फका देवेन्द्र श्रेष्ठ, केशरकुमारी श्रेष्ठतर्फका सुमन श्रेष्ठ एवं कान्छी अमृती श्रेष्ठतर्फका इङ्ना श्रेष्ठसमेत गरी मूलरूपमा १५ जना अंशियार रहेका देखिन्छन्। जसमध्ये मिति २०५६।०२।१८ मा र.नं. ५८१३ बाट पारित अंश भरपाईको लिखतबाट चम्पादेवी श्रेष्ठ र निजतर्फका सन्तानहरू किरण श्रेष्ठ र पूर्ण श्रेष्ठ अंश लिई छुट्टी भिन्न भएको पाइयो । त्यसैगरी २०६० सालमा परलोक भएकी इन्द्रकुमारी श्रेष्ठ जीवित छँदै निज र निजका छोरा देवेन्द्र श्रेष्ठले र.नं. ७१३८ बाट मिति २०५७।१०।२७ मा पारित अंशबन्डाको लिखतबाट अंश लिएको र सोही लिखतलाई बदर गराई केशरकुमारी र निजकी छोरी सुमनले आफ्नो अंश प्राप्त गरी छुट्टिई भिन्न भइसकेको भन्ने देखिएको अवस्थामा निजहरूका नाममा रहेको सम्पत्ति बन्डा लाग्ने सम्पत्ति हो भनी मान्न नमिल्ने।

बाँकी रहेका अंशियारहरू देवबहादुर र निजका अन्य श्रीमतीहरू साबित्री, कालुमाया, अमृती तथा छोराछोरीहरू विश्वकुमार, अञ्जना, पुनम, पूर्णिमा तथा ईङ्ना गरी ९ जना रहेकोमा यस अदालतबाट मिति २०७६।०६।०५ मा भएको आदेशानुसार प्रस्तुत मुद्दाका पुनरावेदकहरू कालुमाया के.सी. श्रेष्ठ र केशरकुमारी श्रेष्ठ थापाले मिति मिति २०७६।०६।२८ गते कागज गर्दा देवबहादुरकी माइली श्रीमती साबित्रीतर्फका २ छोरीहरू पुनम श्रेष्ठ र अञ्जना श्रेष्ठ तथा कालुमाया के.सी. श्रेष्ठतर्फकी छोरी पूर्णिमा श्रेष्ठको विवाह भइसकेको भनी लेखाएबाट अब अंशबन्डा हुन बाँकी अंशियारहरूमा देवबहादुर श्रेष्ठ, निजका श्रीमतीहरू साबित्री श्रेष्ठ, कालुमाया के.सी. श्रेष्ठ, अमृती श्रेष्ठ, छोरा विश्वकुमार श्रेष्ठ र छोरी इङ्ना श्रेष्ठ गरी मूलरूपमा ६ जना अंशियारहरूका बिचमा अंशबन्डा हुन बाँकी रहेको देखिने।

मिति २०५६।०२।१८ मा र.नं. ५८१३ बाट पारित अंशबन्डाको लिखतबाट चम्पादेवी श्रेष्ठ र निजतर्फका सन्तानहरू किरण श्रेष्ठ र पूर्ण श्रेष्ठ अंश लिई छुट्टी भिन्न भएका, मिति २०५७।१०।२७ मा स्व.ईन्द्रकुमारी श्रेष्ठ (गुरूङ) र देवेन्द्र श्रेष्ठले निज ईन्द्रकुमारी जीवित छँदै अंशबन्डा गरी पति/पिताबाट आफ्नो अंश लिएको तथा सो अंशबन्डाको लिखतलाई बदर गराई पुनरावेदक प्रतिवादीहरू केशरकुमारी श्रेष्ठ थापा र सुमन श्रेष्ठले आफूहरूको अंश भाग लिइसकेकोसमेतका माथि विवेचना गरिएका आधार प्रमाणहरूबाट अंशबन्डा हुन बाँकी अंशियारहरूमा देवबहादुर श्रेष्ठ, निजका अन्य श्रीमतीहरू साबित्री श्रेष्ठ, कालुमाया के.सी. श्रेष्ठ, अमृती श्रेष्ठ (लिम्बु), छोरा विश्वकुमार श्रेष्ठ र छोरी ईङ्ना श्रेष्ठ गरी मूलरुपमा ६ जना अंशियारहरूका बिचमा अंशबन्डा हुन बाँकी रहेको देखिँदा तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६९।०३।२८ मा कुल ९ अंशियार कायम गरी वादीहरू कालुमाया के.सी. श्रेष्ठ, पूर्णिमा श्रेष्ठ र विश्वकुमार श्रष्ठले १/१ भाग अंश पाउने ठहर्‍याएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रत्यर्थी प्रतिवादी देवेन्द्र श्रेष्ठसमेतले सुरू काठमाडौं जिल्ला अदालतमा

पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमध्ये २०६३ सालको दे.नं.१४३६/४८३० को अंशबन्डा लिखत बदर मुद्दामा र.नं. ७१३८ बाट मिति २०५७।१०।२७ मा पारित अंशबन्डाको लिखतमध्ये ४ भागको २ भाग केशरकुमारी श्रेष्ठ थापा र निजकी छोरी सुमन श्रेष्ठको भागको सम्पत्ति र सोही अंशबन्डाको लिखतबाट अलग भएका प्रतिवादी देवेन्द्र श्रेष्ठको भाग अलग गरी बाँकी सम्पत्तिबाट अविवाहित विश्वकुमार श्रेष्ठ र ईङ्ना श्रेष्ठको विवाह खर्च परसारी यी पुनरावेदक वादीहरू कालुमाया के.सी. श्रेष्ठ र विश्वकुमार श्रेष्ठले ६ भागको २ भाग अंश पाउने।

इजलास अधिकृत : दामोदर घिमिरे

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल चैत्र ५ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०७०-CI-०३५५, ०७२-CI-१५४८, फैसला बदर, केशरकुमारी श्रेष्ठ (थापा) वि. कालुमाया के.सी. (श्रेष्ठ) समेत, कालुमाया के.सी. (श्रेष्ठ) समेत वि. केशरकुमारी श्रेष्ठ (थापा)
- ०७०-CI-०३५६, ०७२-CI-१५४९, फैसला बदर, केशरकुमारी श्रेष्ठ (थापा) वि. कालुमाया के.सी. (श्रेष्ठ) समेत, कालुमाया के.सी. (श्रेष्ठ) समेत वि. केशरकुमारी श्रेष्ठ (थापा)

**इजलास नं. ८**

३९

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७१-WO-०२३८, उत्प्रेषण/परमादेश, इन्द्रिदेवी पुन मगर वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

विवादित जग्गा साबिकमा यी रिट निवेदकका पति शोबाराम पुन मगरका नाम दर्तामा रही निजकै भोगचलनमा रहेको जिल्ला दाङ घोराही ८(क) कि.नं. १३५ को ज.वि. ०-११-७१/२ जग्गामा कित्ताकाट भई नयाँ कायम भएका कि.नं. ३०६, ३०७ र ३०८ का जग्गाहरूमध्ये कि.नं. ३०६ को ज.वि. ०-५-३ जग्गा लमही-घोराही-तुल्सीपुर सडक खण्ड बिस्तार गरी पक्की सडक निर्माण गर्ने प्रयोजनका लागि नेपाल सरकारले जग्गा अधिग्रहण गरिएको र नयाँ कायम भएको कित्ता नं. ३०७ को जग्गा निवेदकका पति तथा कान्छी श्रीमतीको मृत्युपश्चात् यी निवेदकको नाममा नामसारी भई निजको नाममा दर्ता स्रेस्ता कायम भएको कुरामा विवाद नदेखिने।

निवेदकको निवेदन दाबीको घोराही ८(क) कि.नं. ३०७ को जग्गालाई नेपाल सरकारको नाममा र निवेदकका पतिका नामको जग्गा दर्ता स्रेस्ताको लगत कट्टा भई नेपाल सरकारको नाममा गएको घोराही ८(क) कि.नं. ३०६ को जग्गा पुनः व्यक्तिका नाममा कायम गर्नका लागि जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ८१ को (७) बमोजिम नेपाल सरकारको स्वीकृति आवश्यक पर्ने साथै जग्गा प्राप्ति ऐन, २०३४ बमोजिमको प्रक्रिया पूरा भएमा मात्र मालपोत कार्यालयले जग्गा फिर्ता गर्ने सम्बन्धमा कारबाही अगाडि बढाउन सक्ने भन्नेसमेत बेहोराको मालपोत कार्यालय दाङले मध्य पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं. २ लाई प.सं. २०७०।०७१ च.नं. १७४२ मिति २०७०।५।१६ मा गरिएको पत्राचारबाट देखिने।

निवेदकको नाममा दर्ता स्रेस्ता कायम रहेको जग्गामा निवेदकको निर्विवाद हक हुने कुरामा विवाद

देखिँदैन । सडक निर्माणको लागि अधिग्रहण गरिएको जग्गामा सीमित रही सरकारले सडक निर्माण गर्नुपर्ने कुरामा समेत विवाद देखिँदैन । अधिग्रहण गरिएको जग्गाबाहेक व्यक्तिको अन्य जग्गामा समेत सडक निर्माण गर्नुपर्ने भए वा गरेको भए जग्गा अधिग्रहण गर्न सक्ने नै देखिन्छ । जग्गा अधिग्रहण गर्ने कार्यविधि जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम गर्न सक्ने कुरा पनि सबैलाई विदित भएकै विषय हो । कानूनी राज्यमा कानूनदेखि बाहेक कुनै कार्य गर्न सकिन्न । सरकार, राज्य वा व्यक्ति सबैले कानूनबमोजिम चल्नुपर्छ भन्ने विषय सबैलाई थाहा भएकै विषय हो । प्रस्तुत निवेदनमा एउटा नागरिकले आफ्नो नामको दर्ता स्रेस्ताभित्रको जग्गा पाउन रिटको सहारा लिएको देखिन्छ । सडक निर्माणसँग सम्बन्धित विभिन्न निकायको लिखित जवाफ हेर्दा निवेदकको जग्गा भुलवश सडक निर्माणको क्रममा परेको भन्ने देखिन्छ । एउटा नागरिकको जग्गा सडकमा परेको हो भने राज्यले निजलाई क्षतिपूर्ति वा सोको सट्टा बाँकी जग्गा नै दिनुपर्नेमा सायद विमति नहोला । राज्यका जिम्मेवार जग्गा प्रशासनसँग सम्बन्धित र सडक निर्माणसँग सम्बन्धित विपक्षी निकायहरूले आफैँले पहल गरी निजलाई जग्गा फिर्ता हुने प्रबन्ध मिलाउनुपर्नेमा यो वा त्यो बहानामा एक अर्कामा पन्छाउनु वा जग्गा फिर्ता गर्न आलटाल गर्नु शोभनीय कुरा होइन । संविधानले सुनिश्चित (ग्यारेन्टी) गरेको नागरिकको सम्पत्तिसम्बन्धी अधिकार राज्यले सुनिश्चित र संरक्षण गर्नुपर्नेमा उल्टै नागरिकलाई प्रताडित गर्नु लज्जास्पद कुरा हो । प्रस्तुत निवेदन मागबमोजिमको कुरा अविलम्ब समाधान गर्नुपर्ने र पीडित निवेदकको माग तत्काल सम्बोधन गर्नुपर्ने देखिएको छ । यसको लागि विपक्षी बनाइएका राज्यका सबै सम्बन्धित निकाय अघि सरी मध्यपश्चिम डिभिजन सडक कार्यालय नं. २ घोराही दाङले समन्वयकारी भूमिका निर्वाह गरी कानूनबमोजिम जे जो गर्नुपर्ने हो गरी निवेदन मागबमोजिम निवेदकको नामको जग्गा निवेदकलाई फिर्ता, सट्टापट्टा वा मनासिब क्षतिपूर्ति जे जो गर्नुपर्छ गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने नै देखिने ।

सडक विस्तार एवं निर्माण गर्न नेपाल सरकारले अधिग्रहण गरी लिएको कि.नं. ३०६ को जग्गामा सडक निर्माण नभई निवेदकको नाममा दर्ता स्रेस्ता कायम रहेको कि.नं. ३०७ को जग्गामा सडक विस्तार एवं निर्माण भएको अवस्थामा सो कि.नं. ३०७ को जग्गाको कानूनबमोजिम उचित एवं मनासिब मुआब्जा दिनु वा कि.नं. ३०६ को जग्गामा सडकले ओगटेको क्षेत्रबाहेक खाली रहेको प्रयोग हुन सक्ने बाँकी जग्गा आवश्यक कानूनी प्रक्रिया पूरा गरी निवेदकका नाममा दर्ता गरिदिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : निरज पोखरेल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल कार्तिक २८ गते रोज २ शुभम् ।

**४०**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७४-CI-०८७८, हक सफा, गोरखबहादुर बुढाथोकीसमेत वि. कृष्णबहादुर सिं राठोर*

साबिक मुलुकी ऐन लेनदेन व्यवहारको महलको ११ नं. मा "कसैले आफ्नो हक पुग्ने अचल बिक्री गरेकोमा, यसै महलको १० नं. बमोजिम साक्षी बस्ने मन्जुरी दिनेबाहेक सो बिक्री भएको सम्पत्ति सन्धिसर्पन परेको निजको ऐनबमोजिमको कुनै हकवालाले निखनी लिन चाहेमा सो किनबेचको लिखत रजिस्ट्रेसन भएको मितिले ६ महिनासम्ममा थाहा पाएको ३५ दिनभित्र निखनी लिन पाउँछ" भन्ने

उल्लेख भएबाट सन्धिसर्पन पर्ने जग्गा नजिकको हकवालाले निखनी लिन पाउने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रत्यर्थी वादी कृष्णबहादुर सिंह राठौरका दाजु शमसेर सिंह राठौर भएको र निज शमसेर सिंह राठौरका छोरा उज्जवल सिंह राठौरका नाउँमा नामसारी दा.खा. भई आएको कि.नं.२०३७ को जग्गा यी वादीका भतिजा उज्जवल सिंह राठौरले प्रतिवादीहरू गोरखबहादुर र लिलाधरलाई बिक्री गरेको देखिँदा यी वादी कृष्णबहादुर राठौर उज्जवल सिंह राठौरको नजिकको हकवाला भएको तथ्यमा विवाद नदेखिने।

बेचिएको विवादित कि.नं. २०३७ को जग्गा यी वादीको सन्धिसर्पन पर्छ वा पर्दैन ? निज प्रतिवादीहरूले उक्त कि.नं. २०३७ को जग्गा वादीलाई निखनी दिएमा प्रतिवादीहरूलाई कुनै हानि नोक्सानी पर्ने हो वा होइन ? निज वादीले उक्त कि.नं.२०३७ को जग्गा निखनी लिन पाउने हक पूर्णरूपमा रहन्छ वा रहदैन ? बिक्री गरिदिएको जग्गा निखनी लिन नपाएमा निजलाई आफ्नो जग्गा उपभोग गर्न आउन जान कठिनाई पर्छ वा पर्दैन ? भन्ने सम्बन्धमा विचार गर्दा, पुनरावेदक प्रतिवादीका बाबु चक्रबहादुर राठौरबाट बन्डापत्र हुँदा, सल्यान कालागाउँ गा.वि.स. वडा नं. ४ कि.नं.२०३८ को क्षेत्रफल ज.रो.५-०-०-० जग्गा प्रत्यर्थी वादीलाई परेको र कि.नं.२०३७ को ज.रो. ५-०-०-० को जग्गा यी वादीका दाजु शमसेर सिंह राठौरलाई परेको देखिन्छ। उक्त दुबै जग्गाको भौगोलिक स्वरूपलाई नियाल्दा अदालतको आदेशबमोजिम भएको नक्सा हेर्नुपर्ने हुन्छ। नक्सामा यी वादीको कि.नं. २०३८ को जग्गादेखि पूर्व कि.नं.५५८ को जग्गा रहेको पश्चिममा नक्सा नं. १८८ को मर्म खोलाको दोभान रहेको छ भने उत्तरमा नक्सा नं. ९ को सानो कुलो रहेको छ, दक्षिणमा विवादित कि.नं. २०३७ को जग्गा रहेको देखिन्छ र उक्त कि.नं.मा सार्वजनिक बाटोसमेत जोडिएको देखिन्छ। यसरी हेर्दा, यी वादीको कि.नं. २०३८ को जग्गाको दक्षिण सिमाना कि.नं.२०३७ सँगै जोडिएको देखिन्छ। यी वादीको कि.नं. २०३८ को जग्गामा जान आउन कुनै बाटो भएको देखिँदैन। सिँचाइ गर्न कुलोसमेत रहेको देखिँदैन। निखनाइपाउँ भन्ने सम्पत्तिको कारणबाट बाटो सिँचाइ, प्रकाश तथा वायुको प्रवाह रोकिन गई दाबी गर्नेको सम्पत्तिको उपभोगमा बाधा पर्न जाने भएमा निखनाइ दिनुपर्छ भन्ने सामान्य मूलभूत कुरा हो। निखन्न माग गरिएको सम्पत्ति नपाउँदा मागकर्ताको सम्पत्ति उपभोग गर्न गम्भीरतम कठिनाई पर्दछ भने निखनाइ दिनुपर्दछ भनी ने.का.प.२०६८, नि.नं.८७०६ पृष्ठ १७६७ मा पुनरावेदक वादी कृष्ण सिल्पकार र प्रत्यर्थी प्रतिवादी मैया चिकंवञ्जार भएको मुद्दा जग्गा निखनाई हक कायम मुद्दामा मिति २०६८।०५।१२ मा यस अदालतबाट फैसला भई सिद्धान्तसमेत प्रतिपादन भएको देखिन्छ । यसरी आफ्नो पिता पुर्खाको पालादेखि भोग गर्दैआएको कि.नं. २०३७ को जग्गा अंशबन्डा हुँदा अन्य अंशियारलाई परेको उक्त जग्गा अंशियार र हकवालाबाहेकका यी प्रतिवादीहरूलाई बिक्री गरेको अवस्थामा उक्त जग्गाको बिक्री मूल्यसमेत दिई उपभोग गर्न पाउने पहिलो अधिकार यी नजिकका हकवाला प्रत्यर्थी वादीलाई नै रहन जाने देखिन्छ । सन्धिसर्पन पर्ने उक्त विवादित कि.नं.२०३७ को जग्गा वादीले नपाएमा यी वादीको आफ्नो कि.नं.२०३८ समेतको जग्गा उपभोग गर्न कठिनाई पर्ने देखिँदा प्रतिवादीहरूबाट उक्त कि.नं. २०३७ को जग्गा प्रत्यर्थी वादीलाई निखनाइ दिनुपर्ने देखिन आयो भनी उच्च अदालत सुर्खेतबाट भएको फैसला मिलेकै देखिन्छ । पुनरावेदक प्रतिवादीले लिएको समग्र पुनरावेदन जिकिरसँग मिसिल संलग्न रहेको जग्गाको नक्साको भौगोलिक अवस्था

र बिक्रीकर्तासँग प्रत्यर्थी वादीको रहेको नाता सम्बन्धसमेतको कारण सहमत हुन सकिएन।

तसर्थ, माथि विवेचित मुद्दाको तथ्य, आधार र कारणहरूबाट समेत प्रत्यर्थी वादीले दाबी लिएको कि.नं. २०३७ को जग्गा निखनाइपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू सल्यान जिल्ला अदालतको मिति २०७१।१२।०८ को फैसला नमिलेकोले उल्टी हुने ठहऱ्याएको उच्च अदालत सुर्खेतको मिति २०७४।०३।०६ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : हरिप्रसाद भट्टराई

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७९ साल पौष ०६ गते रोज ४ शुभम्।

### ४१

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-०६८७, ०७५-CR-०६८८, ज्यान मार्ने उद्योग तथा कुटपिट अङ्गभङ्ग, बासुराम खत्रीसमेत वि. नेपाल सरकार, विकास के.सी. वि. नेपाल सरकार*

पीडितको मौकाको कागज तथा अदालतमा भएको बकपत्र, पीडितको घाजाँच केस फाराम तथा सम्बद्ध डाक्टरको बकपत्रसमेतका उल्लिखित तथ्य र प्रमाणका आधारमा पीडित सिताराम के.सी.को दाहिने गोडाको FIBULA र TIBIA हड्डी भाँच्चिएको तथ्य स्थापित हुन आएको र दाहिने गोडामा १२ से.मि. को घाउ रहेको देखिन्छ । पीडित घाइते सिताराम के.सी.को घाचोटको प्रकृति हेर्दा, दाहिने गोडाको FIBULA हड्डी टुक्राटुक्रा भई भाँच्चिएको र CONTAMINATED OPEN FRACTURE GUSTILLO ANDERSON TYPE 3A भएको र सँगैको TIBIA हड्डी पनि भाँच्चिएको र त्यसको बाहिरको एकलिस टेन्डन पूर्णरूपमा छिनिएको थियो भनी घाइतेको स्वास्थ्य परीक्षण गरी घाजाँच केस फाराम गर्ने डा. बद्री रिजाल र डा. मिलन के.सी.ले बकपत्र गर्दा लेखाइदिएको एवम् पीडितको घाजाँच केस फारामले पनि सो तथ्यलाई पुष्टि गरेको देखिने।

मुलुकी ऐन कुटपिटको महलको २ नं. मा हात खुट्टा वा यिनैको जोर्नी भाँची फोडी फुकाली बेकम्मा पारिदिएमा अङ्गभङ्गको खत हुने ठहर्छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू तीनै जनाको संलग्नतामा तीनै जनाले डोरीले बाँधी लाठी तथा खुकुरी प्रहार गरी निजहरूको कार्यबाट पीडित घाइते सिताराम के.सी. को दाहिने खुट्टाको FIBULA र TIBIA हड्डीहरू टुक्राटुक्रा भई भाँच्चिएको देखिँदा अङ्गभङ्गको खत देखिन आउँछ । यस दृष्टिकोणबाट प्रस्तुत मुद्दामा प्रतिवादीहरूको उक्त कार्य कुटपिटको २ नं. अन्तर्गतको कसुर भएको देखिन आएको तथ्यमा समेत विवाद नदेखिने।

पीडित घाइतेले बकपत्र गर्दा वैशाखीको सहायताले हिड्डुल गर्छु । ट्वाइलेट जाँदा पनि अर्काको सहारा चाहिन्छ। काटेको भागभन्दा तल्लो भाग लाटो भएको छ। म खुट्टा चलाउँदा केही पनि थाहा पाउँदिन । दाहिने खुट्टाको जोर्नीहरू चल्दैन भनी लेखाएको र राष्ट्रिय ट्रमा सेन्टरमा घाइतेको शल्यक्रिया तथा प्लास्टर उपचार गरिएको एवम् डिस्चार्ज हुँदाको अवस्थामा निजको स्वास्थ्य स्थिति सुधारोन्मुख थियो भनी लेखी आएको देखिन्छ। मुलुकी ऐन कुटपिटको महलको ६ नं.मा अङ्गभङ्ग खतमध्ये दृष्टिविहीन बनाएको, महिलाको स्तन काटेको वा महिलालाई बाँझोपन वा पुरूषलाई पुरूषत्वहीन बनाएको खतमा जुनसुकै एक खत गरे पनि सो गर्नेलाई तीन लाख रूपियाँ जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्छ । ती खतहरूबाहेक अङ्गभङ्गको अरू खतमध्ये जुनसुकै एक खत गरे पनि सो गर्नेलाई दुई लाख रूपियाँ जरिवाना

गरी आठ वर्ष कैद गर्नुपर्छ। एउटै किसिमको काम लिने एउटाभन्दा बढी अङ्ग हुनेमा सोमध्ये एउटा अङ्ग मात्र बेकम्मा पारिदिएको भए माथि लेखिएको सजायको आधा सजाय गर्नुपर्छ। सो खत निको भई काम लाग्ने भएमा भने एक लाख रूपियाँ जरिवाना र दुई वर्ष कैद गर्नुपर्छ। यसरी जरिवानाबापत प्राप्त पूरै रकम पीडितलाई घा खर्चबापत दिइने छ भन्ने व्यवस्था रहेको देखिन्छ। प्रस्तुत व्यवस्था अनुसार एउटै किसिमको काम लिने एउटाभन्दा बढी अङ्ग हुनेमा सोमध्ये एउटा अङ्ग मात्र बेकम्मा पारिदिएको भए सो खत निको भई काम लाग्ने भएमा भने एक लाख रूपियाँ जरिवाना र २ वर्ष कैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्था भएकोले घाइतेको स्वास्थ्य स्थिति सुधारोन्मुख भई घाइते वैशाखीको सहाराले हिड्डुल गर्न सक्ने र घाउ निको हुने भए पनि प्राकृतिक रूपमा पहिलेजस्तो काम गर्न नसक्ने भन्ने उल्लेख भएको देखिँदा यी प्रतिवादीहरू तीनै जनाको संलग्नता र मिलेमतोमा प्रतिवादीहरूको घरअगाडि पीडितलाई लाठी र खुकुरी प्रहार गरी निज घाइते सिताराम के.सी. लाई अङ्गभङ्ग हुने गरी कुटपिट गरी, कुटपिटको २ नं. को कसुर गरेकोले ऐ. को ६ नं. बमोजिम जनही २ वर्ष कैद गर्ने गरी भएको सुरू नुवाकोट जिल्ला अदालतको फैसला सदर गरेको हदसम्म उच्च अदालत पाटनबाट मिति २०७३।१२।१ मा भएको फैसला कानूनसम्मत मिलेकै देखिन आयो। तर प्रचलित उक्त कानूनले सो खत निको भई काम लाग्ने भएमा भने एक लाख रूपियाँ जरिवाना र दुई वर्ष कैद गर्नुपर्छ भनी जरिवानाबापत प्राप्त पूरै रकम पीडितलाई घा खर्चबापत दिइने छ भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा प्रतिवादीहरूलाई रू.एक लाख जरिवाना गरी सो जरिवाना रकम घाइते पीडितलाई घा खर्चबापत उपलब्ध गराउनुपर्नेमा सो नगरेको देखिँदा सो हदसम्म उच्च अदालत पाटनको फैसला मिलेको देखिएन। प्रतिवादीमध्येका बलदेब खत्रीको मिति २०७८।०६।१७ मा मृत्यु भएको भनी निजको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीले बहसको क्रममा पेस गरेको मृत्यु दर्ताको प्रमाणपत्रबाट देखिँदा मुलुकी ऐन दण्ड सजायको महलको ३ नं.मा जरिवाना कैद वा विशौंद लागेको मानिस सो असुल नहुँदै मरेमा माफ हुन्छ भनी रहेको कानूनी व्यवस्थाबमोजिम निजको हकमा उक्त सजाय मिन्हा हुने।

तसर्थ, माथि विवेचित मुद्दाको तथ्य, आधार, कारण एवम् कानूनी व्यवस्थासमेतबाट यी प्रतिवादीहरूउपरको ज्यानसम्बन्धी महलको १५ नं. को कसुर पुष्टि भएको नदेखिँदा ऐ. को १५ नं.बमोजिमको दाबी पुग्न नसक्ने र प्रतिवादीहरूलाई कुटपिटको २ नं. को कसुरमा ऐ. को ६ नं. बमोजिम जनही दुई (२) वर्ष कैद हुने ठहरी सुरू नुवाकोट जिल्ला अदालतबाट मिति २०७३।३।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहऱ्याएको उच्च अदालत पाटनबाट मिति २०७३।१२।१ मा भएको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : राजकुमार आचार्य

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल माघ ११ गते रोज ४ शुभम्।